निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७३, वि.सं. २०८३, असोज २२ गते, बिहीवार, ८ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 08 OCTOBER, 2026, THURSDAY, GANGTOK

गोजमुमोद्वारा भव्य रूपमा स्थापना दिवस पालन

पीपीएसमा तराई र डुवर्सका क्षेत्रहरूलाई समावेश गर्नुपर्ने विषय उठाउने छौंः विमल

सम्पूर्ण गोर्खा समुदाय आपसी एकताका साथ अघि बढ्नुपर्छः विष्ट

दार्जीलिङ, ७ अक्टोबरः गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) प्रमुख विमल गुरुङको दाबी विपरीत सिक्किम र पश्चिम बङ्गालका मुख्यमन्त्रीहरू बुधवार पार्टीको स्थापना दिवस समारोहमा उपस्थित भएनन्। सेन्ट जोसेफ स्कूल (नर्थ पोइन्ट)-को मैदानमा आयोजित जनसभालाई सम्बोधन गर्दै गुरुङले भने, ''बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारी आजको कार्यक्रममा उपस्थित हुन सकेनन्। उनी प्रधानमन्त्री नरेन्द्र मोदीको २५ वर्षे नेतृत्वसम्बन्धी कार्यक्रममा भाग लिन गुवाहाटी जानुपर्ने थियो। उनले आज आउन नसकेकोमा दुःख व्यक्त गर्दै अर्कोपटक भेट्ने इच्छासहितको सन्देश पठाएका छन्।''

आजको कार्यक्रममा सिक्किमका मुख्यमन्त्री पीएस गोलेको अनुपस्थितिबारे स्पष्ट नपारेका मोर्चा प्रमुखले थप भने ''अधिकारीहरूले मुख्यमन्त्री पीएस गोलेले कार्यक्रममा उपस्थित हुने सहमति जनाएको बताएका थिए, तर हिजो अबेर राति अन्तिम क्षणमा दार्जीलिङ भ्रमण रद्द गरेको उनीहरूले बताए।''

गुरुङले यस क्षेत्रको समाधानका लागि सरकारद्वारा नियुक्त वार्ताकारसँग पनि कुरा गरे र भोलि उनीसँग भेट्ने बताए। उक्त भेटमा उनीहरूले यस क्षेत्रका लागि योजना गरिएको 'स्थायी राजनीतिक समाधान' (पीपीएस)-मा तराई र डुवर्सका क्षेत्रहरूलाई समावेश गर्ने विषयमा कुरा गर्ने बताए।

उनले प्रधानमन्त्री, गृहमन्त्री र बङ्गालका मुख्यमन्त्रीसमक्ष तराई र डुवर्ससहित यस क्षेत्रका लागि चाँडै समाधान खोजिने आशा पनि व्यक्त गरे। ''हाम्रो पार्टी शुरु हुँदाको विमल गुरुङ म अब रहिनँ। म अहिले फरक भइसकेको छु र यहाँ अशान्ति होइन, शान्ति चाहन्छु। हामीले यस ठाउँका लागि संवैधानिक समाधानतर्फ अघि बढ्नुपर्छ''- उनले भने।

उनले पहाड़, तराई र डुवर्सको उचित समाधानका लागि यस ठाउँका निर्वाचित प्रतिनिधिहरूसँग मिलेर काम गर्नुपर्ने विषयमा जोड़ दिए साथै रोजगारीसम्बन्धी विभिन्न समस्या भोगिरहेका यस क्षेत्रका शिक्षकहरूका लागि एकमुष्ठ समाधान खोज्न विष्ट र बङ्गालका मुख्यमन्त्रीसँग आग्रह गरे।

अर्कोतर्फ, पत्रकारहरूसँग कुरा गर्दै दार्जीलिङका सांसद राजु विष्टले स्थायी राजनीतिक समाधान (पीपीएस)-मा उनीहरूको मुख्य मुद्दाका साथै परम्परा, पहिचान, भाषा र भूमि सुरक्षाजस्ता विषयहरू समावेश हुनुपर्ने कुरामा जोड़ दिए।

''यस विषयमा हालै भएको बैठक (जसमा मुख्यमन्त्री पनि उपस्थित थिए) पछि म निकै सकारात्मक छु। पहिले मलाई जनताको माग र केन्द्र सरकारले दिने कुराबीच केही अन्तर रहेको महसुस भएको थियो, तर अब सरकारले दिने कुरालाई लिएर म निकै सकारात्मक छु''-विष्टले भने।

उनले भने, ''गोजमुमोको जन्म गोर्खा समुदायको पहिचान, सम्मान, अधिकार र आकाङ्क्षाहरूलाई पूर्ति गर्न भएको थियो। यस यात्रामा गोजमुमो अध्यक्ष विमल गुरुङ तथा सम्पूर्ण नेता र कार्यकर्ताहरूले कठिन परिस्थितिहरूको सामना गर्दै पनि आफ्नो विश्वास र सङ्घर्षमा अड़िग रहेर जनाकाङ्क्षाहरूको पूर्तिका लागि निरन्तर गरेको प्रयासको म प्रशंसा गर्दछु।''

➡रहल पृष्ठ ७ मा

प्रधानमन्त्री मोदीले सार्वजनिक सेवामा २५ वर्षा पूरा गरेकोमा मुख्यमन्त्रीले दिए बधाई

फाइल फोटो

गान्तोक, ७ अक्टोबर (हिस)ः मुख्यमन्त्री पीएस गोलेले प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गरेको ऐतिहासिक अवसरमा सिक्किमका जनता तथा राज्य सरकारको तर्फबाट प्रधानमन्त्री मोदीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

मुख्यमन्त्रीले बुधवार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीलाई बधाई दिँदै ७ अक्टोबर, २००१ मा गुजरातको मुख्यमन्त्रीको पद सम्हालेदेखि भारतको प्रधानमन्त्रीसम्मको उनको यात्रा निःस्वार्थ सेवा, सुशासन र राष्ट्र निर्माणप्रतिको अटल प्रतिबद्धताको प्रतिबिम्ब रहेको बताएका छन्।

उनले प्रधानमन्त्री मोदीको २५ वर्षको समर्पित सार्वजनिक सेवाले लाखौं मानिसलाई प्रेरित गरेको तथा 'सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयास' को भावनालाई सुदृढ़ बनाएको उल्लेख गरेका छन्। उनले प्रधानमन्त्री मोदीको 'विकसित भारत' र 'एक भारत, श्रेष्ठ भारत' को परिकल्पनाले निरन्तर राष्ट्रलाई प्रेरित गरिरहेको बताएका छन्।

मुख्यमन्त्री गोलेले समृद्ध विविधता, सम्पदा तथा अपार सम्भावना बोकेको पूर्वोत्तर क्षेत्रको

➡रहल पृष्ठ ७ मा

सांसद सुब्बाद्वारा रिम्बी पैह्रो प्रभावित क्षेत्रको भ्रमण

गेजिङ, ७ अक्टोबर (आईपीआर)ः लोकसभा सांसद इन्द्रहाङ सुब्बाले बुधवार रिम्बीस्थित पैह्रो प्रभावित क्षेत्रको भ्रमण गरी त्यहाँको वस्तुस्थिति बुझ्नुका साथै जारी राहत तथा पुनर्स्थापना कार्यहरूको समीक्षा गरे।

यसअवधि सांसदसँगै भूमि राजस्व तथा आपदा व्यवस्थापन विभागका आयुक्त तथा सचिव एमटी शेर्पा, खन्न तथा भूगर्भ विभागका प्रमुख निर्देशक फिगु छिरिङ भोटिया, एसएसडीएमएका निर्देशक प्रभाकर राई, गेजिङका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङपासहित अन्यको उपस्थिति रहेको थियो।

टोलीले रिम्बीस्थित पैह्रो प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी अवस्थाको जानकारी लियो। यस क्रममा क्षति, प्रभावित भूमि र पुनर्स्थापनाका लागि आवश्यक उपायहरूबारे छलफल गरियो।

जिल्लापाल डेञ्जोङ्पाले राहत शिविर स्थापना र पुनर्स्थापना केन्द्र निर्माणलगायत जिल्ला प्रशासनद्वारा भइरहेका प्रयासहरूबारे टोलीलाई जानकारी गराए।

राहत शिविरमा टोलीले त्यहाँको व्यवस्थापनको समीक्षा गर्नुका साथै आवश्यकताबारे छलफल गऱ्यो। भूमि राजस्व तथा आपदा व्यवस्थापन विभागका अधिकारीहरूद्वारा राहत शिविरमा राहत सामग्रीहरू पनि हस्तान्तरण गरियो। त्यसपछि टोलीले निर्माणाधीन पुनर्स्थापना ➡रहल पृष्ठ ७ मा

सोरेङमा डीएलआईएमसीको समीक्षा बैठक आयोजित

सोरेङ, ७ अक्टोबर (आईपीआर)ः सोरेङस्थित जिल्ला प्रशासनिक केन्द्रमा बुधवार जिल्लास्तरीय कार्यान्वयन तथा अनुगमन समिति (डीएलआईएमसी)-को समीक्षा बैठक आयोजना गरिएको छ।

बैठकमा विभिन्न मुख्य एजेन्डामाथि छलफल गरियो, जसमा अघिल्लो बैठकका निर्णयहरूको कार्यान्वयनको समीक्षा र प्राथमिक कृषि ऋण सहकारी संस्था (प्याक्स)-को कम्प्युटरीकरणको प्रगति समावेश थिए।

बैठकमा १० वटा प्याक्सको पहिलो चरणको प्याक्स कम्प्युटरीकरण कार्यान्वयनको समीक्षा, प्याक्स कम्प्युटरीकरणको दोस्रो चरणका लागि पाँचवटा एमपीसीएसको पुष्टि, सीएसपीसीपी कार्यान्वयन र अनुगमनसम्बन्धी अन्य मुख्य

➡रहल पृष्ठ ७ मा

सुरुङ अनुगमन समितिद्वारा रेशीमा संयुक्त स्थलगत निरीक्षण

सोरेङ, अक्टोबर ७ (आईपीआर)ः भूमि राजस्व तथा आपदा व्यवस्थापन विभागका राहत आयुक्त तथा सचिव मिङ्मा टी शेर्पाको नेतृत्वमा सुरुङ अनुगमन समितिका सदस्यहरूले बुधवार सोरेङको रेशीस्थित रेशी सड़क सुरुङको संयुक्त स्थलगत निरीक्षण गरेका छन्।

निरीक्षणको मुख्य उद्देश्य सुरुङको वर्तमान अवस्थाको मूल्याङ्कन गर्नु, जारी कार्यहरूको समीक्षा गर्नुका साथै सर्वसाधारणको सुविधा र सुरक्षाका लागि आवश्यक सुरक्षा तथा सावधानीका उपायहरूको अवस्था बुझ्नु रहेको थियो।

निरीक्षणका क्रममा राहत आयुक्त तथा सचिव शेर्पाले सुरुङसँग सम्बन्धित विभिन्न प्राविधिक तथा सुरक्षा पक्षबारे सम्बन्धित अधिकारीहरूसँग विस्तृत छलफल गरे। उनले एनएचपीसीद्वारा अपनाइएका सावधानीका उपाय, सुरक्षा मापदण्ड तथा दिशानिर्देशबारे जानकारी लिनुका साथै निर्धारित सुरक्षा मापदण्डको पूर्ण पालना गर्नुपर्नेमा जोड़ दिए। उनले सम्बन्धित निकायलाई सबै आवश्यक प्राविधिक तथा अन्य कागजात आफ्नो कार्यालयमा बुझाउन निर्देशन दिँदै आवश्यक परीक्षण तथा आगामी कारबाहीका लागि प्रक्रिया अघि बढ़ाउन आग्रह गरे साथै सुरुङको नियमित अनुगमन, मूल्याङ्कन तथा समन्वयलाई प्रभावकारी बनाउन एउटा उपसमिति गठन गर्ने प्रस्ताव पनि गरे।

सोरेङका जिल्लापाल धीरज सुवेदीले सुरुङमा बाँकी रहेका विभिन्न कार्यसम्बन्धी विषय उठाउँदै विद्यार्थी, स्थानीय बासिन्दा तथा अन्य सड़क प्रयोगकर्ताको सुरक्षा र सुविधासँग प्रत्यक्ष सम्बन्धित विषयमा ध्यानाकर्षण गराए। उनले विशेषगरी सुरुङभित्रको ढल निकास प्रणालीको उचित निर्माण तथा मरम्मतसम्भार र पैदल यात्रुका लागि सुरक्षित पैदलमार्गको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याए। उनले पैदल यात्रु तथा सवारीसाधनको आवत-जावत सुरक्षित र सहज बनाउन आवश्यक सबै उपाय तत्काल अवलम्बन गर्नुपर्नेमा जोड़ दिए।

रेशी सुरुङ अनुगमन समितिका सदस्यहरूले सुरुङको वर्तमान अवस्थाको विस्तृत मूल्याङ्कन गर्दै एनएचपीसीका अधिकारीहरूबाट यसको संरचनात्मक अवस्था,

➡रहल पृष्ठ ७ मा

भाजपा सिक्किम 'विकसित भारत सङ्कल्प सभा' मा सहभागी

गान्तोक, ७ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा), सिक्किम 'विकसित भारत सङ्कल्प सभा'-मा भर्चुअल रूपमा सहभागी हुँदै प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक सेवा तथा शासन यात्राको २५ वर्ष पूरा भएको अवसरमा आयोजित सम्बोधन सुनेको छ। सिङ्तामस्थित भाजपा सिक्किमको राज्य पार्टी कार्यालयबाट भर्चुअल कार्यक्रममा राज्य अध्यक्ष डीआर थापासहित राज्य पदाधिकारी, पार्टी कार्यकर्ता तथा विभिन्न सङ्गठनात्मक तहका कार्यकर्ताहरू सहभागी भएका थिए।

कार्यक्रमले प्रधानमन्त्री मोदीको २५ वर्षे सेवा, सङ्कल्प र राष्ट्रप्रतिको समर्पणलाई स्मरण गर्ने

➡रहल पृष्ठ ७ मा

१५ अक्टोबरमा दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्र हुने

८ देखि १४ अक्टोबरसम्म ग्रुमिङ सत्र आयोजन गरिने

● देव दर्जी

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै विधायक आदित्य गोले र अन्य।

गान्तोक, ७ अक्टोबरः विद्यार्थीहरूलाई राज्यको भविष्यगामी विषय तथा नीति निर्माणमा आफ्नो धारणा सशक्त रूपमा प्रस्तुत गर्न दह्रिलो मञ्च प्रदान गर्ने मुख्य ध्येय राखेर सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीको विद्यार्थी प्रकोष्ठ र शिक्षा विभागको विद्यार्थी कल्याण बोर्डले आगामी १५ अक्टोबरमा दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्र आयोजना गर्ने भएको छ। सत्रमा विभिन्न सरकारी, निजी, डिग्री, चिकित्सा, अभियान्त्रिकी, नर्सिङलगायतका कलेजबाट २९ भन्दा बढ़ी विद्यार्थीले अंशग्रहण गर्नेछन्। विद्यार्थीहरूलाई विधानसभा

➡रहल पृष्ठ ७ मा

४२औँ गभर्नर्स गोल्ड कपः सिक्किम आक्रमण एफसी क्वार्टरफाइनलमा प्रवेश

● अर्चना तामाङ

गान्तोक, ७ अक्टोबरः ४२औँ अखिल भारत गभर्नर्स गोल्डकप फुटबल प्रतियोगिता-२०२६ अन्तर्गत बुधवार सम्पन्न तेस्रो दिनको खेलमा सिक्किम आक्रमण एफसीले ओडिशा एकादशलाई पेनाल्टी सुटआउटमा ५-३ गोल अन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ।

राजधानी गान्तोकस्थित पाल्जर स्टेडियममा भएको प्रतिस्पर्धात्मक खेलको निर्धारित ९० मिनटमा दुवै टोलीले गोल गर्न नसक्दा खेल गोलरहित बराबरीमा समाप्त भएको थियो। त्यसपछि खेल पेनाल्टी सुटआउटमा पुग्यो। टाइब्रेकरमा आक्रमण एफसीले पाँच गोल गर्न सफल हुँदा ओडिशा एकादशले तीन गोल मात्र गर्न सक्यो।

आक्रमण एफसीका गोलरक्षक निम्डुप लेप्चाले पेनाल्टी सुटआउटमा एक प्रहार बचाउँदै टोलीलाई जीत दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे। उत्कृष्ट खेल प्रदर्शन गरेकोमा आक्रमण एफसीका निम्डुप लेप्चा म्यान अफ् द म्याच घोषित भए।

यससँगै प्रतियोगितामा हालसम्म छः खेल सम्पन्न भएका छन्। आक्रमण एफसीले प्रतियोगितामा आफ्नो दोस्रो खेल खेल्दै दुवै चरण पार गरेको छ भने क्वार्टरफाइनलमा स्थान सुरक्षित बनाएको छ। घरेलु टोलीका रूपमा आक्रमण एफसीको प्रदर्शनलाई समर्थकहरूले उत्साहपूर्वक साथ दिएका थिए।

कार्यक्रममा एसटीसीएसका अध्यक्ष तथा विधायक सामडुप छिरिङ भोटिया मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा सिडिकोका अध्यक्ष सोनाम टाशी भोटिया र एसटीसीएसका प्रबन्ध निर्देशक लोब्जाङ छिरिङ भोटिया विशिष्ट अतिथिका रूपमा उपस्थित रहेका थिए। भोलिको खेल ब्ल्याक ईगल्स र एफसी बनारस-बागपतबीच हुनेछ।

जबसम्म भारत विकसित हुँदैन म न त रोकिनेछु, न थाक्नेछु: प्रधानमन्त्री मोदी

नयाँ दिल्ली, ७ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारतलाई आफ्नो जीवनको प्रमुख लक्ष्य बताउँदै जबसम्म भारत विकसित हुँदैन तबसम्म नरोकिने, नथाक्ने र आफ्नो मार्गबाट विचलित नहुने बताए। भारतीय जनता पार्टी (भाजपा) द्वारा प्रधानमन्त्री मोदीको सार्वजनिक जीवनमा शासन प्रमुखका रूपमा २५ वर्ष पूरा भएको अवसरमा आयोजित 'विकसित भारत सङ्कल्प सभा' लाई सम्बोधन गर्दै उनले २०४७ सम्म विकसित भारतको निर्माण १४० करोड़भन्दा बढी देशवासीले मिलेर गर्ने बताए। मोदीले ७ अक्टोबर, २००१ मा गुजरातका मुख्यमन्त्रीका रूपमा शपथ लिएका थिए र त्यसपछि मुख्यमन्त्री तथा प्रधानमन्त्रीका रूपमा सरकार प्रमुखको भूमिकामा लगातार २५ वर्ष पूरा गरेका छन्। मोदीले भने, ''स्वतन्त्रता प्राप्त गर्न देशवासीहरूले आफ्नो जीवन समर्पित गरेका थिए, अब विकसित भारत निर्माण गर्न देशका लागि बाँच्नुपर्छ।''

उनले भने, ''भारतका अघाड़ि लक्ष्यहरू स्पष्ट छन्, विकसित भारत, आत्मनिर्भर भारत, विश्वका शीर्ष तीन अर्थतन्त्रमा स्थान, गरिबीको उन्मूलन तथा विभिन्न क्षेत्रमा भारतलाई विश्व नेतृत्वको स्थितिमा पुऱ्याउनु।''

प्रधानमन्त्रीले भने, ''देशमा समस्याहरू अवश्य छन्, तर भारतसँग १४० करोड़ समाधान पनि छन्।''

उनले युवालाई देशको ठूलो शक्ति बताउँदै उनीहरूको ऊर्जा र क्षमताले विकसित भारत निर्माणमा निर्णायक भूमिका खेल्ने बताए। उनले भने, ''भारतले साना लक्ष्य लिएर अघि बढ्नु हुँदैन, बरु असाधारण र अभूतपूर्व लक्ष्य निर्धारण गर्नुपर्छ।''

मोदीले भने, ''सरकार प्रमुखका रूपमा २५ वर्षको निरन्तर सेवा जनताको निरन्तर आशीर्वादको परिणाम हो। यी २५ वर्षको जनविश्वास र अनुभव ठूलो पूँजी हो, तर यो पूँजी केवल मोदीको होइन, देशको हो।''

प्रधानमन्त्रीले भने, ''उनका २५ वर्षको मूल्याङ्कन उनी स्वयं कहाँ पुगे भन्ने आधारमा होइन, देश कहाँ पुगेको छ भन्ने आधारमा हुनुपर्छ।'' उनले भने, ''गुजरातमा उनको मन्त्र थियो, गुजरातको विकासबाट देशको विकास होस्, र प्रधानमन्त्रीका रूपमा पनि उनले यही सोचका साथ काम गरेका छन्।'' मोदीले भने, ''देशका लागि निस्वार्थ कर्म नै उनका लागि सबै कुरा हो र कर्म नै उनको धर्म हो। उनका लागि कर्म केवल जिम्मेवारी होइन, देशप्रतिको साधना हो।'' उनले भने, ''फल वा श्रेयको चिन्ता नगरी देशको सेवा गर्नु नै उनको सङ्कल्प रहेको छ। प्रधानमन्त्रीले भने, ''भारतले आगामी समयमा प्रतिभा, प्रविधि, नवप्रवर्तन, खेलकुद, अन्तरिक्ष तथा उत्पादनलगायत विभिन्न क्षेत्रमा विश्वको नेतृत्व गर्न सक्छ। विकसित भारतको लक्ष्य हासिल गर्न सामूहिक प्रयास आवश्यक छ।''

उनले भने, ''राष्ट्र प्रथम मेरो सङ्कल्प हुनेछ, राष्ट्रको समृद्धि मेरो प्राण रहनेछ, राष्ट्रसेवा मेरो लक्ष्य रहनेछ र कर्म मेरो धर्म रहनेछ।'' उनले आफ्नो सङ्कल्प दोहोऱ्याउँदै भने, ''जबसम्म भारत विकसित हुँदैन, तबसम्म म न रोकिनेछु, न थाक्नेछु, न आफ्नो मार्गबाट विचलित हुनेछु।'' मोदीले भने, ''आजको यो दिन केवल सम्झनाका लागि होइन। यो आफ्ना सङ्कल्पहरूलाई नयाँ ऊर्जाले भरिने दिन हो। यो दिन त्यो वाचा दोहोऱ्याउने र त्यो इरादा व्यक्त गर्ने दिन हो, जसले भन्छ, हामी गरेरै छाड्नेछौँ। मेरो अधिकार मेरो कर्ममा छ, त्यसैले म कर्मलाई आफ्नो कर्तव्य मान्छु र प्रत्येक कर्म पूर्ण क्षमतासाथ गर्छु, निरन्तर कर्म गर्छु। कर्म गर, काम रोकिनु हुँदैन, प्रयास रोकिनु हुँदैन। त्यसैले, मेरो लागि कर्म केवल जिम्मेवारी होइन, यो देशप्रतिको मेरो साधना हो। कर्म देशका लागि, कर्म देशवासीका लागि र यसमा भावना यही हो, 'मा फलेषु कदाचन'। फलको चिन्ता छैन, श्रेयको पनि चिन्ता छैन।''

उनले भने, ''देशले अवसर दियो, जनताले विश्वास दिए, परिस्थितिले शिक्षा दियो, जसका कारण मलाई देशवासीहरूको अविरल सेवा गर्ने अवसर प्राप्त भइरहेको छ। आज म जे छु, जहाँ छु, जुन जिम्मेवारीमा छु, त्यसमा सबैभन्दा ठूलो योगदान जनता–जनार्दनको नै छ। मेरा लागि जनता–जनार्दन ईश्वरकै स्वरूप हुन्।लाखौँ–करोडौँ देशवासीहरूको विश्वास र लाखौँ कार्यकर्ताहरूको परिश्रम नै मेरो सबैभन्दा ठूलो शक्ति रहँदै आएको छ।

प्रधानमन्त्रीले भने, ''देशले मलाई धेरै कुरा दिएको छ। त्यसैले देशप्रति मेरो दायित्व पनि सबैभन्दा ठूलो छ। र म हृदयदेखि नै मान्छु कि देशका प्रत्येक नागरिकको ममाथि सबैभन्दा ठूलो अधिकार छ। यी २५ वर्षको जनविश्वास, यी २५ वर्षको अनुभव अत्यन्त ठूलो पूँजी हो र यो पूँजी केवल मोदीको होइन, यो पूँजी देशको हो, माता भारतीका प्रत्येक सन्तान यस पूँजीका अधिकारी हुन्।''

मोदीले भने, ''आज जब म पछाड़ि फर्केर हेर्छु, तब केवल कृतज्ञताको भावना मात्र देखिन्छ। म प्रत्येक त्यो व्यक्ति र प्रत्येक त्यो घटनाप्रति कृतज्ञ छु, जसले मलाई केही न केही सिकाएको छ।''

जसले मलाई जितायो, उसले मलाई विनम्र हुन सिकायो। जसले मलाई गिरायो, उसले मलाई फेरि उठ्न सिकायो। शुभचिन्तकहरूले मलाई प्रोत्साहित गरे र आलोचकहरूले मलाई आफ्नो भित्र हेर्न सिकाए। जसले मेरो साथ दियो, उसले मलाई विश्वासको शक्ति देखायो। जसले मेरो विरोध गऱ्यो, उसले मलाई लोकतन्त्रको शक्ति बुझायो। हरेक सङ्कट मेरो धैर्यको परीक्षा बन्यो, हरेक सफलताले मेरो दायित्व विस्तार गऱ्यो र हरेक उपलब्धिले मलाई अझ ठूला लक्ष्यतर्फ अघि बढ्ने साहस र जाँगर दियो। राजधानीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा आयोजित कार्यक्रममा भाजपा अध्यक्ष नितिन नवीनले प्रधानमन्त्रीको अभिनन्दन गर्दै भने, जसले जनसेवालाई आफ्नो जीवनको ध्येय बनाए, जसका लागि जनसेवा नै राष्ट्रसेवाको मार्ग बन्यो, र जीवनको यही सङ्कल्प लिएर राजनीतिमा सत्तालाई सेवाको माध्यम बनाउँदै राष्ट्रसेवाको मार्गमा निरन्तर अग्रसर रहे, त्यस्ता हाम्रा प्रधानमन्त्रीलाई म हार्दिक अभिनन्दन गर्दछु र बधाई दिन्छु। नितिन नवीनले भने, म प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई उनको सार्वजनिक जीवन तथा सेवा र समर्पणका २५ वर्षको निरन्तर, अटल यात्राका लागि १४० करोड देशवासीहरूको तर्फबाट र भाजपाका लाखौँ–लाख कार्यकर्ताहरूको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु। तपाईंले यी २५ वर्षमा दीपकझैँ आफूलाई जलाएर आफ्नो परिश्रम र समर्पणमार्फत १४० करोड़ देशवासीहरूको जीवनमा विकास, आत्मविश्वास र स्वाभिमानको उज्यालो फैलाउने निरन्तर प्रयास गर्नुभएको छ।

'जनताको विश्वास नै मेरो शक्ति'

: प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक जीवनमा २५ वर्ष पूरा गरेका छन्। सन् २००१–को ७ अक्टोबरमा गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिएका मोदीले बुधवार सरकार प्रमुखका रूपमा आफ्नो यात्राको २५ वर्ष पूरा गरेका हुन्। यस अवसरमा नयाँदिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियममा आयोजित कार्यक्रममा उनले देशभरका भारतीय जनता पार्टी (भाजपा) कार्यकर्तालाई भर्चुअल सम्बोधन गरे। सम्बोधनका क्रममा मोदीले आफ्नो राजनीतिक यात्रामा जनताबाट प्राप्त विश्वासलाई सबैभन्दा ठुलो शक्ति भएको बताए। 'आज म जे छु, त्यसमा सबैभन्दा ठुलो योगदान जनताको छ,' उनले भने, 'करोडौँ मानिसको विश्वास नै मेरो शक्ति रहँदै आएको छ।'

मोदीले आफ्नो यात्राका उतारचढाव सम्झिँदै विरोधबाट लोकतन्त्रको शक्ति, सङ्कटबाट धैर्य र असफलताबाट पुनः उठ्ने प्रेरणा प्राप्त गरेको बताए। उनले विगत २५ वर्षको अनुभवलाई आफ्नो व्यक्तिगत उपलब्धिभन्दा पनि देशको सम्पत्ति भएको उल्लेख गरे। 'म आज पनि आफूलाई विद्यार्थी मान्छु' मोदीले आफ्नो सार्वजनिक जीवनका २५ वर्षलाई जनताको आशीर्वाद र विश्वासको परिणामका रूपमा व्याख्या गरे। उनले भारतीय जनता पार्टी, राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) तथा लोकतन्त्रमा विश्वास गर्ने सबैप्रति आभार व्यक्त गरे।

उनले १४० करोड भारतीय नागरिकको सेवाका लागि आफूलाई थप ऊर्जा र सामर्थ्य प्राप्त होस् भन्दै प्रार्थना गरेको बताए। 'जनता जनार्दन मेरा लागि ईश्वरकै स्वरूप हुन्। देशले मलाई धेरै दिएको छ, त्यसैले देश नै मेरा लागि सबैथोक हो,' उनले भने।

विद्यालय जीवनदेखि नै सिक्ने बानी बसेको बताउँदै उनले आफू अहिले पनि विद्यार्थी नै रहेको बताएका छन्। उनका अनुसार जीवनमा भएका प्रत्येक घटनाले केही न केही सिकाएको छ। असफलताले उठ्न सिकाएको, विरोधले लोकतन्त्र बुझ्न मद्दत गरेको र सङ्कटले धैर्यको परीक्षा लिएको उनको भनाइ थियो। चन्द्रयान अभियानबाट असफलतापछि पुनः प्रयास गर्ने शिक्षा मिलेको र कोरोना महामारीले सामूहिक चेतनाको महत्त्व बुझाएको उनले बताए। गाउँ र गरिब समुदायसँगको अनुभवले सीमित स्रोतसाधनका बाबजुद ठुला सपना देख्न र साहसका साथ अघि बढ्न प्रेरित गरेको पनि उनले उल्लेख गरे।

आफूलाई महत्त्वाकाङ्क्षा पूरा गर्नभन्दा निश्चित लक्ष्य प्राप्त गर्न काम गर्ने व्यक्तिका रूपमा प्रस्तुत गर्दै मोदीले भने, 'म महत्त्वाकाङ्क्षाका लागि होइन, मिसनका लागि बाँच्ने मानिस हुँ।' उनका अनुसार राजनीतिक जीवनको प्रारम्भिक चरणमा उनी सङ्गठनको काममा सक्रिय थिए। चुनाव सञ्चालन गराउने जिम्मेवारी सम्हाले पनि आफूले लामो समयसम्म चुनाव नलडेको उनले स्मरण गरे। 'मेरो जीवनको एउटै ध्येय देशका लागि निःस्वार्थ कर्म गर्नु थियो। कर्म नै मेरो धर्म हो,' उनले भने। भगवद्ज्गीताको सन्दर्भ दिँदै मोदीले परिणामको चिन्ता नगरी निरन्तर कर्म गर्नुपर्ने बताए।

सम्बोधनको प्रमुख सन्देशका रूपमा मोदीले 'वी विल डु इट' अर्थात् 'हामी गरेर देखाउँछौँ' भन्ने नारालाई अघि सारे। उनले विगतका उपलब्धिको चर्चा गर्नुभन्दा आगामी लक्ष्य प्राप्तिका लागि सङ्कल्पलाई नयाँ ऊर्जा दिनु अहिलेको आवश्यकता भएको बताए। प्रधानमन्त्रीका अनुसार सन् २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्यका लागि सामूहिक प्रयास आवश्यक छ। उनले विकसित भारत, विश्वको तेस्रो ठुलो अर्थतन्त्र, आत्मनिर्भर भारत, ओलम्पिक खेलकुद आयोजना र अन्तरिक्ष क्षेत्रमा थप उपलब्धि हासिल गर्ने लक्ष्य प्रस्तुत गर्दै कार्यकर्तालाई 'वी विल डु इट' भन्ने नारा लगाउन आग्रह गरे भने भारतलाई नयाँ उचाइमा पुऱ्याउन सरकार, राजनीतिक संगठन र नागरिकबीच साझा सङ्कल्प हुनुपर्ने बताए।

मोदीले सन् २००१ मा गुजरातको मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्दा प्रशासनिक व्यवस्थाबारे आफूलाई धेरै अनुभव नभएको बताए। त्यसबेला जनशक्तिमाथिको विश्वास नै उनको मुख्य आधार भएको उनको भनाइ थियो। जनतालाई साथ लिएर निर्णय गर्ने, नीति बनाउने र कार्यान्वयन गर्ने अभ्यासले गुजरातमा परिणाम दिएको उनले दाबी गरे। गुजरातमा प्राप्त अनुभवले सन् २०१४ मा प्रधानमन्त्री बनेपछि पनि काम गर्न सहयोग गरेको उनले बताए।

सन् २०१४ मा भारतको अर्थतन्त्र र शासन व्यवस्थालाई लिएर निराशा व्याप्त रहेको दाबी गर्दै मोदीले त्यसबेला देशले नयाँ आशा खोजिरहेको बताए। जनतासँग मिलेर काम गर्ने र सामूहिक प्रयासमा विश्वास गर्ने आफ्नो शैलीले परिस्थितिमा परिवर्तन ल्याएको उनको दाबी थियो। उनले आफ्नो २५ वर्षको यात्राको मूल्याङ्कन आफू कहाँ पुगेँ भन्ने आधारमा नभई देश कहाँ पुग्यो भन्ने आधारमा गर्नुपर्ने बताएका छन्।

मोदीले आफ्नो सम्बोधनमा भारतमा भएका आर्थिक तथा प्राविधिक परिवर्तनको पनि चर्चा गरे। उनले 'मेड इन इन्डिया' मोबाइल फोनको विस्तार, सौर्य ऊर्जाको विकास र कृषि उत्पादनमा भएको प्रगतिलाई उपलब्धिका रूपमा प्रस्तुत गरे।

उनले सन् २०१५ देखि २०२५ सम्मको दशकमा भारतको कृषि वृद्धिदर स्वतन्त्रतापछिका दशकहरूमध्ये सबैभन्दा उच्च रहेको दाबी गरे। यस्ता उपलब्धिका लागि स्पष्ट नीति र सरकारको प्रतिबद्धता आवश्यक हुने उनको भनाइ थियो। सुशासनको आधारका रूपमा 'सबका साथ, सबका विकास' को अवधारणा प्रस्तुत गर्दै उनले समस्या सबै नागरिकको साझा हुने भएकाले समाधान पनि सबैलाई लक्षित गरेर खोज्नुपर्ने बताए। उनले भारतको ऐतिहासिक गौरवको चर्चा गर्दै विगतमा देशले विश्व अर्थतन्त्र र ज्ञानको क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको बताए। उनका अनुसार देशको विकास र नागरिकको जीवनमा आउने सकारात्मक परिवर्तन नै सार्वजनिक जीवनको वास्तविक मूल्याङ्कनको आधार हुनुपर्छ।

आकाशवाणी भवनमा बलजफ्ती प्रवेश गरेको आरोपमा राहुल–प्रियङ्कासहित अन्यविरुद्ध प्राथमिकी दर्ता

नयाँ दिल्ली, ७ अक्टोबर (हिस): मुख्य निर्वाचन आयुक्तविरुद्ध विपक्षी दलहरूले गरेको मार्चका क्रममा आकाशवाणी भवन परिसरमा अनुमति बिना प्रवेश गरेको आरोपमा दिल्ली पुलिसले कङ्ग्रेस नेता राहुल गान्धी, प्रियङ्का गान्धी वाड्रा तथा अन्यविरुद्ध प्राथमिकी दर्ता गरेको छ। अधिकारीहरूले बुधवार यसबारे जानकारी दिएका हुन्। पुलिस अनुसार, आकाशवाणी भवनमा अनुमति बिना प्रवेश गरी धरना दिएको सम्बन्धमा परेको उजुरीका आधारमा प्राथमिकी दर्ता गरिएको हो। मामिलामा थप अनुसन्धान भइरहेको छ।

मङ्गलवार इन्डी गठबन्धनका नेता तथा कार्यकर्ताहरूले संसद भवनबाट निर्वाचन आयोगको मुख्यालयतर्फ मार्च गर्ने प्रयास गरेका थिए। पुलिसले उनीहरूलाई बीचमै रोकेपछि राहुल गान्धी, प्रियङ्का गान्धी तथा केही अन्य नेता आकाशवाणी भवन परिसरमा प्रवेश गरी धरनामा बसे। पुलिस अनुसार, प्रदर्शनकारीहरूलाई परिसरबाट बाहिर जान भनिए पनि उनीहरू त्यहीँ बसेर विरोध गरिरहे। यस क्रममा पुलिसले लगभग २६० जनालाई हिरासतमा लिएको थियो। हिरासतमा लिइनेमा राहुल र प्रियङ्का सहित अन्य सांसद तथा समर्थकहरू पनि थिए। पछि पुलिसले आकाशवाणी भवन परिसरबाट प्रदर्शनकारीहरूलाई हटाएर हिरासतमा लियो।

पुलिस अनुसार, इन्डी गठबन्धनको मार्चका लागि नयाँ दिल्लीका पुलिस उपायुक्त कार्यालयबाट अनुमति लिइएको थिएन र मार्चका लागि अनुमति पनि दिइएको थिएन। त्यसका बाबजुद प्रदर्शनकारीहरूले मङ्गलवार बिहान संसद भवनबाट निर्वाचन आयोगको मुख्यालयतर्फ मार्च शुरु गरे। पुलिसले बाटोमा अवरोधक राखेर उनीहरूलाई रोकेको थियो। विपक्षी दलहरूले विशेष गहन पुनरीक्षण (एसआईआर) तथा निर्वाचन आयोगको कामकारबाहीमा कथित अनियमितताको आरोप लगाउँदै प्रदर्शन गरिरहेका थिए। प्रदर्शनकारीहरूले 'मत चोरी' को मुद्दा उठाउँदै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको माग समेत गरेका थिए। प्राथमिकीमा लगाइएका धाराहरू तथा नामजद आरोपीहरूको विस्तृत विवरण भने हालसम्म सार्वजनिक भएको छैन।

प्रधानमन्त्री मोदी श्री विनायक मन्दिर पुगे

नयाँ दिल्ली, ७ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले सधैँझैँ बुधवार बिहान सामाजिक सञ्जाल 'एक्स' मा सबैभन्दा पहिले सुभाषितमार्फत सेवाको सन्देश दिएका छन्। त्यसको केही समयपछि अर्को पोस्टमा उनी राष्ट्रिय राजधानीस्थित प्रसिद्ध श्री विनायक मन्दिरमा पूजा–अर्चना गर्दै देखिएका छन्। उनले गणेशजीसँग देशको कल्याणको कामना गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले लेखेका छन्, आज नयाँ दिल्लीस्थित श्री विनायक मन्दिरमा पूजा–अर्चना गरेँ। भगवान श्री गणेशसँग देशभरिका आफ्ना परिवारजनको सुख–समृद्धि र उत्तम स्वास्थ्यको कामना गरेँ। विघ्नहर्ताको कृपाले सबैको कल्याण होस् र देश निरन्तर प्रगतिको मार्गमा अघि बढ़िरहोस्।यसअघि उनले 'एक्स'मै सुभाषितका रूपमा यो श्लोक पोस्ट गरेका थिए– 'नित्यं परिचरेच्चैव तद्वै सुकृतमुत्तमम्। कीर्तिं पुण्यं यशो लोकान् प्राप्स्यसे राजसत्तम।' वाल्मीकि रामायणको अयोध्याकाण्ड (सर्ग २४, श्लोक ३२) बाट लिइएको यस श्लोकमार्फत प्रधानमन्त्रीले सेवाको सन्देश दिएका छन्। यस श्लोकको अर्थ हो, व्यक्तिले आफूभित्र सधैँ सेवाभाव राख्नुपर्छ, किनभने सेवामा निष्ठापूर्वक लागिरहनु नै संसारको श्रेष्ठ पुण्य कर्म हो।

राहुल गान्धीका हरेक झुटलाई निर्वाचन आयोगले पर्दाफास गऱ्यो: अमरपाल मौर्य

नयाँ दिल्ली, ७ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) अन्य पछौटे वर्ग मोर्चाका राष्ट्रिय अध्यक्ष अमरपाल मौर्यले कङ्ग्रेस नेता राहुल गान्धीले निर्वाचन आयोगसँग सम्बन्धित लगाएका आरोपमाथि प्रश्न उठाएका छन्। उनले सामाजिक सञ्जाल 'एक्स' मा राहुल गान्धीले निर्वाचन आयोगमाथि एकपछि अर्को आरोप लगाए पनि आयोगले उनका दाबीको वास्तविकता जनतासामु प्रस्तुत गरेको बताएका छन्।

मौर्यले राहुल गान्धीको पहिलो दाबी मुख्य निर्वाचन आयुक्तले एक्लै निर्णय लिने गरेको रहेको बताए। यसको जवाफमा उनले निर्वाचन आयोगको भनाइ उद्धृत गर्दै तीनै जना निर्वाचन आयुक्तले आयोगमा निर्णयहरू सामूहिक रूपमा लिइने स्पष्ट पारेको बताएका छन्। उनले राहुल गान्धीको दोस्रो दाबीमाथि पनि प्रश्न उठाए। मौर्यका अनुसार, राहुल गान्धीले दिनभर आफूलाई निर्वाचन आयोगसँग भेट गर्न नदिइएको बताइरहेका थिए, जबकि आयोगले कङ्ग्रेस वा विपक्षी गठबन्धनको तर्फबाट भेटका लागि कुनै औपचारिक अनुरोध प्राप्त नभएको स्पष्ट पारेको थियो। अमरपाल मौर्यले तेस्रो दाबीको उल्लेख गर्दै साँझ करिब ४ बजी पुलिस उपायुक्त (डीसीपी) मार्फत निर्वाचन आयोगलाई राहुल गान्धीले भेट्न चाहेको जानकारी प्राप्त भएको बताए। उनले निर्धारित प्रक्रियाअनुसार आयोग प्रतिनिधिमार्फत भेट गर्न तत्काल तयार रहेको भए पनि राहुल गान्धी उक्त प्रक्रियाअनुसार भेट गर्न तयार नभएको दाबी गरे। मौर्यले निर्वाचन आयोगले तथ्यहरू स्पष्ट गरिसकेपछि अब राहुल गान्धी र कङ्ग्रेस कुन नयाँ दाबी लिएर अघाड़ि आउनेछन् भन्ने प्रश्न उठाए।

जम्मू–कश्मीरलाई राज्यको दर्जा बहाल गर्ने मागमा कङ्ग्रेसको प्रदर्शन

जम्मू, ७ अक्टोबर (हिस): कङ्ग्रेसले कथित ''भोट चोरी'' एवं जम्मू–कश्मीरलाई पूर्ण राज्यको दर्जा बहाल गर्ने मागमा विरोध प्रदर्शन गऱ्यो। पार्टीका नेता र कार्यकर्ताहरूले प्रदर्शनमा भाग लिएर आफ्ना मागहरूको समर्थनमा नारा लगाए। कङ्ग्रेस नेताहरूले चुनावी प्रक्रिया तथा मतदाता सूचीसित सम्बन्धित मुद्दाहरू उठाउँदै कथित अनियमितताहरूमाथि प्रश्न उठाए। उनीहरूले माग गरे, चुनाउ प्रक्रियामा पूर्ण पारदर्शिता सुनिश्चित गरियोस् अनि पात्र मतदाताहरूको अधिकारको रक्षा गरियोस्।विरोध प्रदर्शनमा कङ्ग्रेस नेताहरूले जम्मू–कश्मीरलाई पूर्ण राज्यको दर्जा बहाल गर्ने माग पनि प्रमुखताले उठाए। नेताहरूले भने, ''पार्टीले यस मुद्दालाई निरन्तर उठाउँदै आएको छ भने राज्यको दर्जा बहाल नहुञ्जेलसम्म उठाइरहनेछ। कङ्ग्रेस नेताहरूले भने, मतदाताहरूको अधिकार एवं जम्मू–कश्मीरलाई राज्यको दर्जासँग सम्बन्धित मुद्दाहरूमा पार्टीले आउँदो दिनहरूमा आफ्नो लोकतान्त्रिक विरोधलाई जारी राख्नेछ।

अमित शाहलगायत अन्य नेताले प्रधानमन्त्रीलाई दिए बधाई

नयाँ दिल्ली, ७ अक्टोबर (हिस): केन्द्रिय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाह र सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई जनसेवामा २५ वर्ष पूरा गरेको अवसरमा बधाई दिएका छन्। शाहले गुजरातको मुख्यमन्त्रीदेखि भारतको प्रधानमन्त्रीसम्मको मोदीको यात्रालाई स्मरण गर्दै उनको शासन तथा विकाससम्बन्धी कार्यहरूमा जोड दिएका छन्। गृहमन्त्री शाहले आज सामाजिक सञ्जाल 'एक्स' मा लेखेका छन्, शानदार प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीलाई सेवा र समर्पणका २५ वर्ष पूरा गरेकोमा हृदयदेखि बधाई। यो यात्रा अथक मेहनत, दृढ सङ्कल्प र देशलाई सर्वोच्च प्राथमिकतामा राख्ने जीवन लक्ष्यले भरिएको छ।

यही दिन ७ अक्टोबर, २००१ मा मोदीजीले गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिनुभएको थियो। त्यसयता मुख्यमन्त्री र प्रधानमन्त्रीका रूपमा सेवा, सङ्घर्ष तथा समर्पणको उहाँको निरन्तर यात्रा गरिबहरूको कल्याण, महिलाको सशक्तीकरण, युवाको प्रगति तथा समाजका हरेक वर्गको समृद्धिको पर्याय बनेको छ। उनले लेखेका छन्, सेवाका २५ वर्षमा मोदीजीले जनकेन्द्रित नीति, त्यसको उचित कार्यान्वयन, निर्णय लिन सक्ने दृढता, पारदर्शिता तथा परिणामको सुनिश्चिततामार्फत शासनको परिभाषा नै परिवर्तन गर्नुभएको छ। साथै उहाँले 'कामको राजनीति' को आदर्श पनि स्थापित गर्नुभएको छ। गुजरातको मुख्यमन्त्रीका रूपमा प्रधानमन्त्री मोदीको कार्यकाललाई स्मरण गर्दै शाहले भूकम्पबाट ध्वस्त कच्छको पुनर्निर्माण गरेको, ज्योतिग्राम योजनामार्फत विद्युत् आपूर्ति बढाएको तथा सौर्य ऊर्जाको पहल र भाइब्रेन्ट गुजरातमार्फत लगानी तथा उद्योगलाई प्रोत्साहन गरेको बताएका छन्। उनले कृषिमा ८ प्रतिशतभन्दा बढ़ीको विकास दर हासिल गरिएको पनि उल्लेख गरे। मोदी प्रधानमन्त्री बनेपछि शासनको यही दृष्टिकोणलाई राष्ट्रिय स्तरमा थप विस्तार गरिएको शाहले बताएका छन्। शाहले लेखेका छन्, प्रधानमन्त्रीका रूपमा यही दृष्टिकोणलाई अझ अघाड़ि बढाइयो। अन्तरिक्षदेखि समुद्रसम्म र विश्व मञ्चदेखि आन्तरिक सुरक्षासम्म भारतले नयाँ उपलब्धि हासिल गरेको छ। जनताको जीवनमा पनि ठूलो परिवर्तन आएको छ। २५ करोड़ मानिस गरिबीको रेखाबाट बाहिर आएका छन्। लाखौँ परिवारले पक्की घर, ५ लाख रुपियाँसम्मको स्वास्थ्य बीमा सुविधा, उज्ज्वला ग्यास जडान तथा हरेक घरमा धाराबाट पानीको सुविधा प्राप्त गरेका छन्। उनले भनेका छन्, ''आज श्री मोदीजीको नेतृत्वमा भारत तीव्र गतिमा बढिरहेको अर्थतन्त्रसँगै उत्पादन, डिजिटल भुक्तानी, नयाँ उद्यम, अर्धचालक, रक्षा उत्पादन तथा नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा नयाँ उचाइ हासिल गरिरहेको छ। युद्ध र अस्थिरताको यस समयमा भारत शान्ति तथा सद्भावका लागि महत्त्वपूर्ण विश्वव्यापी आवाजका रूपमा अघि आएको छ। श्री मोदीजीले करोडौँ देशवासीमा आत्मविश्वास जगाउनुभएको छ। 'विकसित भारत' को मन्त्र दिनुभएको छ र सन् २०४७ सम्म भारतलाई हरेक क्षेत्रमा नेतृत्वदायी राष्ट्र बनाउने सङ्कल्प गराउनुभएको छ। उहाँको नेतृत्वमा सेवाका कार्यमा सहभागी बन्न पाउनु हामी सबैका लागि सौभाग्य र गर्वको विषय हो।

CHANGE OF NAME

I, **Pema Tsomo**, d/o Phurba Dorjee Bhutia, resident of Swastik, Burtuk, Gangtok District, Sikkim do hereby declare that I have changed my name from **Pema Tsomo to Pema Tsomo Bhutia** and henceforth I shall be known as **Pema Tsomo Bhutia** in all-purpose, vide affidavit no. **A 526203** sworn before the Sub-Divisional Magistrate at Gangtok District, Sikkim on **7th day of October 2026**. **Pema Tsomo Bhutia** and **Pema Tsomo** both are same and one identical person.

CHANGE OF NAME

I, **Prashant Chettri**, s/o Pradeep Chettri, resident of Majhigaon, East ME, near Little Angle School, Jorethang, Namchi District, Sikkim do hereby declare that I have changed my name from **Prashant Chettri** to **Prasant Chettri** and henceforth I shall be known as **Prasant Chettri** in all-purpose, vide affidavit no. A 528799 sworn before the Sub- Divisional Magistrate at **Namchi District, Sikkim** on **3rd day of October 2026**. **Prasant Chettri** and **Prashant Chettri** both are same and one identical person.

निर्वाचन आयोगविरुद्ध १० अक्टोबरमा दिल्लीमा आन्दोलन गर्ने सीजेपीको घोषणा

नयाँ दिल्ली, ७ अक्टोबरः युवा राजनीतिक समूह कक्रोज जनता पार्टी (सीजेपी) ले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले राजीनामा नदिए अक्टोबर १० मा राजधानी नयाँ दिल्लीस्थित जन्तरमन्तरमा प्रदर्शन गर्ने घोषणा गरेको छ। पार्टीले मतदाता नामावली संशोधन प्रक्रियामा अनियमितता भएको आरोप लगाउँदै निर्वाचन आयोगको काम कारबाहीमाथि प्रश्न उठाएको छ। सीजेपीका राष्ट्रिय संयोजक अभिजित दिप्केले देशभरका समर्थकलाई दिल्लीमा भेला भएर शान्तिपूर्ण प्रदर्शनमा सहभागी हुन आह्वान गरेका छन् । उनले निर्वाचनमा निष्पक्षता र पारदर्शिता कायम गर्नुपर्ने भन्दै मुख्य निर्वाचन आयुक्तको राजीनामा आफ्नो प्रमुख माग भएको बताएका छन्।

दिप्केका अनुसार ज्ञानेश कुमारले पदबाट राजीनामा नदिए देशका विभिन्न भागबाट समर्थकहरू दिल्ली पुग्नेछन्। पुलिसले प्रदर्शन रोक्ने प्रयास गरे जहाँ रोक्छ, त्यही ठाउँलाई प्रदर्शनस्थल बनाउने चेतावनी समेत उनले दिएका छन्। उनले महात्मा गान्धीको अहिंसात्मक आन्दोलनको बाटो अपनाउने बताएका छन्।

भारतको निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक गर्न विशेष सघन पुनरावलोकन (स्पेसल इन्टेन्सिभ रिभिजन–एसआईआर) प्रक्रिया अघि बढाएको छ। आयोगका अनुसार यस प्रक्रियाको उद्देश्य दोहोरो नाम, मृत्यु भएका व्यक्ति तथा मतदाता बन्न अयोग्य व्यक्तिका नाम हटाउनु र योग्य मतदाताको विवरण अद्यावधिक गर्नु हो। तर, विपक्षी दल तथा आन्दोलनकारीहरूले यस प्रक्रियाबाट ठुलो सङ्ख्यामा योग्य मतदाताको नाम हटाइएको र यसले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)लाई चुनावी लाभ पुऱ्याउन सक्ने आरोप लगाएका छन्। निर्वाचन आयोग र सरकारले भने अनियमितताको आरोप अस्वीकार गर्दै आएका छन्।

भारतीय सञ्चारमाध्यम इन्डियन एक्सप्रेसले निर्वाचन आयोगका तीन आयुक्तमध्ये दुई जनाले मतदाता नामावली संशोधन, दर्ता प्रक्रिया र आयोगको डिजिटल प्रणालीसम्बन्धी निर्णयमा पटक पटक आपत्ति जनाएको रिपोर्ट प्रकाशित गरेपछि विवाद थप चर्किएको हो। निर्वाचन आयोगले भने आन्तरिक छलफलमा फरक मत आउनु सामान्य भएको बताएको छ। सीजेपीले एसआईआर प्रक्रिया तत्काल रोक्न, सन् २०२५ जनवरीको मतदाता नामावली पुनः लागू गर्न र निर्वाचन आयुक्त नियुक्ति सम्बन्धी सन् २०२३ को कानुन खारेज गर्न पनि माग गरेको छ। उसले नागरिक समाजको सहभागिता सहित पारदर्शी नियुक्ति प्रक्रिया बनाउनुपर्ने बताएको छ।

गत २ अक्टोबरमा मुम्बईको शिवाजी पार्कमा सीजेपीले निर्वाचन आयुक्तको राजीनामा माग्दै प्रदर्शन गरेको थियो। सोही दिन दिल्लीमा जन्तरमन्तरतर्फ जान खोजेका आम आदमी पार्टीका नेता, वामपन्थी विद्यार्थी सङ्गठन तथा नागरिक समाजका सदस्यलाई पुलिसले रोकेको थियो।

विभिन्न सञ्चारमाध्यमका अनुसार दिल्लीमा ५०० भन्दा बढी प्रदर्शनकारीलाई नियन्त्रणमा लिइएको थियो। सीजेपीले यसअघि परीक्षा प्रश्न पत्र चुहावटविरुद्ध भएको विद्यार्थी आन्दोलनबाट राष्ट्रिय चर्चा पाएको थियो।

उक्त आन्दोलनपछि तत्कालीन केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएका थिए। अहिले यो समूहले बेरोजगारी र शिक्षा क्षेत्रका मुद्दासँगै निर्वाचन प्रणालीको पारदर्शिता तथा सरकारी जबाफदेहितालाई पनि आफ्नो अभियानको विषय बनाएको छ।

नरेन्द्र मोदी स्टेडियमलाई बमले उडाउने धम्की

अहमदाबाद, ७ अक्टोबरः गुजरातस्थित अहमदाबादमा चर्चित पञ्जाबी गायक तथा अभिनेता दिलजीत दोसाँझको कन्सर्टअघि नरेन्द्र मोदी स्टेडियमसहित पाँचभन्दा बढी विद्यालयमा बम विस्फोट गराउने धम्की आएको छ। सञ्चारमाध्यम अनुसार बुधवार बिहान ११:११ बजे धम्कीपूर्ण इमेलहरू प्राप्त भएका थिए। इमेलमा 'बोलेगा खालिस्तान' र 'खालिस्तान जिन्दाबाद' जस्ता नारा प्रयोग गरिएको थियो। इमेल पठाउने व्यक्तिले आफूलाई खालिस्तान समर्थक नामबाट परिचित गराएको बताइएको छ। धम्की दिनेहरूले अभिभावकलाई सम्बोधन गर्दै आफ्ना बालबालिकालाई दोसाँझको आगामी कन्सर्टमा सहभागी हुन नपठाउन आग्रह गरेका थिए। इमेलमा अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा नोभेम्बर २१ मा हुने कन्सर्ट र दिल्लीको जवाहरलाल नेहरू स्टेडियममा १ नोभेम्बरमा हुने कार्यक्रमको समेत उल्लेख गरिएको छ। धम्कीपछि अहमदाबादका विभिन्न विद्यालयमा सुरक्षा सतर्कता बढाइएको छ। प्रभावित विद्यालयमा एशिया स्कुल, बोडकदेव स्कुल फर चिल्ड्रेन, एसजीभीपी स्कुल, भेजलपुरस्थित जायडस स्कुल र सन्त कबिर स्कुल रहेका छन्।

विद्यालय प्रशासनले तत्काल स्थानीय अधिकारीलाई जानकारी गराएपछि बम डिस्पोजल तथा बम पत्ता लगाउने टोली र सुरक्षाकर्मीलाई परिचालन गरिएको थियो। सम्भावित जोखिमलाई ध्यानमा राख्दै विद्यालय परिसरको सुरक्षा जाँच शुरु गरिएको छ। अहमदाबादका जिल्ला शिक्षा अधिकारीले प्रभावित सबै विद्यालयको तत्काल भौतिक निरीक्षण गर्न निर्देशन दिएका छन्। आवश्यक देखिएमा विद्यार्थीलाई सुरक्षित स्थानमा सार्न पनि विद्यालय प्रशासनलाई भनिएको छ।

पुलिस र साइबर अपराध अनुसन्धान टोलीले धम्कीपूर्ण इमेलको डिजिटल स्रोत पत्ता लगाउने प्रयास गरिरहेका छन्। अधिकारीहरूले इमेल वास्तविक जोखिमसँग सम्बन्धित छ कि छैन भन्नेबारे अनुसन्धान भइरहेको बताएका छन्। दोसाँझको बहु–शहर कन्सर्ट भ्रमणमा दिल्ली, इन्दौर, अहमदाबाद, मुम्बई, बेंगलुरु, लखनउ र चण्डीगढलगायत सहरमा ठुलो संख्यामा दर्शक सहभागी हुने अपेक्षा गरिएको छ। धम्कीपछि प्रहरीले कन्सर्ट आयोजना हुने प्रमुख स्थानहरूमा सुरक्षा व्यवस्था थप कडा बनाएको छ। पुलिसले घटनाको अनुसन्धान जारी रहेको जनाउँदै सर्वसाधारणलाई शान्त रहन तथा आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

मुख्यमन्त्री शुभेन्दुले नन्दीग्राममा रेकर्ड जीत हुने दाबी गरे

कोलकाता, ७ अक्टोबर (हिस)ः पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले नन्दीग्राम र रेजिनगर विधानसभा सीटको उपचुनाउमा भाजपाको जीत हुने दाबी गरेका छन्। उनले भने, नन्दीग्राममा भाजपा उम्मेदवारले रेकर्ड अन्तरले जित्नेछन् भने रेजिनगरमा पार्टी उम्मेदवारको जीतको अन्तर २५ देखि ३० हजार भोट हुनेछ। मतदान अवधि नन्दीग्राममा लगभग ७० प्रतिशत मतदान भएपछि मुख्यमन्त्री शुभेन्दु अधिकारीले भने, ''म त चुनाउअघि नै गन्ध थाहा पाउँछु।। उनले दाबी गरे, नन्दीग्राममा अहिलेसम्म भएको मतदानको आधारमा भाजपाले ५० हजारभन्दा अधिक मतको अग्रतालाई पार गरिसकेको छ। शुभेन्दु अधिकारीले भने, ''नन्दीग्राममा भाजपा उम्मेदवारको जीत हुने दाबी उनले पहिला नै गरिसकेका छन्। पछिल्लो वर्ष २०१६– मा नन्दीग्रामबाट ८२ हजार मतले आफ्नो जीत भएको उल्लेख गर्दै उनले विश्वास व्यक्त गरे, यस पटक यो रेकर्ड पनि तोडिनेछ। जनताले फेरि प्रधानमन्त्री नरेन्द्र मोदी र राज्य सरकारमाथि भरोसा देखाउनेछन्। गए मङ्गलवार राती पनि मुख्यमन्त्रीले रेजिनगरमा भाजपाको जीत हुने दाबी गर्दै भनेका थिए, यस सीटमा भाजपालाई २५ हजारदेखि ३० हजार मतको अग्रता हासिल हुनेछ। रेजिनगरमा अल्पसङ्ख्यक मतदाताहरूको ठूलो सङ्ख्यालाई ध्यानमा राख्दै पार्टीभित्र पनि भाजपाको जितलाई लिएर चर्चा भएको थियो। अर्कातिर प्रदेश भाजपाका अध्यक्ष शमिक भट्टाचार्यले पनि नन्दीग्राममा ठूलो जीत हासिल हुने दाबी गरेका छन्। जलपाईगढ़ीमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले भने, नन्दीग्राममा पछिल्लो पटकको तुलनामा यस पटक जीतको अन्तर पाँच गुणा बढ़ी हुनेछ। शमिक भट्टाचार्यले भने, रेजिनगरमा भाजपाको जीत हुने कुरामा धेरैजना मानिसहरूले विश्वस्त गरेकै छैनन्। उनले दाबी गरे, अल्पसङ्ख्यक समुदायका केही व्यक्तिहरू पनि भाजपाको साथमा छन् जसको मुद्दा कारखाना एवं रोजगारी रहेको छ। तथापि विपक्षी दलहरूले नन्दीग्राममा मतदानको क्रममा गडबड़ी अनि बूथ कब्जा गरेको आरोप लगाएका छन् भने भाजपाले मतदानलाई शान्तिपूर्ण बताएको छ। दुवै विधानसभा सीटको उपचुनाउको नतिजा आगामी ९ अक्टोबरमा घोषणा हुनेछ।

आशुतोष दीक्षितले सम्हाल्नेछन् भारतीय वायुसेनाको कमान, रक्षामन्त्री सिंहसँग भेट

नयाँ दिल्ली, ७ अक्टोबरः भारतीय वायुसेनाले चाँडै नयाँ नेतृत्व पाउने भएको छ। एयर मार्शल आशुतोष दीक्षितले ३१ अक्टोबर २०२६ मा भारतीय वायुसेनाको २९औँ प्रमुखका रूपमा कमान सम्हाल्नेछन्। करिब चार दशक लामो सैन्य अनुभव, हजारौँ घण्टाको उडान तथा लडाकु विमानदेखि रणनीतिक कमानसम्मको अनुभव बोकेका दीक्षितले यस्तो समयमा वायुसेनाको जिम्मेवारी सम्हाल्न लागेका छन्, जतिबेला भारतको हवाई शक्तिलाई नयाँ उचाइमा पुऱ्याउने ठूलो चुनौती रहेको छ। आशुतोष दीक्षितको सबैभन्दा ठूलो विशेषता उनको लामो र विविध युद्धक अनुभव हो। सन् १९८६ मा लडाकु विमान धारामा प्रवेश गरेका दीक्षितसँग करिब चार दशकको सेवाको अनुभव छ। उनले तीन हजार पाँच सय घण्टाभन्दा बढी उडान भरिसकेका छन् र मिराज–२०००, मिग श्रेणीका विमान, जगुआर र तेजसलगायत विभिन्न विमान उडाइसकेका छन्। उनी प्रायोगिक परीक्षण पाइलट र प्रशिक्षित उडान प्रशिक्षकसमेत रहिसकेका छन्। अर्थात्, उनका लागि युद्धक विमान केवल हतियार नभई युद्धको समग्र रणनीतिको हिस्सा हुन्।

उनको सेवायात्राको अर्को महत्वपूर्ण पक्ष मैदानदेखि रणनीतिक तहसम्मको अनुभव हो। उनले पश्चिमी क्षेत्रमा अग्रिम लडाकु हवाई अड्डाको कमान सम्हाले, दक्षिणी क्षेत्रमा महत्वपूर्ण प्रशिक्षण अड्डाको नेतृत्व गरे, दक्षिणी वायु कमानमा वायु रक्षा जिम्मेवारी निर्वाह गरे र पछि केन्द्रीय वायु कमानका वायु अधिकारी कमाण्डिङ–इन–चीफसमेत रहे। उनले एकीकृत रक्षा कर्मचारी प्रमुखका रूपमा पनि काम गरिसकेका छन्।

सरकारअनुसार यस भूमिकामा उनले तीनवटै सेनाबीच संयुक्तता र एकीकरणलाई अघि बढाउन जोड दिएका थिए। यही अनुभवले उनको नेतृत्वको दिशासमेत सङ्केत गर्छ। आगामी युद्ध केवल लडाकु विमानको सङ्ख्याका आधारमा जितिने छैन। राडार, उपग्रह, मानवरहित विमान, कृत्रिम बुद्धिमत्ता, विद्युतीय युद्ध, लामो दूरीका हतियार, हवाई चेतावनी प्रणाली र जमिनमा आधारित वायु रक्षा प्रणालीलाई एउटै युद्धक संयन्त्रमा जोड्नुपर्नेछ। आशुतोष दीक्षितको परीक्षण पाइलटको अनुभव तथा एकीकृत रक्षा व्यवस्थामा काम गरेको अनुभव यस चुनौतीका दृष्टिले महत्वपूर्ण मानिएको छ। तर उनका अगाडि सबैभन्दा कठिन प्रश्न वायुसेनाको लडाकु क्षमता रहेको छ। हालैका प्रतिवेदनअनुसार भारतीय वायुसेनाका लडाकु स्क्वाड्रनको सङ्ख्या स्वीकृत सङ्ख्याभन्दा निकै कम छ र तेजसको नयाँ संस्करणको आपूर्तिमा भएको ढिलाइले यो कमीलाई अझ गम्भीर बनाएको छ। प्रस्तावित बहु–भूमिका लडाकु विमान खरिद तथा भविष्यका स्वदेशी लडाकु विमानका योजनाहरू पनि यही ठूलो कमी पूरा गर्ने प्रयासका रूपमा हेरिएका छन्।

यहींबाट नयाँ वायुसेना प्रमुखको वास्तविक परीक्षा शुरु हुनेछ। उनले एकातिर तत्कालीन युद्धक क्षमता कायम राख्नुपर्नेछ भने अर्कोतिर भविष्यको वायुसेना तयार गर्नुपर्नेछ। तेजस, भविष्यको उन्नत मध्यम लडाकु विमान, लामो दूरीका हतियार, आधुनिक राडार, हवाई चेतावनी प्रणाली र मानवरहित प्रणालीलाई एकैपटक गति दिनु सहज काम हुने छैन। वायुसेना प्रमुख नियुक्त भएका एयर मार्शल आशुतोष दीक्षितले बुधवार रक्षा मन्त्री राजनाथ सिंहसँग भेट गरेका छन्। उनलाई आगामी वायुसेना प्रमुखका रूपमा नियुक्त गरिएपछि यो भेट भएको हो। सिंहले उनको नियुक्तिका लागि बधाई दिँदै सफल कार्यकालको शुभकामना दिएका छन्। सरकारले हाल वायुसेनाका उपप्रमुख रहेका एयर मार्शल आशुतोष दीक्षितलाई ३१ अक्टोबरको दिउँसोदेखि एयर चीफ मार्शलको पदमा भारतीय वायुसेनाको २९औँ प्रमुखका रूपमा नियुक्त गरेको छ।

वर्तमान वायुसेना प्रमुख एयर चीफ मार्शल अमर प्रीत सिंह ३१ अक्टोबरमा अवकाश लिनेछन्। त्यसपछि एयर मार्शल दीक्षितले भारतीय वायुसेनाको प्रमुखको पद सम्हाल्नेछन्। एयर मार्शल दीक्षितलाई स्वदेशी एलसीए तेजस तथा अन्य स्वदेशी विमान परियोजनालाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा चिनिन्छ।

उनले रक्षा क्षेत्रमा सरकारको 'आत्मनिर्भरता' अभियानलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ। एयर मार्शल दीक्षित ६ डिसेम्बर १९८६ मा भारतीय वायुसेनाको लडाकु विमान धारामा प्रवेश गरेका थिए। उनी राष्ट्रिय रक्षा एकेडेमी, बङ्लादेशको रक्षा कर्मचारी सेवा महाविद्यालय तथा राष्ट्रिय रक्षा महाविद्यालयका पूर्वविद्यार्थी हुन्।

ग्रेटर नोएडामा 'सेवा सङ्कल्प अभियान' कार्यक्रममा सहभागी भए जेपी नड्डा

नोएडा, ७ अक्टोबर (हिस)ः केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री एवं भारतीय जनता पार्टी (भाजपा) का पूर्व राष्ट्रिय अध्यक्ष जेपी नड्डा बुधवार उत्तर प्रदेशको ग्रेटर नोएडा पुगे। प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक जीवनका २५ वर्ष पूरा भएको अवसरमा १७ सेप्टेम्बरदेखि १८ अक्टोबरसम्म सञ्चालन भइरहेको 'सेवा सङ्कल्प अभियान' अन्तर्गत यहाँ आयोजित कार्यक्रममा उनले सहभागिता जनाएका छन्। त्यसपछि उनी 'सेवा ज्योति कलश यात्रा' मा सहभागी भए र लगभग एक किलोमिटर पैदल यात्रा गर्दै कार्यकर्ता तथा स्थानीय जनताको उत्साह बढ़ाए। ग्रेटर नोएडा आगमनका क्रममा डीएनडीमा भाजपा नोएडा महानगरका कार्यकर्ताहरूले जेपी नड्डाको स्वागत गरे। नोएडा महानगर जिल्ला अध्यक्ष महेश चौहानको नेतृत्वमा आयोजित स्वागत कार्यक्रममा कार्यकर्ताहरूले पुष्पगुच्छा प्रदान गरी उनको अभिनन्दन गरे।

यस अवसरमा सांसद एवं पूर्व केन्द्रिय मन्त्री डा.महेश शर्मा सहित ठूलो सङ्ख्यामा भाजपा वरिष्ठ नेता तथा कार्यकर्ताहरू उपस्थित रहे। त्यसपछि जेपी नड्डा ग्रेटर नोएडा स्थित एक्सपो मार्ट पुगे, जहाँ 'सेवा सङ्कल्प अभियान' अन्तर्गत कार्यक्रम आयोजना गरियो। कार्यक्रममा ठूलो सङ्ख्यामा भाजपा पदाधिकारी तथा कार्यकर्ताहरू उपस्थित रहे। सबैले प्रधानमन्त्री नरेन्द्र मोदीको सम्बोधनको प्रत्यक्ष प्रसारण सुने र साल २०४७ सम्म देशलाई विकसित बनाउने सङ्कल्प लिइयो। कार्यक्रमपछि जेपी नड्डा 'सेवा ज्योति कलश यात्रा' मा सहभागी भए। उनले लगभग एक किलोमिटर पैदल यात्रा गर्दै कार्यकर्ता तथा सर्वसाधारणको उत्साह बढ़ाए। यात्राको उद्देश्य नागरिक तथा युवाहरूलाई सामाजिक सरोकारसँग जोड्नुका साथै 'विकसित भारत २०४७' को सामूहिक सङ्कल्पलाई प्रोत्साहन गर्नु रहेको बताइएको छ। प्रधानमन्त्रीको प्रत्यक्ष सम्बोधनका क्रममा जेपी नड्डा सहित गौतम बुद्ध नगरका प्रभारी मन्त्री कुँवर बृजेश सिंह, सांसद एवं पूर्व केन्द्रिय मन्त्री डा.महेश शर्मा, राज्यसभा सांसद सुरेन्द्र नागर, विधायक धीरेन्द्र सिंह, विधायक तेजपाल नागर, जिल्लाध्यक्ष अभिषेक शर्मा, नोएडा जिल्ला अध्यक्ष महेश चौहान, अमित चौधरी, विनोद त्यागी, अमित त्यागी, राज नागर, चन्दगीराम यादव, कर्मवीर आर्यलगायत अन्य भाजपा नेता तथा पदाधिकारीहरू उपस्थित थिए। कार्यक्रममा भाजपा कार्यकर्ताहरूले उत्साहपूर्वक सहभागिता जनाए।

'ज्ञानेश मोदी शाह गद्दी छोड़'– को नाराले गुञ्जियो पिपरा र त्रिवेणीगञ्ज

सुपोल, ७ अक्टोबर (हिस)ः महगठबन्धन सुपोलको संयुक्त आह्वानमा गए मङ्गलवार पिपरा र त्रिवेणीगञ्जमा केन्द्र सरकारको विरोधमा मार्च निकालियो। प्रदर्शनकारीहरूले ''भोट चोर, ज्ञानेश मोदी शाह गद्दी छोड़'' सहित विभिन्न नाराहरू लगाउँदै सरकारको विरोधमा आक्रोश व्यक्त गरे। यस विरोध प्रदर्शनपछि सम्बन्धित नेताहरूसित राजीनामाको माग गर्दै पुतला दहन गरियो।

पिपरामा विरोध मार्च बिनोबा मैदानदेखि शुरु भएर खण्ड मुख्यालयसम्म पुग्यो। मार्चमा सामेल नेता एवं कार्यकर्ताहरूले हात–हातमा झण्डा र प्लेकार्ड बोकेर नाराबाजी गरे। खण्ड मुख्यालयमा पुगेपछि प्रदर्शनकारीहरूले पुतला दहन गर्दै आफ्ना मागहरूको समर्थनमा आवाज उठाए। त्रिवेणीगञ्जमा पनि महागठबन्धनका कार्यकर्ताहरूले पशु अस्पताल परिसरबाट विरोध मार्च निकाले। मार्च विभिन्न मार्ग हुँदै चिलोनी नदीमा पुग्यो जहाँ कार्यकर्ताहरूले पुतला जलाए। यस अवधि केन्द्र सरकार र भाजपाको नेतृत्वविरुद्ध व्यापक नारा लगाइयो। प्रदर्शनमा भाकपा माले, राजद र माकपाका ठूलो सङ्ख्यामा नेता अनि कार्यकर्ताहरू सामेल भए। वक्ताहरूले भने, लोकतान्त्रिक प्रणाली र चुनावी प्रक्रियाबारे उठिरहेको प्रश्नको जवाफ सरकारले दिनुपर्छ। उनीहरूले भने, जबसम्म सम्बन्धित मानिसहरूले राजीनामा दिँदैनन् तबसम्म आन्दोलन र सङ्घर्ष जारी रहनेछ।

नेताहरूले कार्यकर्ताहरूलाई लोकतान्त्रिक अधिकार र पारदर्शी चुनाउ प्रक्रियाको रक्षा गर्न एकजुट भएर सङ्घर्ष गर्न आह्वान गरे। विरोध गर्ने क्रममा कार्यकर्ताहरूले तीनैजना नेताहरूले राजीनामा नदिएसम्म आन्दोलन जारी राख्ने सङ्कल्प लिए।

वृन्दावनको गुरुकुलमा पानीको ट्याङ्की सफा गर्ने क्रममा दुर्घटना, चार विद्यार्थीको मृत्यु

मथुरा, ७ अक्टोबर (हिस)ः उत्तर प्रदेशको मथुरा जिल्लास्थित वृन्दावनको चैतन्य विहार सेक्टर–२ मा रहेको पाणिनि संस्कृत गुरुकुलमा मङ्गलवार राति पानीको ट्याङ्की सफा गर्ने क्रममा विषालु ग्यासको चपेटामा परी चार विद्यार्थीको मृत्यु भएको छ भने एक अन्य विद्यार्थीको अस्पतालमा उपचार भइरहेको छ। घटनापछि गुरुकुलका सञ्चालक फरार भएका छन्।

पुलिसका अनुसार, गुरुकुल सञ्चालन भइरहेको उक्त स्थानमा एक वर्षअघिसम्म 'उमा कमला' नामको अतिथि गृह सञ्चालनमा थियो। हाल आशीष शर्माले उक्त भवन भाडामा लिएर गुरुकुल सञ्चालन गरेका थिए, जहाँ करिब १०० विद्यार्थी बसेर संस्कृत अध्ययन गरिरहेका छन्। मङ्गलवार राति करिब १० बजी गुरुकुल सञ्चालक आचार्य आशीषले विद्यार्थीहरूलाई पछाडितर्फ रहेको करिब १२ फिट गहिरो बन्द पानीको ट्याङ्की सफा गर्न लगाएका थिए। पुलिसका अनुसार, निर्देशन पाएपछि पाँच विद्यार्थी सफाइका लागि ट्याङ्कीभित्र पसेका थिए। सबैभन्दा पहिले मनु कटारेले ट्याङ्कीको ढकनी खोलेर भित्र प्रवेश गरेका थिए। त्यहाँ विषालु ग्यासका कारण उनको स्वास्थ्य बिग्रिन थालेपछि उनलाई बचाउने क्रममा अन्य विद्यार्थीहरू विशू शर्मा (१९, मेरठ), आर्यन पाण्डेय (१६, प्रयागराज) र देवांश शर्मा (१७) पनि एक–एक गर्दै ट्याङ्कीभित्र पसेका थिए र उनीहरू पनि विषालु ग्यासको चपेटामा परेका थिए। विद्यार्थीहरूको चिच्याएको आवाज सुनेपछि छिमेकमा बस्ने कृष्ण तिवारी घटनास्थल पुगेका थिए। उनले अन्य आचार्य तथा विद्यार्थीहरूको सहयोगमा सबैलाई ट्याङ्कीबाट बाहिर निकाले। सूचना पाएपछि घटनास्थल पुगेको पुलिसले विद्यार्थीहरूलाई रामकृष्ण मिशन सेवा आश्रम तथा सय शय्याको अस्पतालमा पुऱ्याएको थियो। त्यहाँ चिकित्सकहरूले मनु कटारे (२२, जबलपुर), विशू शर्मा (१९, मेरठ), आर्यन पाण्डेय (१६, प्रयागराज) र देवांश शर्मा (१७) लाई मृत घोषित गरे। रुद्राक्ष नाम गरेका विद्यार्थी अस्पतालमा उपचाररत छन्। घटनाको गम्भीरतालाई ध्यानमा राख्दै जिल्लाधिकारी चन्द्रप्रकाश सिंह, नगर आयुक्त ओजस्वी राज, अतिरिक्त जिल्लाधिकारी पङ्कज वर्मा र नगर पुलिस अधीक्षक राजीव कुमार सिंहलगायत वरिष्ठ अधिकारीहरू तत्काल घटनास्थल पुगेका थिए। प्रशासनले घटनाको कडाइका साथ जाँच गर्न आदेश दिएको छ भने फरार सञ्चालकको खोजी शुरु गरेको छ। दुर्घटनापछि गुरुकुलका अन्य व्यक्तिहरूले संस्थानको पहिचान लुकाउने उद्देश्यले संस्थानको बोर्ड हटाएको घटना पनि सार्वजनिक भएको छ। यस विषयमा पनि जाँच भइरहेको पुलिसले जनाएको छ।

वर्ष–२०; अङ्क–२७३; वि.सं. २०८३, असोज २२ गते; गान्तोक, बिहीवार, ८ अक्टोबर, २०२६

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्। अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौँ। ❑ शेक्सपियर

सम्पादकीय

भारतमा एआईको प्रयोग र यसको प्रभाव

इतिहास साक्षी छ– जब जब नयाँ प्रविधिको उदय भएको छ, यसले नयाँ सपना र नयाँ डर दुवै ल्याएको छ। हवाईजहाजको आगमनले रेलवेमा अवरोध ल्यायो, डाक सेवाहरूमा ईमेलले डर फैलायो र कम्प्युटरको आगमनले नोकरी गुम्ने हल्ला फैलियो। आज, आर्टिफिशियल इन्टेलिजेन्स (एआई)–को आगमनसँगै मानवताको लागि खतरा निम्तिन सक्छ भनेर मानिसहरू डराएका छन्। तर सत्य के हो भने प्रत्येक प्रविधिले समाधान र समस्या दुवै ल्याउँछ।

मोबाइल फोनले संसारलाई जोड़ेको छ, तर फोन गलत सूचना फैलाउने माध्यम पनि बनेको छ। यो कुरा सबैले अनुभव गरेका छन्। त्यसैकारण एआईलाई राम्रो र नराम्रो दुवैको लागि प्रयोग गर्न सकिन्छ। एआई मानव इतिहासको पहिलो प्रविधि हो जोसँग आफैँ सोच्ने, बुझ्ने र कार्य गर्ने क्षमता छ। दुरुपयोग र ह्याकिङका हालैका घटनाहरू देखा परेका छन्, जसले समाजमा डर बढ़ाएको छ। यद्यपि, केही घटनाको कारणले सम्पूर्ण प्राविधिक क्रान्तिलाई रोक्नु बुद्धिमानी होइन। नियम र व्यवस्थाहरू बनाउनुपर्छ जसले एआईलाई समाजको हितको लागि प्रयोग गरिएको सुनिश्चित गर्दछ। एआई बिजुली जस्तै हो, जताततै उपस्थित छ र सबैलाई असर गर्छ। जसरी बिजुलीले संसारको संरचना र काम गर्ने तरिकालाई परिवर्तन गऱ्यो, उसैगरी एआईले मानव जीवन र भावी पुस्ताको जीवनलाई पनि परिवर्तन गर्नेछ। भारत जस्तो देशमा, जहाँ आज पनि रोटी, कपड़ा, आश्रय, शिक्षा र रोजगारीका चुनौतीहरू विद्यमान छन्, एआई वरदान साबित हुन सक्छ।

स्कूल जान नसक्ने बच्चाले मोबाइल फोनमा एआईसँग अध्ययन गर्न सक्छ। किसानले आफ्नो फसल उत्पादन बढ़ाउन सक्छ र एक युवाले नयाँ स्टार्टअप स्थापना गर्न सक्छ। इण्डिया एआई इम्प्याक्ट समिटले यसको उचित प्रयोगमार्फत वैश्विक रूपमा कसरी सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भनेर पनि प्रदर्शन गऱ्यो। यद्यपि, एआईको विकास एकदमै स्पिड छ अनि अमेरिका र चीनका कम्पनीहरू वैश्विक रूपमा अग्रणी छन्। एआईलाई नियन्त्रण गर्ने दुई तरिका छन्।

भारत सरकारले आफ्नो नैतिक र जिम्मेवार विकास सुनिश्चित गर्न एआई शासन निर्देशिका जारी गरेको छ। प्रविधिको इतिहासले के देखाउँछ भने युद्धहरूमा डायनामाइट जस्ता नागरिक प्रविधिहरू प्रयोग गरिन्थ्यो, जबकि परमाणु ऊर्जा जस्ता सैन्य प्रविधिहरू बिजुली उत्पादन गर्न प्रयोग गर्न थालियो। त्यस्तै, एआई स्वाभाविक रूपमा गलत छैन। भारतको बढ़्दो आबादीका साथ, सामान र सेवाहरूको आपूर्ति बढ़ाउन आवश्यक हुनेछ र एआईले यसमा प्रमुख भूमिका खेल्न सक्छ। एआईलाई रोटी वा आश्रयको आवश्यकता पर्दैन; यसले केवल मानव उत्पादकता बढ़ाउन सक्छ। त्यसैले, एआईसँग डराउनुको सट्टा यसलाई बुझ्नु र बुद्धिमानीपूर्वक प्रयोग गर्नु महत्त्वपूर्ण छ। संयुक्त राष्ट्र सङ्घमा पनि यसको सुरक्षित प्रयोगमा वैश्विक सहमति निर्माण भइरहेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले भनेझैँ, युवा शक्ति र एआई मिलेर विकसित भारतको सपना पूरा गर्नेछन्। एआईको क्षमतालाई बढ़ी आँकलन गर्नु हुँदैन वा मानव बुद्धिमत्तालाई कम आँकलन गर्नु हुँदैन। विवेक र उचित दिशाका साथ एआईमार्फत सशक्त र समृद्ध भारत निर्माण गर्न सकिन्छ। एआईको प्रयोग गरेर विश्वका विकसित मुलुकहरूले देशको कायाकल्प गरिरहेका छन्। एआईको प्रयोग कुनै एक क्षेत्रमा सीमित छैन। यसलाई मानव जीवनका हरेक कदममा प्रयोग गर्न सकिन्छ। हिजोआज विकसित मुलुकमा मात्र होइन, भारतका कतिपय राज्यमा फसल वृद्धिका उपाय निकाल्न एआईको प्रयोग भइरहेको छ। उद्योग–कारखानादेखि लिएर स्टार्ट–अपको क्षेत्रमा पनि एआईको प्रयोग दिन–प्रतिदिन बढ़ेर गएको छ। यसले मानिसलाई स्मार्ट बनाउन सक्छ, ज्ञानी बनाउन सक्छ। यति हो यसको प्रयोग रचनात्मक वा सकारात्मक प्रकारले प्रयोग गर्नुपर्छ। एआईको दुरुपयोग गर्नेहरूले तत्कालका लागि खुशी पाउन सक्लान्, तर त्यो दिगो हुँदैन भन्ने कुरा निश्चित छ। यसैले एआईबाट त्रसित हुनु होइन, तर यसलाई सही प्रयोग गरेर मानव जीवनलाई उज्यालो बनाउन सकिन्छ। मानव जीवन उज्यालो हुनु भनेको संसार उज्यालो हुनु हो। मानवका हरेक कदममा चुनौती आइपर्छन्, तर तिनको सामना गर्दै अघि बढ्नु मानवको परम कर्तव्य हो।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ़्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

अफ्रिकाको हर्न नयाँ क्षेत्रीय युद्धभूमि बन्दै

अफ्रिका महादेशको पूर्वमा स्थित हर्न क्षेत्रमा लामो समयदेखि दबिएर रहेको तनाव फेरि सतहमा आएको छ। हर्न क्षेत्रमा मुख्यतः इथियोपिया, इरिट्रिया, जिबुती र सोमालिया पर्छन्। यस क्षेत्रले लालसागर, बाब अल–मन्देब र हिन्द महासागरसँग जोड़िएको महत्त्वपूर्ण भौगोलिक स्थान ओगटेकाले यसको रणनीतिक र भूराजनीतिक महत्त्व अत्यधिक छ। अहिले इथियोपिया र इरिट्रियाबिच कूटनीतिक सम्बन्ध विच्छेद भएपछि यस क्षेत्रमा नयाँ क्षेत्रीय द्वन्द्व भड्किन सक्ने चिन्ता बढ़ेको छ।

सुडानको गृहयुद्ध, नाइल नदीको पानीमाथिको विवाद र लालसागरमा इथियोपियाको पहुँचको प्रयासले यस क्षेत्रको तनावमा थप जटिलता थपेको छ। इथियोपियाले बिहीवार इरिट्रियाको राजधानी अस्मारास्थित आफ्नो दूतावास बन्द गर्दै १० जना इरिट्रियाली कूटनीतिज्ञलाई ४८ घण्टाभित्र देश छाड्न आदेश दिएको थियो। इथियोपियाले इरिट्रियामाथि 'प्रत्यक्ष तथा अप्रत्यक्ष शत्रुता साँधेको' र त्यसले आफ्नो राष्ट्रिय सुरक्षामाथि खतरा सिर्जेको आरोप लगाएको छ। इरिट्रियाले पनि तत्काल प्रतिक्रिया दिँदै इथियोपियाको निर्णयलाई 'बेतुक' भन्दै कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेको छ। यससँगै सन् २०१८ देखि कायम रहेको 'सन्देहपूर्ण शान्ति–सम्बन्ध'को औपचारिक अन्त्य भएको छ।

पुरानो मित्रता कसरी फेरि दुश्मनीमा बदलियो ?

इथियोपिया र इरिट्रियाबिचको पछिल्लो सम्बन्ध विच्छेद सन् २०१८ को ऐतिहासिक मेलमिलापको ठिक विपरीत छ। त्यतिबेला इथियोपियाका प्रधानमन्त्री अबी अहमदले दुई दशक लामो शत्रुतापूर्ण सम्बन्ध अन्त्य गर्दै इरिट्रियासँग सम्बन्ध पुनःस्थापित गरेका थिए। सीमा खोलिएपछि छुट्टिएका परिवारहरू पुनः मिल्न पाएका थिए। यही मेलमिलापका कारण अबीले सन् २०१९ को नोबेल शान्ति पुरस्कारसमेत पाएका थिए। तर त्यो मेलमिलाप दीर्घकालीन साझा रणनीतिमा भन्दा पनि साझा शत्रुतामा आधारित रहेको विश्लेषण गरिएको छ। कार्नेगी इन्डोमेन्टका लेस्ली एनी वार्नरका अनुसार अबी र इरिट्रियाका राष्ट्रपति इसायस अफवेर्की दुवैले टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (टीपीएलएफ) लाई साझा खतरा मानेका थिए। यही कारण सन् २०२०–२२ को टिग्रे युद्धमा इरिट्रियाली सेना इथियोपियाली सङ्घीय सेना एकसाथ लड़ेको थियो। तर सन् २०२२ को प्रिटोरिया सम्झौतापछि सम्बन्ध फेरि बिग्रियो। टिग्रे युद्ध अन्त्य गर्ने सम्झौताबाट इरिट्रियालाई बाहिर राखिएकोमा अस्मारा असन्तुष्ट भयो। त्यसयता इथियोपियाको लालसागरमा प्रत्यक्ष पहुँच खोज्ने अभियान दुई देशबिचको रणनीतिक विवादको मुख्य विषय बन्यो।

समुद्रसम्म पहुँच इथियोपियाका लागि किन यति महत्त्वपूर्ण ?

इथियोपिया भूपरिवेष्ठित देश हो। सन् १९९३ मा इरिट्रिया स्वतन्त्र भएपछि उसले आफ्नो समुद्री तट गुमायो। अहिले इथियोपियाको ९० प्रतिशतभन्दा बढ़ी आयात–निर्यात जिबुतीका बन्दरगाहबाट हुन्छ। यसका लागि उसले प्रत्येक वर्ष अरबौँ डलर खर्च गर्नुपर्छ। त्यसैले इथियोपियाली प्रधानमन्त्री अबीले लालसागरमा प्रत्यक्ष पहुँचलाई देशको दीर्घकालीन आर्थिक र सुरक्षा हितका लागि अत्यावश्यक विषयका रूपमा प्रस्तुत गर्दै आएका छन्। अबीले समुद्री तट गुमाउनु ऐतिहासिक 'गल्ती' भएको र त्यसलाई सच्याइने बताउँदै आएका छन्। उनले इरिट्रियाको असाब बन्दरगाहमाथि बल प्रयोग गरेर नियन्त्रण लिने सम्भावनालाई समेत पूर्ण रूपमा अस्वीकार गरेका छैनन्। यही कारण इरिट्रियामा इथियोपियाले आफ्नो भूभागमा पुनः आक्रमण गर्न सक्ने डर बढ़ेको छ। मध्यपूर्व इन्स्टिच्युटकी वरिष्ठ फेलो मिरेट माब्रुकका अनुसार इथियोपियाले नौसेना विकास गर्ने र समुद्री क्षमता बढाउने कुरा गर्दै आएको छ। भूपरिवेष्ठित देशको यस्तो प्रयास आफैँमा असामान्य देखिए पनि इथियोपियाका लागि समुद्री पहुँच रणनीतिक प्राथमिकता बनेको छ।

लालसागरमा अर्को सङ्कटको खतरा

इथियोपिया–इरिट्रिया तनाव केवल दुई देशको सीमित विवादमा रहने अवस्था छैन। यसको सम्बन्ध लालसागरको सुरक्षा र बाब अल–मन्देब क्षेत्रमा बढ़्दो तनावसँग पनि जोड़िएको छ। लालसागरबाट विश्वको करिब १५ प्रतिशत समुद्री व्यापार र करिब ३० प्रतिशत कन्टेनर आवागमन हुने गरेको रिपोर्ट छ। यमनमा पुनः चर्किएको गृहयुद्ध र हुथीहरूको बाब अल–मन्देब आसपासको प्रभावका कारण यस क्षेत्रको समुद्री सुरक्षामा पहिले नै खलबलिएको छ। यदि अफ्रिकाको हर्नमा नयाँ युद्ध शुरु भयो भने लालसागरका दुई किनारमा रहेका द्वन्द्वहरू एकअर्कासँग जोड़िन सक्छन्। त्यसले विश्वव्यापी व्यापारिक जहाजको आवागमनमा असर पार्ने, स्वेज नहरको सुरक्षालाई चुनौती दिने र ठुलो सङ्ख्यामा मानिस विस्थापित हुने जोखिम बढ़ाउने सम्भावना छ।

इजिप्ट र नाइल नदीको विवाद

इथियोपियाको अर्को महत्त्वपूर्ण विवाद इजिप्टसँग छ। इथियोपियाले बिहीवार एक इजिप्टेली कूटनीतिज्ञलाई पनि ४८ घण्टाभित्र देश छाड्न आदेश दिएको थियो। इथियोपियाले इजिप्टमाथि आफ्ना विरोधीहरूलाई समर्थन गरेको र लालसागरमा आफ्नो पहुँचको योजनामा अवरोध पुऱ्याएको आरोप लगाएको छ। उसले इजिप्टलाई इथियोपियालाई भूपरिवेष्ठित नै राख्न खोज्ने 'रणनीतिक अवरोधकर्ता'का रूपमा चित्रित गरेको छ। यस विवादको केन्द्रमा ग्रान्ड इथियोपियन रेनेसाँ ड्याम (जीईआरडी) छ। नाइल नदीको ब्लु नाइल शाखामा निर्माण गरिएको करिब ५ अरब डलरको यो बाँध इथियोपियाका लागि आर्थिक विकास र ऊर्जा आत्मनिर्भरताको महत्त्वपूर्ण परियोजना हो। तर इजिप्ट र सुडानका लागि यो बाँध गम्भीर सुरक्षा र पानीको प्रश्न हो। इजिप्टले नाइल नदीबाट आफ्नो वार्षिक ५५.५ अर्ब घनमिटर पानीको हिस्सा प्रभावित हुन सक्ने चिन्ता व्यक्त गर्दै आएको छ। बाँध सन् २०२५ सेप्टेम्बरमा उद्घाटन भए पनि तीन देशबिच यसको पानी भरण तथा बाँड़फाँट प्रक्रियामा बाध्यकारी सम्झौता हुन सकेको छैन। इथियोपियाले ब्लु नाइलमा थप तीनवटा बाँध बनाउने योजना अघि बढ़ाएपछि इजिप्टको चिन्ता चुलिएको छ।

सुडानको गृहयुद्धले थप जटिलता थपेको छ

इथियोपिया–इरिट्रिया तनावको अर्को तह सुडानको गृहयुद्धसँग जोड़िएको छ। तीन वर्षभन्दा बढी समयदेखि जारी युद्धमा सुडानी सेना र र्‍यापिड सपोर्ट फोर्सबिच सङ्घर्ष भइरहेको छ। सुडानको सेना नेतृत्वको सरकारका प्रमुख अब्देल फत्ताह अल–बुरहानले इथियोपियामाथि आरएसएफलाई सहयोग गरेको आरोप लगाउँदै आएका छन्। सुडानले इथियोपियामाथि हतियार आपूर्ति, आरएसएफका लागि तालिम केन्द्र तथा ड्रोन आक्रमणका लागि आफ्नो भूभाग प्रयोग गर्न दिएको आरोपसमेत लगाएको छ। इथियोपियाले भने यी आरोप अस्वीकार गरेको छ। विश्लेषकहरूका अनुसार यस्ता अप्रमाणित आरोपले प्रमाण खोज्नेभन्दा तनाव बढ़ाउने काम गरिरहेका छन्। यस्ता आरोपले थप सैन्य कदमका लागि वातावरण बनाउन भूमिका खेल्छन्।

टिग्रे फेरि क्षेत्रीय द्वन्द्वको केन्द्र बन्ने खतरा

इथियोपियाको उत्तरी टिग्रे क्षेत्रमा पनि नयाँ हिंसा शुरु भएको छ। टिग्रे पिपुल्स लिबरेसन फ्रन्टसहितका सशस्त्र समूहको नयाँ गठबन्धन र सरकारी सेनाबिच सङ्घर्ष भएको छ। इथियोपियाली सेनाका प्रमुख बिरहानु जुलाले इरिट्रिया, सुडान र इजिप्टले ती सशस्त्र समूहलाई समर्थन गरेको आरोप लगाएका छन्। तीनै देशले आरोप अस्वीकार गरेका छन्। टिग्रे युद्ध सन् २०२२ को प्रिटोरिया सम्झौताबाट अन्त्य भएको थियो। त्यस युद्धमा अनुमानित ६ लाख मानिसको मृत्यु भएको थियो। पछिल्लो सङ्घर्षमा इरिट्रियाको प्रत्यक्ष संलग्नताको प्रमाण अहिलेसम्म नभए पनि विज्ञहरूले त्यसको सम्भावनालाई अस्वीकार गरेका छैनन्। विश्लेषकहरूको मुख्य चिन्ता के हो भने टिग्रेमा जारी आन्तरिक सङ्घर्ष क्रमशः क्षेत्रीय 'प्रोक्सी युद्ध'मा परिणत हुन सक्छ। सुडानको युद्धमा देखिएका बाह्य शक्ति र गठबन्धनहरू इथियोपियाको सङ्कटमा पनि प्रवेश गरे भने परिस्थिति अझ जटिल बन्नेछ।

अब के हुन्छ ?

हालसम्म इथियोपिया र इरिट्रियाबिचको तनाव पूर्ण युद्धमा परिणत भइसकेको छैन, तर जोखिम धेरै तहमा फैलिएको छ। दुई देशबिचको विवादमा सुडानको गृहयुद्ध, इजिप्टसँगको नाइल पानी विवाद, टिग्रेमा जारी हिंसा र लालसागरमा समुद्री सुरक्षाको सङ्कट एकै ठाउँमा जोड़िन थालेका छन्। यही कारण अफ्रिकाको हर्नको सङ्कटलाई दुई देशबिचको मात्र विवादका रूपमा हेर्न कठिन हुँदै गएको छ। विश्लेषकहरूको चेतावनीअनुसार इथियोपिया–इरिट्रिया युद्ध शुरु भयो भने यसमा सुडान, इजिप्टलगायत अन्य क्षेत्रीय शक्ति तानिन सक्छन्। यसले बाब अल–मन्देबदेखि स्वेज नहरसम्मको समुद्री सुरक्षा प्रभावित गर्न सक्छ। अफ्रिकाको हर्न लालसागरमा चलिरहेको ठुलो क्षेत्रीय प्रतिस्पर्धाको दक्षिणी युद्धमोर्चामा परिणत हुन सक्छ। यसको प्रभाव अझ चाड–सुडान सीमादेखि स्ट्रेट अफ होर्मुजसम्म पनि फैलन सक्छ। ■

विमान कब्जामा लिन खोज्ने अल–हमामीको सामाजिक सञ्जालमा अल–कायदाका नेताका तस्बिर

इजरायलको तेल अभिभतर्फ उड़ेको फ्लाईदुबईको विमानभित्र सहकर्मी पाइलटमाथि आक्रमण गरेर विमान नियन्त्रणमा लिन खोजेको आरोप लागेका पाइलट हमाम अल–हमामीबारे थप गम्भीर विवरण सार्वजनिक भएको छ। सीएनएनका अनुसार अल–हमामीको सामाजिक सञ्जाल खातामा अल–कायदासँग सम्बन्धित व्यक्तिका तस्बिर, इजरायली विमानका भिडियो र अतिवादी विचार झल्काउने सामग्री भेटिएको छ। बुधवार भएको घटनापछि अनुसन्धानका क्रममा उनका सामाजिक सञ्जाल गतिविधि पनि अध्ययन गरिएको हो। अल–हमामी ओमानका नागरिक हुन्। उनी संयुक्त अरब इमिरेट्समा ओमानी पिता र सिरियाली आमाबाट जन्मिएका थिए। उनको जीवनको केही समय यूएईमै बितेको थियो।

घटनाबारे जानकार दुई स्रोतका अनुसार अल–हमामीलाई यसअघि ओमानको राष्ट्रिय ध्वजावाहक ओमान एयरले उड़ानसम्बन्धी जिम्मेवारीबाट हटाएको थियो। त्यसको कारण उनको अतिवादी विचार थियो। एक क्षेत्रीय कूटनीतिज्ञले सीएनएनलाई बताएअनुसार उनलाई पाइलट तालिमबाट हटाएर ओमान एयरमै अर्को जिम्मेवारी दिइएको थियो। तर पछि उनी विभिन्न एयरलाइन्ससँग जोड़िए। अल–हमामीको हटाइएको लिन्क्डइन' प्रोफाइलअनुसार उनी ओमान एयरमा करिब सात वर्ष काम गरेका थिए। उनले सन् २०२५ को फरवरीमा ओमान एयर छाड़ेका थिए। त्यसपछि जुन २०२५ मा रोयल एयर मरोकमा जोडिएका थिए। त्यहाँबाट जनवरी २०२६ मा अलग भएका थिए। रोयल एयर मरोकले भने उनलाई पाइलटका रूपमा नियुक्त गरेको थिएन। एयर मरोकले एसोसिएटेड प्रेसलाई दिएको जानकारीअनुसार अल–हमामीले सन् २०२५ मा कम्पनीको पूर्व–रोजगार प्रक्रियाअन्तर्गत तीन महिनाको तालिम लिएका थिए। तर अन्तिम छनोटमा उनी परेनन्। त्यसपछि उनी फ्लाईदुबईमा पुगे। इजरायली अधिकारीका अनुसार उनले फ्लाईदुबईमा करिब आठ महिना मात्रै काम गरेका थिए।

अल–हमामीको 'लिन्क्डइन' एकाउन्टमा घटनाको दिन दुई वटा पोस्ट गरिएको भेटिएको सीएनएनले जनाएको छ। ती पोस्ट घटनाको करिब नौ घण्टापछि प्रकाशित भएका थिए। तर ती सामग्री कसले पोस्ट गरेको थियो भन्ने स्पष्ट छैन। ती पोस्ट पहिले नै 'सेड्युल' गरेर राखिएका थिए वा घटनापछि प्रकाशित गरिएका थिए भन्ने पनि खुलेको छैन। पहिलो पोस्टमा बोइङ ७३७ म्याक्स विमानको ककपिटबाट खिचिएका भिडियो थिए। त्यसमध्ये एउटा भिडियो दुबई अन्तरराष्ट्रिय विमानस्थलमा खिचिएको सीएनएनले पुष्टि गरेको छ। भिडियोमा इजरायली विमान कम्पनी एल अलको विमान देखिन्छ। अन्य दृश्यमा पनि एल अलका थप विमान देखाइएको थियो। अर्को इजरायली विमान कम्पनी अर्कियाको विमानसमेत भिडियोमा देखिएको छ। भिडियोमा देखिएको ककपिटको स्क्रिनमा ओमान एयरको उड़ान नम्बर ओएमए६२४ र ११ अक्टोबर २०२३ को मिति देखिएको थियो। उक्त उड़ान नम्बर सामान्यतया दुबई–मस्कत रुटमा प्रयोग हुने गरेको सीएनएनले जनाएको छ। अल–हमामी त्यतिबेला ओमान एयरमा कार्यरत थिए। भिडियोको अन्त्यमा अल–कायदाका नेता अयमान अल–जवाहिरीको तस्बिर राखिएको थियो। ओसामा बिन लादेनको मृत्युपछि अल–कायदाको नेतृत्व सम्हालेका जवाहिरीको तस्बिरसँगै सन् २००९ मा आत्मघाती बम विस्फोट गराएका हुमाम खलिल अबु–मुलाल अल–बलावीको तस्बिर पनि राखिएको थियो। अल–बलावीको आत्मघाती हमलामा नौ जनाको मृत्यु भएको थियो। तीमध्ये सात जना अमेरिकी सीआईएका अधिकारी तथा कर्मचारी थिए। उनी अल–कायदाप्रति वफादार थिए। अल–हमामीको दोस्रो पोस्टमा एआईबाट बनाइएको तस्बिर थियो। तस्वीरमा इस्लाम धर्मका तीन प्रमुख पवित्र स्थल–मक्का, मदिना र जेरुसेलम–लाई चम्किलो बाटोले जोडिएको देखाइएको थियो। त्यसको पृष्ठभूमिमा बज्ने कवितामा अपमान अस्वीकार गर्ने, मृत्युसँग नडराउने र आफ्नो सम्मानको रक्षा गर्ने भाव थियो। त्यही सामग्री उनको नाम र तस्बिर भएको इन्स्टाग्राम खातामा पनि पोस्ट गरिएको थियो। पछि इन्स्टाग्राम खाता पनि हटाइएको सीएनएनले जनाएको छ। उनको 'लिन्क्डइन' प्रोफाइलमा बेलायतको बकिङघमसायर न्यू युनिभर्सिटीमा अध्ययन गरेको उल्लेख थियो। विश्वविद्यालयले सीएनएनलाई दिएको जानकारीअनुसार सोही नामका एक व्यक्तिले सन् २०२३ मा तीन वर्षे दूरी शिक्षामार्फत एभिएसन म्यानेजमेन्टमा डिग्री पूरा गरेका थिए। तर उक्त अध्ययनक्रममा पाइलट तालिम भने समावेश थिएन। त्यसो त सीएनएनले अल–हमामीको हटाइएको ट्विटर खाताका करिब तीन हजार पोस्ट पनि अध्ययन गरेको जनाएको छ।

ती पोस्ट सन् २०२१ र २०२२ बिच लेखिएका थिए। सीएनएनका अनुसार पोस्टमा धार्मिक र महिलाप्रति अत्यन्त रूढिवादी धारणा देखिन्थ्यो। एआईमा आधारित 'सेम्यान्टिक सर्च' प्रणाली प्रयोग गरेर ती पोस्टको विश्लेषण गरिएको थियो। केही पोस्टमा उनले विवाहका लागि आफ्नी आमाले युवती खोजेको विषयमा लेखेका थिए। आफूले विवाह गर्ने महिलाले नकाब लगाउनुपर्ने र विवाहपछि काम गर्न नहुने सर्त राखेको उल्लेख थियो। अर्को पोस्टमा उनले मिश्रित लैङ्गिक कार्यस्थलप्रति आपत्ति जनाएका थिए। त्यस्ता कार्यस्थलले 'महिलालाई बिगार्ने' दाबी उनले गरेका थिए। तर सामाजिक सञ्जालमा व्यक्त गरिएका यी विचार र विमानभित्र भएको आक्रमणबिच प्रत्यक्ष सम्बन्ध रहेको प्रमाण सार्वजनिक भइसकेको छैन। बुधवार तेल अभिभतर्फ उडेको फ्लाईदुबई विमानमा ककपिटभित्र रहेका एक पाइलटमाथि अर्का पाइलटले आक्रमण गरेका थिए। संयुक्त अरब इमिरेट्सका महान्यायाधिवक्ता हमद सैफ अल–शम्सीका अनुसार सहपाइलटमाथि विमानमा राखिने 'क्र्यास एक्स' ले आक्रमण गरिएको थियो। त्यसपछि आक्रमणकारीले विमान नियन्त्रणमा लिन खोजेको आरोप छ। यूएईका अधिकारीले घटनालाई 'आतङ्कवादी गतिविधि'को प्रयासका रूपमा अनुसन्धान गरिरहेका छन्। आक्रमणपछि विमान साउदी अरबतर्फ मोड़िएको थियो। साउदी अरबमा विमान अवतरण भएपछि यात्रुहरूले घाइते पाइलटलाई सहयोग गरेका थिए। विमान तीव्र गतिमा उचाइ गुमाएको यात्रुहरूले बताएका छन्। युएईमा दर्ता भएको विमान भएकाले विमानभित्र भएको घटनाको अनुसन्धान गर्ने अधिकार युएईसँग रहेको त्यहाँको सरकारी समाचार संस्था डब्ल्यूएएमले जनाएको छ।

घटनापछि अल–हमामी कसरी फ्लाईदुबईको पाइलट बने भन्ने प्रश्न उठेको छ। विशेषगरी यसअघि नै उनको अतिवादी विचारबारे चासो व्यक्त गरिएको भनिएका बेला उनले अर्को एयरलाइन्समा कसरी पाइलटको जिम्मेवारी पाए भन्ने विषय अनुसन्धानको केन्द्रमा आएको छ। इजरायलका विभिन्न सुरक्षा निकायले पनि घटनाको अनुसन्धान गरिरहेका छन्। शिन बेट, मोसाद, सेना र यातायात मन्त्रालयले ओमानी नागरिक पाइलट तेल अभिभ जाने विमानको चालक दलमा कसरी पुगे भन्नेबारे अनुसन्धान थालेका छन्। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यसअघि 'अल–हमामी इस्लामिक अतिवादी विचारबाट प्रभावित' भएको हुन सक्ने बताएका थिए। विमान साउदी अरबमा अवतरण गरेपछि अल–हमामीसँग सोधपुछ गरिएको र अनुसन्धानमा इजरायल पनि सहभागी भएको नेतन्याहूले बताएका छन्। फ्लाईदुबईले भने अनुसन्धान जारी रहेकाले घटनाबारे तत्काल टिप्पणी गर्न अस्वीकार गरेको छ। अब अनुसन्धानले मुख्यतः तीन प्रश्नको जवाफ खोजिरहेको छ: अल–हमामीको विगतमा देखिएको भनिएको अतिवादी विचार कति गम्भीर थियो, उनी फ्लाईदुबईको पाइलट कसरी बने र विमानभित्र भएको आक्रमण वास्तवमै आतङ्कवादी योजनाको हिस्सा थियो कि थिएन। यी प्रश्नको अन्तिम जवाफ अनुसन्धान पूरा भएपछि मात्रै आउने देखिन्छ। ■

जीवनशैली

हिमाली बेला-५

गान्तोक, बिहीवार, ८ अक्टोबर, २०२६



वास्तु शास्त्र : वास्तु अनुसार घर बनाउनुअघि के कुरामा ध्यान दिनुपर्छ?

वास्तु शब्द संस्कृतको 'वास' बाट आएको हो, जसको अर्थ 'बस्ने ठाउँ' हुन्छ। यो विज्ञान वेदहरूमा आधारित छ र विशेष गरी 'स्थापत्य वेद'–मा विस्तृत रूपमा वर्णन गरिएको छ। वास्तुले पञ्च तत्त्व (पृथ्वी, जल, अग्नि, वायु र आकाश)–को सन्तुलनलाई जोड़ दिन्छ।

यसको मुख्य उद्देश्य हो–घरमा सकारात्मक ऊर्जाको प्रवाह सुनिश्चित गर्नु र नकारात्मक प्रभावलाई कम गर्नु। वास्तुका अनुसार, प्रत्येक दिशाको आफ्नै ऊर्जा र प्रभाव हुन्छ, जसले मानव जीवनमा स्वास्थ्य, धन र सम्बन्धलाई असर गर्छ।

घर बनाउँदा वास्तु हेर्नुपर्छ कि पर्दैन?

यो प्रश्नको जवाफ व्यक्तिको विश्वास र जीवनशैलीमा निर्भर गर्छ। परम्परागत रूपमा नेपाल र भारतमा घर बनाउँदा वास्तुको सल्लाह लिने चलन छ। मानिसहरू विश्वास गर्छन् कि, वास्तुले घरको वातावरणलाई सकारात्मक बनाउँछ र जीवनमा समृद्धि ल्याउँछ। उदाहरणका लागि, यदि घरको मुख्य ढोका गलत दिशामा छ भने त्यसले आर्थिक हानि वा स्वास्थ्य समस्या निम्त्याउन सक्छ भन्ने मान्यता छ। तर, आधुनिक युगमा धेरैले वास्तुलाई अन्धविश्वास ठान्छन्। घरको डिजाइन र सुविधा व्यक्तिगत आवश्यकता र बजेटमा आधारित हुनुपर्छ, दिशा र नियममा होइन भन्ने तर्क हुन्छ।

वैज्ञानिक दृष्टिकोणले वास्तुको प्रभाव प्रमाणित भएको छैन। तैपनि, वास्तुका केही सिद्धान्त (जस्तै, हावा र प्रकाशको प्रवाह) आधुनिक वास्तुकलासँग मेल खान्छन्। त्यसैले, वास्तु पूर्णरूपमा पालना गर्नु नपरे पनि यसका उपयोगी पक्षहरूलाई विचार गर्नु बुद्धिमानी हुन्छ।

वास्तु शास्त्रअनुसार घर बनाउनुअघि ध्यान दिनुपर्ने पाँच कुरा

घर बनाउनुअघि वास्तुका आधारभूत नियमहरू पालना गर्दा सकारात्मक परिणाम प्राप्त हुने विश्वास गरिन्छ।

जमिनको छनोट र आकार

वास्तुमा जमिनको ऊर्जा र आकारलाई पहिलो प्राथमिकता दिइन्छ। समतल, आयातकार वा वर्गाकार जमिन उत्तम मानिन्छ, किनकि यस्तो आकारमा ऊर्जा सन्तुलित रूपमा बग्छ। त्रिकोणीय वा अनियमित आकारको जमिनले नकारात्मक प्रभाव पार्न सक्छ भन्ने मान्यता छ।

साथै, जमिनको ढलान उत्तर वा पूर्वतिर हुनु राम्रो मानिन्छ, किनकि यसले सूर्यको प्रकाश र जल निकासमा सहयोग गर्छ। जमिन किन्दा वरिपरिको वातावरण (जस्तै, फोहोर, कब्रिस्तान वा उद्योग) पनि जाँच्नुपर्छ, किनकि यस्ता कुराले घरको ऊर्जालाई असर गर्छ।

मुख्य ढोकाको दिशा

घरको मुख्य प्रवेशद्वार वास्तुको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। यो उत्तर, पूर्व वा उत्तर–पूर्व दिशामा हुनु उत्तम मानिन्छ, किनभने यी दिशाहरू सूर्यको पहिलो किरण र सकारात्मक ऊर्जासँग जोडिन्छन्। दक्षिण वा पश्चिम दिशाको ढोकाले नकारात्मक प्रभाव पार्न सक्छ भन्ने विश्वास गरिन्छ। ढोका अघि कुनै अवरोध (जस्तै, रूख, खम्बा) हुनु हुँदैन किनकि यसले ऊर्जा प्रवाहमा बाधा पुऱ्याउँछ। ढोकाको आकार पनि घरको समग्र अनुपातसँग मिल्नुपर्छ।

कोठाहरूको स्थान

वास्तुले प्रत्येक कोठाको लागि विशिष्ट दिशा तोकेको छ। उदाहरणका लागि :

भान्सा कोठा : दक्षिण–पूर्व (अग्निको दिशा) मा हुनुपर्छ, किनकि यो अग्निसँग सम्बन्धित छ।

शयन कक्ष : दक्षिण–पश्चिममा उत्तम मानिन्छ किनभने यो स्थिरता र शान्तिको प्रतीक हो।

पूजा कोठा : उत्तर–पूर्व (ईशान कोण) मा राख्नुपर्छ किनकि यो पवित्र र सकारात्मक ऊर्जाको दिशा हो।

शौचालय : उत्तर–पश्चिम वा दक्षिण–पूर्वमा उपयुक्त हुन्छ, तर मुख्य कोठासँग जोडिनुहुँदैन। यी दिशाहरूले कोठाको कार्य र ऊर्जालाई सन्तुलनमा राख्छन्।

हावा र प्रकाशको व्यवस्था

वास्तुमा हावा र सूर्यको प्रकाशलाई विशेष महत्त्व दिइन्छ । घरको उत्तर र पूर्व दिशामा ठूला झ्याल र खुला ठाउँ राख्नुपर्छ, किनभने यी दिशाबाट स्वच्छ हावा र सूर्यको किरण भित्रिन्छ। दक्षिण र पश्चिममा कम झ्याल राख्नु राम्रो हुन्छ किनभने यी दिशाबाट गर्मी र भारी हावा आउन सक्छ। घरको बीचमा खुला आँगन वा स्काइलाइट राख्दा सम्पूर्ण संरचनामा ऊर्जा फैलिन्छ।

पानी र ढलको व्यवस्थापन

पानीको स्रोत (जस्तै, इनार, ट्याङ्की) उत्तर–पूर्व दिशामा राख्नुपर्छ, किनकि यो जल तत्त्वको दिशा हो। ढल वा सेप्टिक ट्याङ्की भने उत्तर–पश्चिम वा दक्षिण–पूर्वमा हुनुपर्छ, तर मुख्य ढोका वा पूजा कोठा नजिक नपरोस्। वास्तुका अनुसार, पानीको गलत व्यवस्थापनले आर्थिक र स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ।

वास्तुको आधुनिक प्रासङ्गिकत

आधुनिक वास्तुकलामा वास्तुको पूर्णपालना गर्न गाह्रो हुन्छ, विशेष गरी शहरका साँघुरा प्लटहरूमा। तर, यसका केही सिद्धान्त उपयोगी छन्। उदाहरणका लागि, हावा र प्रकाशको व्यवस्थापनले घरलाई स्वस्थ र ऊर्जावान बनाउँछ, जुन वैज्ञानिक रूपमा पनि प्रमाणित छ। त्यस्तै, कोठाहरूको दिशाले दैनिक जीवनमा सुविधा थप्न सक्छ।

वास्तुको मनोवैज्ञानिक प्रभाव पनि उल्लेखनीय छ– यदि मानिसले आफ्नो घर वास्तु अनुकूल छ भन्ने विश्वास गर्छ भने उसको आत्मविश्वास र सन्तुष्टि बढ्छ।

वास्तुको सीमा र आलोचना

वास्तु सबैका लागि समान रूपमा लागू नहुन सक्छ। भौगोलिक अवस्था, जलवायु र व्यक्तिगत आवश्यकताले यसलाई प्रभावित गर्छ। उदाहरणका लागि, हिमाली क्षेत्रमा दक्षिणतिर झ्याल राख्नु व्यावहारिक नहुन सक्छ। त्यस्तै, वास्तुका कड़ा नियमहरूले रचनात्मक डिजाइनमा बाधा पुऱ्याउन सक्छ। वास्तुको प्रभाव प्रमाणमा आधारित नभई विश्वासमा निर्भर छ। तैपनि, यसको लोकप्रियता घटेको छैन।

'निराहार उपवास उत्तम मानिन्छ'

उपवास शरीरको शुद्धीकरण गर्न बस्ने गरिन्छ। यसले मानसिक तथा शारीरिकरूपमा तन्दुरुत बनाउन भूमिका निर्वाह गर्छ। यसको कुनै खास नियम छैन। यो संस्कृति, परम्पराअनुसार फरक–फरक तरिकाले उपवास बस्ने चलन छ।

तर वैज्ञानिक र धार्मिक हिसाबले भने पानी नपिई निर्जल उपवास बस्नु राम्रो मानिन्छ। तर त्यसो भन्दैमा फलफूल खाएर बस्ने उपवास नराम्रो भन्न मिल्दैन। उपवास जसरी बसे पनि हुन्छ, जसरी सहज लाग्छ त्यसरी बस्न सकिन्छ। यसमा मुख्यतया अन्न बार्नुपर्ने हुन्छ। अन्नबाहेक फलफूल, सलाद, पानी खाएर बस्न सकिन्छ। यसले पनि शरीरलाई नै फाइदै पुऱ्याउँछ।

उपवासमा के खाने त?

उपवासमा स्वस्थ मानिस सकेसम्म पानी पनि नखाई बस्नु लाभदायक हुन्छ, तर खानै परेमा अन्न बाहेकका फाइबरयुक्त खानेकुरा जस्तै फलफूल, सलाद, पानी सेवन गर्न सकिन्छ। यसबाहेकका माछामासु, घिउ, तेल, मही, दही दुधजन्य खानेकुरा खानुहुँदैन। प्रायजसो उपवासमा दूध खाने चलन देखिन्छ, जसले बेफाइदा त गर्दैन, तर उपवासको औचित्य पनि हुँदैन।

उपवासको प्रकार

सामान्यतया उपवास दुई किसिमका हुन्छन्। निर्जल र फल आहार खाएर बस्ने उपवास। यसबाहेक पनि धेरै उपवास छन्।

निर्जल उपवास : यसमा दिनभरि पानी पनि नपिइकन व्रत बस्ने गरिन्छ। यसलाई स्वास्थ्यकर्द्धक उपवास मानिन्छ। यस्तो व्रत महिनाको एक वा दुईचोटिसम्म बस्न सकिन्छ। यसमा शरीरभित्र भएका खराब कोलेस्टेरोल, बोसो हटाउन मद्दत गर्छ।

फलाहार उपवास : फलफूललगायत खानेकुरा खाएर बस्ने उपवास फलाहार उपवास हो। यसमा व्रतालुले केही घण्टाको फरकमा फलाहार खाने गरिन्छ। उपवास बस्दा दिनको तीन–चारपटक खाने र बीचमा पानी पिउने गर्नुपर्छ। यसले पनि शरीरमा निकै लाभ गर्छ किनभने फलफूल फाइबरयुक्त खाना हो जुन सजिलै पच्छ।

निराहार उपवास : यसमा केही आहार नखाई सेवन बस्ने चलन छ। यसको सट्टा एक–एक घण्टामा पानी मात्र पिएर दिनभरि बस्ने व्रतलाई निराहार भनिन्छ। यो व्रतले शरीरलाई पूर्ण रूपमा सफा गर्न सहयोग गर्छ।

रसाहार : कुनै फलको रस मात्र पिएर बस्ने व्रतलाई रसाहार भनिन्छ। फलफूलको एक गिलास जुस दुई या तीन घण्टाको बीचमा पिउने, बीचबीचमा एक घण्टाको फरकमा एक गिलास पानी पनि पिउनुपर्छ। यो शरीर सफाइको प्रभावकारी विधि हो।

एकछाके उपवास : दिनमा एक छाक मात्र खाने गरिन्छ। यसमा अन्न वा फलफूल दुवै खान मिल्छ साथै बीचबीचमा घण्टैपिच्छे पानी पिउने सकिन्छ। अचेल चलिआएको व्रत एकछाके हो। यो उपवास तौल घटाउन फाइदाजनक मानिन्छ।

उपवासले शरीरलाई कसरी फाइदा गर्छ?

यसबेला शरीरले खाना पचाउने कामबाट मुक्ति पाउँछ। यसैको मौकामा शरीरले आफ्नो शुद्धीकरण गर्न लाग्छ। निरन्तर खाना खाइरहेको बेलामा शरीरले पूर्ण रूपमा पचाउन सकिरहेको हुँदैन। त्यही नपचेको खाना वा शरीरमा जम्मा भएर बसेको विकारलाई नष्ट गर्ने र शुद्ध पार्ने काम उपवासका बेला शरीरले गर्न पाउँछ, जसले गर्दा शरीरमा खराब कोलेस्टेरोल र बोसो जम्मा हुन दिँदैन। पेटलाई सधैँ स्वस्थ र हलुका बनाउँछ।

पानी पनि नपिई उपवास बस्नु कति ठीक?

निर्जल उपवासले शरीरलाई हलुका र फूर्तिलो बनाउने बनाएर शरीरलाई उर्जा प्रदान गर्छ साथै पेटभित्र भइसकेको अशुद्धि गर्न सकिन्छ। यसले क्यान्सरको हुने जोखिमसमेत न्यून गराउँछ।

कसरी बस्ने नवरात्रको व्रत?

आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म पर्ने जसलाई नवरात्र, दशहरा वा दुर्गापक्ष भनिन्छ। यो समयमा विशेषगरी महाकाली, महालक्ष्मी र महासरस्वती स्वरूप अखिल ब्रह्माण्ड नायिका मातेश्वरी जगतजननी श्रीदुर्गा भवानीको पूजा, आराधना र उपासनाका लागि निकै महत्त्व रहने कुरा शास्त्रोक्त रहेको छ।

यो नवरात्र पर्वले हाम्रो सनातन परम्परा, आस्था, संस्कृति, धार्मिक र सामाजिक क्षेत्रमा विशेष महत्त्व राख्दछ। यो समयमा भगवतीको पूजा, पाठ, आराधना, उपासना, व्रत श्रद्धा र भक्तिपूर्वक बस्नाले दुर्गा प्रसन्न भएर मनोकामना पूर्ण गरिदिनुहुने जनविश्वास रही आएको छ।

धार्मिक, आध्यात्मिक वा व्यक्तिगत अनुशासनका लागि भगवान् वा देवी देवताप्रति समर्पण भावले गरिने एक प्रकारको सङ्कल्प नै व्रत हो। यस्तो व्रत धार्मिक समारोह, पर्व र विशेष अवसरहरूमा गरिन्छ। विशेष समयमा या विशेष अवधिसम्म खानेकुरा, भौतिक सुख–सुविधा वा अरू कुनै पनि बानीबाट देवी–देवताप्रति समर्पण भावले त्याग गर्नु वा बार्नु नै व्रत हो।

व्रतलाई शारीरिक, मानसिक र आध्यात्मिक शुद्धिका लागि गरिएको अभ्यासको रूपमा लिइन्छ। व्रतको मुख्य उद्देश्य भगवानको आराधना, आत्मनियन्त्रण र इच्छाशक्तिको परीक्षण गर्नु हो। नवरात्रमा व्रत बस्नका लागि विभिन्न परम्परागत तरिकाहरू छन्, जुन तपाईँको धर्म, संस्कृति, आस्था, देश, काल, परिस्थिति, स्वास्थ्य, विश्वास र व्यक्तिगत मान्यतामा आधारित हुन्छ।

विशेषगरी यो नवरात्रमा नवदुर्गा भवानीको व्रत बस्नुभन्दा पहिले शारीरिक र मानसिक रूपमा शुद्धि हुन जरुरी छ। यो अवधिमा नङ, केश काट्न वर्जित हुन्छ। ब्रह्मचर्यको पालना गर्नुपर्ने हुन्छ। पूजामा कालो वस्त्र पूर्ण निषेध हुन्छ। प्रत्येक दिन प्रातः उठेर स्नान गरेर नित्यपूजा सकेर विशेष देवी दुर्गाको भिन्न–भिन्न स्वरूपको दिन विशेषले पूजा गर्नुपर्दछ। यो अवधिमा दुर्गा सप्तशती, दुर्गा चालीसा र अन्य देवी स्तोत्रहरू पाठ गर्नु राम्रो हुन्छ। यदि हामी विदेशमा छौँ भने त्यहाँको समय र परिस्थितिअनुसार श्रद्धा एवं भक्तिपूर्वक गरेको व्रत र पूजा भगवतीलाई मान्य हुन्छ।

दिनभरि केही पनि नखाई देवीको आराधना गर्नुहुन्छ र केवल पानी वा फलफूल मात्र खानुहुन्छ भने यसलाई पूर्ण व्रत भनिन्छ। यदि तपाईँ केही चुनिएका फल, दूध या सात्विक खाना (व्रतको लागि उपयुक्त खाना जस्तै आलु, सामा, चम्सुर, कागुनो, फापर आदि) व्रतमा खानुहुन्छ भने यसलाई साधारण व्रत भनिन्छ। जसले साँझमा आरती गरेर एक छाक मात्र खाना खान्छन् भने एक छाक खाएर पनि व्रत या उपासना गर्न सकिन्छ। भोको बस्दैमा व्रत पूर्ण हुँदैन, मनमा स्वच्छ भावना पनि हुनुपर्छ। याद राख्नुपर्ने कुरा के हो भने व्रत या पूजा गर्दा पहिले शरीर स्वस्थ हुनुपर्छ, त्यसपछि मात्र धर्मकर्म गर्नु भन्ने उक्ति शास्त्रोक्त हो।

अझ नवरात्र जस्तो लामो पर्वमा पूर्ण व्रत बस्न गाह्रो हुने भएकाले केही निश्चित सात्विक चिजहरू खान सकिन्छ। फलफूलमा स्याउ, केरा, उखु, नास्पाती, अनार या मौसम अनुसारको फल आदि। दूध र दुग्धजन्य चिजमा दूध, दही र पनिर, फापरको पीठो, सामा, चम्सुर, कागुनो, ताल मखाना, सामा आदिबाट बनेका परिकारहरू।

तरकारीमा आलु, साग, काउली, घिरौँला, बोडी, परबल, केराउ, मेवा, काँक्रो आदि व्रतमा उपयुक्त तरकारी मानिन्छ भने लसुन, प्याज, टमाटर, जिम्बु, गुन्द्रुक, तामा, चिचिन्डो, कुभिन्डो, भान्टा, डल्लो लौका, सिमी, सिस्नो आदि भने पूर्ण निषेध हुन्छ। ड्राइफुड्समा काजु, बदाम, किसमिस, ओखर, नरिवल आदि राम्रो हो भने खजुर र पेस्ता नखाँदा राम्रो हुन्छ।

व्रतहरू देशाचार, कुलाचार, व्यक्तिगत आस्था, परम्परा र धार्मिक उद्देश्यका आधारमा फरक–फरक हुन्छन्। व्रतको मुख्य उद्देश्य भगवानको आराधना, आत्मनियन्त्रण, शारीरिक र मानसिक शुद्धि प्राप्त गर्नु हो। माता भवानीले सम्पूर्ण भक्तहरूको मनोकामना पूर्ण गरिदिनुहोस्। अस्तु !

बाजाको प्रचलन कसरी शुरु भयो?

चाड़पर्व, विवाह, जात्रा र कुनै विशेष समारोहमा बाजा बजाउने चलन छ। नेवार समुदायमा प्रचलित जात्राहरू त बाजाबिना कल्पना पनि गरिँदैन। बाजागाजाले सांस्कृतिक पर्वको रौनक नै बेग्लै बनाइदिन्छ। तर पछिल्लो समय बाजा बजाउनेको सङ्ख्या भने घट्दै गएको देखिन्छ। व्यस्त जीवनशैली र नयाँ पुस्ताको रुचि कम हुँदै जाँदा परम्परागत नेवारी बाजा बजाउने व्यक्ति थोरै मात्रै छन्। बाजाको प्रचलन कसरी शुरु भयो र यसको महत्त्व के छ?

''मानव विकास क्रमको जङ्गली अवस्थामा जङ्गली पशुबाट आफ्नो सुरक्षा होस् भनेर विभिन्न ध्वनि निकाल्ने क्रममा बाजागाजाको उत्पत्ति भएको मानिन्छ''–नेपाल भाषाका शिक्षक कृष्ण प्रजापति भन्छन्, ''बालीनाली जोगाउन, जनावरबाट बच्न बाजा बजाउने चलन चलेको हुन सक्छ।''

समयक्रममा बाजाबाट निस्किएको ध्वनिले सबैलाई आनन्दित बनाउँदै मनोरञ्जन पनि प्रदान गर्न थालेको उनी बताउँछन्। ''मानिस मानिसबीच बोलिने भाषा फरक–फरक हुन्छन्। एकले अरुको भाषा नबुझ्न सक्छन्''–प्रजापति भन्छन्, ''बाजागाजाबाट निस्किएको ध्वनि जसलाई सङ्गीत भनिन्छ, यो विश्वभाषा हो। विश्वको जुनसुकै कुनामा बजाइने बाजाले सबैलाई मोहित पार्ने सामर्थ्य राख्छ।''

नेवार समुदायमा बाजाको खास महत्त्व छ। अन्य समुदायले पनि चाड़पर्व, विवाह, व्रतबन्धलगायत कार्यमा बाजा बजाउने गर्छन्। नेवार समुदायका भने जात्रा धेरै हुने भएकाले बाजागाजा अझ धेरै बजाइन्छ।

के छ बाजाको सामाजिक महत्त्व?

पहिले पहिले समाजमा सहभागिता जनाउन बाजा सिक्ने गरिन्थ्यो। नेपाल भाषाका शिक्षक प्रजापति बाजागाजा, भजन वा कुनै नाचमा संलग्न नभएसम्म समाजबाट पर भएको जस्तो हुने बताउँछन्। ''त्यसैले अधिकांश पुरुष कुनै न कुनै नाच वा बाजागाजामा सहभागी भएकै हुन्थे''–उनी भनछन्, ''साथै यो खाली समयको सदुपयोग पनि हो।''

धेरै बजाइने बाजा कुन–कुन हुन् ?

धिमे बाजा

'धि' भनेको ढिक्का, 'मे' भनेको गीत। काठको ढिक्कामा ठोकेर बजाइने बाजालाई धिमे भनिन्छ।

बाँसुरी

बाँसुरी प्रख्यात बाजा हो। यसको धुन गीत–सङ्गीतदेखि सबैतिर नै सुनिन्छ। एकपट्टि एउटा र अर्कोपट्टि सातवटा प्वाल हुने बाँसुरीलाई औँलाको चालसहित मुखले फुकेर बजाउने गरिन्छ।

बाँसुरी छोटो, लामो, मझौला गरी तीन प्रकारका हुन्छन्। बाँसबाट बन्ने भएकाले यसलाई बाँसुरी भनिएको हो।

नौबाजा

नगरा, पछिमा, लाटा खीँ, धिमे, ढाँ, ढलुक, नाखीँ, कोखीँ र ताताली बाजाको संयुक्त संयोजनको नाम नौबाजा हो। नौबाजामा हुने बाजाहरू नेवार समुदायभित्रका उपसमुदायअनुसार फरक–फरक हुने गरेको छ। मानन्धर समुदायमा नौबाजामा पछिमा, धोलक, कोखीँ, नायखीँ, धिमे, नगरा, पस्ट, धाँ, डमरु हुन्छ भने अन्य समुदायको नौबाजामा धाँ, कोटा, ढाँचा, धिमेचा, नायखीँ, पछिमा, ढोलक, कोखीँ र नगरा हुन्छ।

मानन्धर समुदायले नौबाजा गुलाँपर्वमा मात्र बजाउने गर्छ भने भक्तपुरको दत्तात्रय, टौमढ़ी र लालाछेँको नौबाजा समुदायले विशेष पर्वलगायत प्रत्येक महिनाको पूर्णिमामा बजाउने परम्परा छ।

साउन–भदौ (नेपाल सम्वतको गुँलाथ्व पारुदेखि ञलाथ्व पारुसम्म) एक महिना मनाइने गुँलापर्वका अवसरमा गरिने चैत्य परिक्रमामा मानन्धर समुदायले नौबाजा बजाउने गर्छन्। सोह्रौँ शताब्दीदेखि प्रचलनमा आएको नौबाजा नेवार समुदायमा चाड़पर्व, डाफा भजन, पूर्णिमा, एकादशी, जात्रा र मेलामा पनि बजाउने गरिन्छ।

गुणस्तरीय शिक्षाको माग गर्दै फ्रान्समा लाखौँ विद्यार्थी र शिक्षक सड्कमा

पेरिस, ७ अक्टोबर: फ्रान्समा विद्यालयको शैक्षिक अवस्था सुधार गर्नुपर्ने मागसहित मङ्गलवार देशभरि लाखौँ विद्यार्थी, शिक्षक, अभिभावक र मजदुर युनियनका सदस्य सडकमा उत्रिएका छन्। प्रदर्शनकारीले शिक्षकको अभाव, अव्यवस्थित कक्षा–तालिका, जीर्ण विद्यालय भवन र अत्यधिक गर्मी हुने कक्षाकोठा लगायतका समस्या समाधान गर्न सरकारसँग माग गरेका छन्। फ्रान्सको गृह मन्त्रालयका अनुसार देशभरिका प्रदर्शनमा २ लाख ५६ हजार मानिस सहभागी भएका थिए। राजधानी पेरिसमा मात्रै ५६ हजार प्रदर्शनकारी सड्कमा उत्रिएका थिए। तर, प्रदर्शन आयोजकले भने देशभरि ४ लाख ५० हजार र पेरिसमा एक लाख मानिस सहभागी भएको दाबी गरेका छन्।

प्रदर्शनका क्रममा केही स्थानमा पुलिस र प्रदर्शनकारीबिच झडपसमेत भएको छ। गृह मन्त्रालयका अनुसार मङ्गलवार कम्तीमा ४८८ जना पक्राउ परेका छन् भने सुरक्षाकर्मीतर्फ ४३ जना घाइते भएका छन्। सेप्टेम्बरको अन्तिम साताादेखि नै फ्रान्सका सयौँ माध्यमिक विद्यालयका विद्यार्थीले विद्यालयका प्रवेशद्वार अवरुद्ध गर्दै आएका छन्। उनीहरूले विद्यालयमा शिक्षक नहुने, अनुपस्थित शिक्षकको ठाउँमा अर्को शिक्षक नपठाइने, पढाइको बोझ बढ्ने र विद्यालयका भवन तथा कक्षाकोठा जीर्ण अवस्थामा रहेको भन्दै आन्दोलन शुरु गरेका हुन्। 'हाम्रो भविष्यप्रति चिन्तित छौँ'

दक्षिणी फ्रान्सको दोस्रो ठुलो सहर मार्सेमा प्रदर्शनमा सहभागी १५ वर्षीया सेल्माले आफ्नो भविष्यप्रति चिन्ता व्यक्त गरिन्। 'म आफ्नो भविष्यलाई लिएर एकदमै त्रसित छु,' उनी भन्छिन्। १८ वर्षीया ओसियानले पनि विद्यालयमा शिक्षक अनुपस्थित हुने र उनीहरूको ठाउँमा पठाइने वैकल्पिक शिक्षकले प्रभावकारी रूपमा पढाउन नसक्ने समस्या रहेको बताउँछिन्, 'हामी हाम्रो शिक्षालाई बचाउन र राम्रो शिक्षा प्राप्त गर्न चाहन्छौँ।' राजधानी पेरिसमा प्रदर्शनमा सहभागी १९ वर्षीया लिलियाले नयाँ पुस्ता आफ्नो आवाज सुनाउन सडकमा आएको बताइन्। उनले राष्ट्रपति इमानुएल म्याक्रोंले विद्यार्थीका माग सुन्ने आशा व्यक्त गरिन्। पेरिसको प्लास द ला रिपब्लिकमा प्रदर्शनकारीले विद्यालयमा

पर्याप्त बजेट विनियोजन गर्नुपर्ने मागसहितका ब्यानर प्रदर्शन गरेका थिए। दुई जना व्यक्ति स्मारकमा चढेर 'उपेक्षित विद्यालय, बलि चढाइएको युवा पुस्ता' लेखिएको ब्यानरसमेत झुन्ड्याएका थिए।

विद्यार्थीको आन्दोलनमा शिक्षक, अभिभावक र विभिन्न मजदुर युनियनले पनि समर्थन जनाएका छन्। पश्चिमी फ्रान्सको रेने सहरमा शिक्षक रोमाँ दुबुर्ग करिब ३० जना सहकर्मीसहित विद्यार्थीको समर्थनमा प्रदर्शनमा सहभागी भएका थिए। उनले विद्यार्थीले भोगुपरेको समस्या र प्रदर्शनका क्रममा देखिएको पुलिस बल प्रयोगबारे चिन्ता व्यक्त गरे। फ्रान्सको श्रमिक महासङ्घ (सीजीटी) की प्रमुख सोफी बिनेटले विद्यार्थीको सुरक्षाका लागि युनियनका सदस्यहरू उपस्थित भएको बताइन्।

पुलिस कारबाहीमाथि प्रश्न

विद्यालय सुधारको मागबाट शुरु भएको आन्दोलन केही स्थानमा पुलिससँगको झडपमा परिणत भएको छ। केही प्रदर्शनकारीले फोहोर फाल्ने कन्टेनरमा आगो लगाउने, बस बिसौनीमा क्षति पुऱ्याउने र पुलिससँग भिड्ने गरेका छन्। पुलिसले प्रदर्शनकारीलाई नियन्त्रणमा लिन लाठी, अश्रुग्यास र भीड नियन्त्रणका लागि प्रयोग हुने प्रक्षेप्य सामग्री प्रयोग गरेको छ। फ्रान्सका प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले प्रदर्शनका क्रममा भएको हिंसाको निन्दा गरेका छन्। संसद्मा बोल्दै उनले हिंसालाई कुनै पनि अवस्थामा सहन नसकिने बताए। 'विद्यालयमा आगो लगाउँदैमा विद्यालय भवनको अवस्था सुधार हुँदैन,' उनले भने।

सरकारले प्रदर्शनकारीमाथि पुलिस दमन गर्न निर्देशन दिएको भन्ने आरोप पनि उनले अस्वीकार गरेका छन्। तर, मानवअधिकारवादी संस्था, शिक्षक सङ्गठन र विद्यार्थीले पुलिसले आवश्यकताभन्दा बढी बल प्रयोग गरेको आरोप लगाएका छन्। सोमबार उत्तरी फ्रान्सको लेन्स सहरमा पुलिसको भीड नियन्त्रण गर्ने 'ग्रिनेड' लागेर १५ वर्षीय एक विद्यार्थीको हात गुमेको थियो। गत साता अर्का एक विद्यार्थी पुलिसको यस्तै नियन्त्रण सामग्रीबाट लागेर केही दाँत गुमाउन पुगेको विवरण सार्वजनिक भएको छ। त्यस्तै, मेट्ज सहरमा पक्राउ परेकी १५ वर्षभन्दा कम उमेरकी एक छात्रालाई सादा पोसाकमा रहेका पुलिसले अनुचित रूपमा छोएको देखिने भिडियो सार्वजनिक भएपछि सरकारी वकिलले पुलिस अनुसन्धानको माग गरेका छन्।

सरकारका अनुसार आन्दोलन शुरु भएदेखि हालसम्म २१५ विद्यार्थी र ७१५ पुलिस घाइते भएका छन्। एम्नेस्टी इन्टरनेसनलले पनि प्रदर्शनकारीमाथि भइरहेको पुलिस कारबाहीप्रति चिन्ता व्यक्त गरेको छ। संस्थाले पछिल्ला दिनमा देखिएको असमानुपातिक बल प्रयोग रोक्न फ्रान्सेली अधिकारीसँग माग गरेको छ। संस्थाकी प्रतिनिधि आन साभिनेल–बाराले सार्वजनिक भएका तस्बिर र प्रत्यक्षदर्शीका भनाइले अश्रुग्यास, लाठी र पुलिसको भीड नियन्त्रण गर्ने तरिकाबारे गम्भीर प्रश्न उठाएको बताएकी छन्।

२४ विद्यालयमा आगजनी र तोडफोड

फ्रान्सको शिक्षा मन्त्रालयका अनुसार आन्दोलन शुरु भएयता देशभरि २४ वटा विद्यालयमा आगजनी वा तोड्फोड भएको छ। सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने व्यक्तिलाई त्यसको मर्मत खर्च आफैँले तिर्नुपर्ने व्यवस्था गर्ने कानुन ल्याउने तयारी सरकार गर्दैछ।

अहिले यस्ता क्षतिको खर्च सार्वजनिक कोषबाट बेहोर्ने गरिन्छ। विद्यालयको भौतिक अवस्था सुधार, पर्याप्त शिक्षकको व्यवस्था र प्रभावकारी पठनपाठन सुनिश्चित गर्नुपर्ने माग गर्दै शुरु भएको आन्दोलनले फ्रान्सको शिक्षा क्षेत्र र पुलिसको व्यवहारबारे व्यापक बहस सिर्जना गरेको छ। विद्यार्थीले आफ्नो भविष्यसँग जोडिएको विषयमा सरकार गम्भीर हुनुपर्ने माग गरिरहेका छन्। सरकारले भने प्रदर्शनका क्रममा हुने हिंसा र सार्वजनिक सम्पत्तिमाथिको क्षति नियन्त्रण गर्नुपर्नेमा जोड दिएको छ। शिक्षा सुधारको मागमा विद्यार्थी, शिक्षक र अभिभावक एक ठाउँमा उभिए पनि आन्दोलन व्यवस्थापन र पुलिसको बल प्रयोगलाई लिएर सरकारमाथि दबाब बढ्दै गएको छ।

प्लेगको आशङ्कापछि साइबेरियामा चिन्ता, पुटिनसँग कुरा गर्दै छन् ट्रम्प

मस्को, ७ अक्टोबर: रूसको साइबेरियास्थित एक अनुसन्धान संस्थानमा कार्यरत महिलाको मृत्यु भएपछि प्लेगको सम्भावित सङ्क्रमणबारे चिन्ता बढेको छ। यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग यस विषयमा चाँडै टेलिफोन वार्ता गर्ने बताएका छन्। मङ्गलवार ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले पुटिनसँग यस विषयमा 'छिट्टै नै' कुराकानी हुने बताएका हुन्। उनले अमेरिकी गुप्तचर निकायहरूले यस घटनाबारे सङ्कलन गरेको जानकारी पनि अध्ययन भइरहेको बताए। ट्रम्पका अनुसार यस विषयमा थप जानकारी बुधवार सार्वजनिक हुन सक्नेछ। यसअघि सोमबार उनले आवश्यक परे अमेरिकाले रूसलाई सहयोग गर्न तयार रहेको बताएका थिए।

अनुसन्धान संस्थानकी कर्मचारीको मृत्यु

यो घटना साइबेरियाको इर्कुत्स्क एन्टिप्लेग रिसर्च इन्स्टिच्युटसँग सम्बन्धित छ। उक्त संस्थानमा कार्यरत एक महिलाको गत साता मृत्यु भएको थियो। रूसी अधिकारीहरूले उनको मृत्युको कारण अज्ञात कारणले भएको निमोनिया रहेको बताएका छन्। महिलाको मृत्यु र प्लेगको सम्भावित सङ्क्रमणबिच सम्बन्ध छ वा छैन भन्ने विषयमा स्वास्थ्य अधिकारीहरूले अनुसन्धान गरिरहेका छन्। हालसम्म उपलब्ध विवरणमा प्लेग सङ्क्रमण पुष्टि भएको जानकारी छैन। त्यसैले यो घटनालाई पुष्टि भएको प्लेग प्रकोपका रूपमा लिन नमिल्ने स्वास्थ्य अधिकारीहरूको अनुसन्धानसम्बन्धी विवरणले देखाउँछ।

डब्ल्यूएचओले भन्यो– रूसबाहिर जोखिम निकै कम

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले मङ्गलवार रूसबाहिर यस घटनाबाट सङ्क्रमण फैलिने जोखिम निकै कम रहेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकायले घटनाबारे रूसी अधिकारीहरूसँग सम्पर्कमा रहेर आवश्यक जानकारी लिइरहेको बताएको छ। प्लेग गम्भीर सङ्क्रामक रोग हो। यसको एउटा प्रकार, निमोनिक प्लेगले फोक्सोमा सङ्क्रमण गराउँछ। समयमै उपचार नपाए यो घातक हुन सक्छ। तर साइबेरियामा भएको पछिल्लो घटनामा यही सङ्क्रमण देखिएको हो वा होइन भन्ने पुष्टि हुन बाँकी छ।

ट्रम्पको टिप्पणीले पनि बढायो चासो

ट्रम्पले सोमबार प्लेगलाई गम्भीर रोग भन्दै यसका जीवाणु पहिलेभन्दा बलिया र 'चलाख' भएको टिप्पणी गरेका थिए। उनले ती सूक्ष्म जीवको तुलना एउटा सेनासँग गरेका थिए। यद्यपि, उनको यो टिप्पणीले साइबेरियाको घटनामा प्लेगको सङ्क्रमण पुष्टि भएको अर्थ दिँदैन। अनुसन्धान जारी रहेकाले वास्तविक कारण पत्ता लाग्न बाँकी छ।

रूसमाथि प्रतिबन्ध लगाउने समय सीमा नजिक

ट्रम्प र पुटिनबिच सम्भावित वार्ता हुन लागेको समयमा रूसमाथि थप प्रतिबन्ध लगाउने विषय पनि अमेरिकी प्रशासनको प्राथमिकतामा छ। समाचारअनुसार, ट्रम्पले सेप्टेम्बर १८ मा लिण्डसे ओ ग्राहमको नामसँग जोडिएको 'सेन्क्सन्स रसिया एन्ड इरान एक्ट' मा हस्ताक्षर गरेका थिए। उक्त कानुनअन्तर्गत रूसका कुन संस्था तथा व्यक्तिमाथि प्रतिबन्ध लगाउने भन्ने निर्णयका लागि अमेरिकी प्रशासनसँग अक्टोबर १८ सम्मको समय सीमा छ। युक्रेनले पनि अमेरिकी प्रशासन र कंग्रेसलाई रूसी कम्पनी, जहाज तथा व्यक्तिहरूको सूची उपलब्ध गराउँदै उनीहरूमाथि प्रतिबन्ध लगाउन माग गरेको छ।

यसै कारण साइबेरियाको अनुसन्धान संस्थानमा भएको मृत्युले स्वास्थ्यसम्बन्धी चासो बढाएको छ भने ट्रम्प र पुटिनबिचको सम्भावित वार्ता तथा रूसमाथि थप प्रतिबन्ध लगाउने अमेरिकी निर्णयलाई पनि चासोका साथ हेरिएको छ।

धानमा आत्मनिर्भर बनेपछि वन फँडानी रोक्ने इण्डोनेशियाको निर्णय

जकार्ता, ७ अक्टोबर: इण्डोनेसियाले धान उत्पादनका लागि जमिन खाली गर्न लाखौँ हेक्टर वन क्षेत्र फँडानी गर्ने योजना रोक्ने घोषणा गरेको छ। देशले मुख्य खाद्यान्न बालीका रूपमा रहेको धानमा आत्मनिर्भरता हासिल गरिसकेपछि सरकारले यस्तो निर्णय गरेको हो। सरकारले सन् २०२४ मा धान खेतीका लागि ३० लाख हेक्टर जमिन खाली गरी पाँच वर्षभित्र धान आयातमाथिको निर्भरता अन्त्य गर्ने कार्यक्रम शुरु गरेको थियो। इण्डोनेसिया विश्वमै सबैभन्दा बढी वन क्षेत्र भएका देशमध्ये एक हो। यी वनले मानव गतिविधिका कारण जीवाश्म इन्धनको दहनबाट उत्सर्जित हुने र पृथ्वीको तापक्रम बढाउने कार्बन डाइअक्साइलगायतका हरितगृह ग्यास ठूलो मात्रामा सोस्ने गर्छन्।

इण्डोनेसियाले सन् २०३० सम्ममा 'नेट कार्बन सिङ्क' अर्थात् उत्सर्जनभन्दा बढी कार्बन सोस्ने अवस्था हासिल गर्ने लक्ष्य राखेको छ। यसका लागि वन तथा अन्य भूमि उपयोग क्षेत्रबाट हुने उत्सर्जनभन्दा बढी कार्बन सोस्ने व्यवस्था गरिनेछ कृषि तथा काठ कटानका लागि भइरहेको वन विनाश र अनियन्त्रित डढेलोले इण्डोनेसियाको यो लक्ष्यलाई जोखिममा पार्न सक्ने पर्यवेक्षकले चेतावनी दिँदै आएका छन्। विश्वमै धानको उच्च खपत गर्ने देशमध्ये एक इण्डोनेसियामा आन्तरिक उत्पादनले नै देशभरको माग पूरा गर्न थालेको तथ्याङ्क सार्वजनिक भएपछि राष्ट्रपति प्राबोवो सुबियान्टोले यसलाई 'महत्वपूर्ण

उपलब्धि' भनुभएको छ। जलवायुसम्बन्धी विशेष दूत हासिम जोजोहाडिकुसुमोले मङ्गलवार सरकारको रणनीतिक धान भण्डार करिब ५३ लाख (५.३ मिलियन) टन पुगेको बताए। राष्ट्रपति प्राबोवोका भाइ रहेका हासिमले भनुभयो, वन क्षेत्र भनिएका ठाउँमा धान खेती विस्तार गर्नुपर्ने थप आवश्यकता सरकारले देखेको छैन।

उनका अनुसार अब सरकारले धान उत्पादन बढाउन उन्नत बीउको प्रयोगलगायत उत्पादन सघनताका उपायमा ध्यान केन्द्रित गर्नेछ। यो योजना रोक्नुअघि कति वन क्षेत्र धान खेतमा परिणत भइसकेको थियो भन्नेबारे भने स्पष्ट जानकारी उपलब्ध छैन। खाद्य सुरक्षा प्रवर्द्धन गर्ने सरकारी निकाय 'नेसनल फुड एजेन्सी'का अनुसार, इण्डोनेसियाले सन् २०२५ मा तीन करोड ४७ लाख १० हजार (३४.७१ मिलियन) टन धान उत्पादन गरेको थियो। यो देशको वार्षिक तीन करोड ११ लाख ९० हजार (३१.१९ मिलियन) टन मागभन्दा बढी हो। यसैबिच इण्डोनेसियाका वन तथा पीटल्याण्ड (दलदली भूमि)मा लागेको डढेलोबाट निस्किएको धुवाँले छिमेकी मुलुक मलेसिया र सिङ्गापुरलाई हर्मांदेखि प्रभावित बनाएको छ।

'एल निनो' मौसमी घटनासँग जोडिएको अत्यधिक गर्मी र सुख्खा मौसमले डढेलो फैलिन थप सहयोग गरेको छ। जमिन खाली गर्ने गतिविधिसँग पनि यस्ता डढेलो जोडिएको बताइन्छ। 'माइटी अर्थ' नामक पैरवी समूहले हासिमको घोषणाको स्वागत गरेको छ। उक्त गैरसरकारी संस्थाका संस्थापक ग्लेन हुरोविट्जले एक विज्ञप्तिमा भने, प्रकृतिको संरक्षण गर्दै कृषि क्षेत्र विस्तार गर्न सकिन्छ भन्ने देखाउने सन्दर्भमा यस निर्णयले इण्डोनेसियाको नेतृत्वदायी भूमिकालाई पुनः स्थापित गरेको छ। उनले भने, यस निर्णयले राष्ट्रपति प्राबोवोको एक करोड २० लाख (१२ मिलियन) हेक्टर वन, पीट भूमि र अन्य पारिस्थितिक प्रणाली पुनर्स्थापना गर्ने लक्ष्य हासिल गर्न ठुलो परिमाणको लगानीका लागि अवसर सिर्जना गरेको छ।

हैटीमा चुनाउ अनिश्चितकालका लागि स्थगित

हैटी, ७ अक्टोबर: वर्षौँदेखि गिरोह हिंसा, राजनीतिक अस्थिरता र सुरक्षा सङ्कटबाट गुज्रिरहेको हैटीले यस वर्षको अन्त्यमा हुने भनिएको राष्ट्रपति तथा विधायी चुनाउ अनिश्चितकालका लागि स्थगित गरेको छ।

अस्थायी निर्वाचन परिषद्ले मङ्गलवार चुनावी अभियानका लागि तोकिएको अवधि स्थगित गरिएको र नयाँ मिति 'सकेसम्म चाँडो' सार्वजनिक गरिने जनाएको छ। राष्ट्रपति तथा विधायी चुनाउको पहिलो चरण डिसम्बर १३ र दोस्रो चरण सन् २०२७ को फरवरी २१ मा गर्ने तय गरिएको थियो। परिषद्का एक सदस्यले डिसम्बर १३ को मिति कायम नरहेको पुष्टि गर्दै नयाँ समयतालिकामा काम भइरहेको बताए। उनका अनुसार मतदाता दर्ता भने जारी छ। जुलाई २० देखि मङ्गलवारसम्म करिब सात लाख ६९ हजार मतदाता दर्ता भएका छन्।

हैटीमा सन् २०१६ यता राष्ट्रिय चुनाव हुन सकेको छैन। सन् २०२१ मा हत्या गरिएका तत्कालीन राष्ट्रपति जोभेनेल मोइजको स्थानमा समेत निर्वाचित राष्ट्रप्रमुख चयन हुन सकेको छैन। त्यसैले चुनाउलाई राजनीतिक नेतृत्व पुनःस्थापना र देशमा स्थिरता कायम गर्ने महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ। सुरक्षा सङ्कटका कारण देशभर निर्वाचन सञ्चालन गर्न कठिनाइ भएको हो। गिरोहको नियन्त्रणमा रहेका धेरै नगरपालिकामा मतदाता दर्ता केन्द्र स्थापना हुन सकेका छैनन् भने धम्कीका कारण सड्क बन्द हुँदा निर्वाचन सामग्री ढुवानीमा समेत समस्या भएको छ। अन्तरराष्ट्रिय आप्रवासन सङ्गठनका अनुसार करिब एक करोड १० लाख जनसङ्ख्या रहेको हैटीमा हिंसाका कारण करिब १५ लाख मानिस आन्तरिक रूपमा विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कका अनुसार यस वर्ष कम्तीमा पाँच हजार सात सय मानिस मारिएका वा घाइते भएका छन् भने एक हजारभन्दा बढी महिला तथा बालिका बलात्कृत भएका छन्।

स्थानीय पुलिसमाथिको दबाब कम गर्न संयुक्त राष्ट्रसङ्घको समर्थनमा ग्याङ सप्रेसन फोर्स (जीएसएफ) तैनाथ भइरहेको छ। पाँच हजार पाँच सय कर्मचारी परिचालन गर्ने लक्ष्य रहे पनि हालसम्म करिब एक हजार पाँच सय मात्र पुगेका छन्। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गत महिनाको अन्त्यमा जिएसएफको कार्यादेश थप छ महिनाका लागि विस्तार गर्दै स्वतन्त्र तथा निष्पक्ष चुनाउका लागि अनुकूल सुरक्षा वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

हुथी–सरकारी सेनाबिच भीषण झड्प २४ घण्टामा २७० भन्दा अधिकको मृत्यु

यमन, ७ अक्टोबर: यमनमा जारी झडपका क्रममा पछिल्लो २४ घण्टामा सरकारी सेनाका जवान र इरानसमर्थित हुथी विद्रोही गरी २७० भन्दा बढीको मृत्यु भएको दुवै पक्षका स्रोतले मङ्गलवार एएफपीलाई बताएका छन्। साउदी अरबको समर्थन प्राप्त अन्तरराष्ट्रिय मान्यताप्राप्त यमनी सरकारले गत महिना हुथी विद्रोहीले कब्जा गरेका क्षेत्र पुनः आफ्नो नियन्त्रणमा लिन प्रत्याक्रमण शुरु गरेपछि देशमा लडाइँ तीव्र बनेको हो। सरकारी स्रोतले नाम नखुलाउने सर्तमा एएफपीलाई बताएअनुसार पछिल्लो २४ घण्टामा ११५ सैनिकको मृत्यु भएको छ। झडप तथा हुथी विद्रोहीले गरेका क्षेप्यास्त्र र ड्रोन आक्रमणमा दर्जनौँ अन्य सैनिक घाइते भएका छन्। हिंसाको मुख्य केन्द्र यमनको दक्षिणपश्चिमी क्षेत्रमा रहेको छ। यो क्षेत्र विश्वव्यापी ऊर्जा आपूर्तिका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण मानिने 'बाब अल–मान्दब जलसन्धि' आसपास पर्छ। यसैबिच, हुथी सैन्य स्रोतले एएफपीलाई बताएअनुसार पछिल्लो एक दिनमा उनीहरूका १६० लडाकु मारिएका छन्। स्रोतका अनुसार तीमध्ये अधिकांशको मृत्यु हुथीको नियन्त्रणमा रहेका क्षेत्रमा साउदी अरबले गरेको हवाई आक्रमणमा भएको हो।

अस्ट्रेलियामा पेट्रोल कारको बिक्री ३६.२ प्रतिशतले घट्यो, ईभीको माग तीव्र

सिड्नी, ७ अक्टोबर: अस्ट्रेलियामा विद्युतीय सवारीसाधन (ईभी) प्रति उपभोक्ताको आकर्षण बढ्दै जाँदा पेट्रोलबाट चल्ने नयाँ सवारीसाधनको बिक्रीमा उल्लेख्य गिरावट आएको छ। फेडरल चेम्बर अफ अटोमोटिभ इन्डस्ट्रिज (एफसीएआई) का अनुसार सन् २०२६ को सेप्टेम्बरमा अस्ट्रेलियामा पेट्रोल सवारीसाधनको बिक्री अघिल्लो वर्षको सोही महिनाको तुलनामा ३६.२ प्रतिशतले घटेको छ। एफसीएआईका अनुसार डिजेलबाट चल्ने सवारीसाधनको बिक्री पनि सेप्टेम्बरमा १८.४ प्रतिशतले घटेको छ। यसको विपरीत ब्याट्रीबाट चल्ने विद्युतीय सवारीसाधन (बीईभी) र प्लग–इन हाइब्रिड सवारीसाधनको बिक्री भने दोब्बरभन्दा बढी भएको छ। यसले अस्ट्रेलियाको नयाँ सवारीसाधन बजारमा विद्युतीय तथा विद्युतीकृत प्रविधिको माग तीव्र रूपमा बढिरहेको देखाएको छ।

सेप्टेम्बरमा अस्ट्रेलियामा बिक्री भएका नयाँ सवारीसाधनमध्ये बीईभीको हिस्सा २४.२ प्रतिशत पुगेको एफसीएआईले जनाएको छ। यो अहिलेसम्मकै दोस्रो उच्च बजार हिस्सा हो। यसअघि अगस्टमा बीईभीको बजार हिस्सा २४.९ प्रतिशत पुगेको थियो। बीईभीले नयाँ सवारीसाधन बिक्रीमा लगातार पाँचौँ महिनासम्म कम्तीमा २० प्रतिशत बजार हिस्सा कायम गरेको छ। मई महिनामा पहिलोपटक बीईभीको हिस्सा २० प्रतिशतभन्दा माथि पुगेपछि त्यसयता विद्युतीय सवारीसाधनको बजार उपस्थिति निरन्तर बलियो बन्दै गएको हो। विश्लेषकहरूका अनुसार उपभोक्ताको बदलिँदो प्राथमिकता, विद्युतीय सवारीसाधनका नयाँ मोडलको उपलब्धता र पेट्रोल तथा डिजेल सवारीसाधनप्रतिको घट्दो आकर्षणले बजारको संरचनामा परिवर्तन ल्याइरहेको छ। पछिल्लो तथ्याङ्कले अस्ट्रेलियाको सवारी बजार क्रमशः परम्परागत इन्धनबाट विद्युतीय प्रविधितर्फ अघि बढिरहेको सङ्केत गरेको छ।

यसैबीच, अस्ट्रेलियामा बिक्री भएका नयाँ सवारीसाधनको प्रमुख स्रोतका रूपमा चीनले आफ्नो अग्रता कायम गरेको छ। एफसीएआईका अनुसार सेप्टेम्बरमा अस्ट्रेलियाको कुल नयाँ सवारीसाधन बजारमा चीनबाट आपूर्ति भएका सवारीसाधनको हिस्सा ३५.५ प्रतिशत थियो। जापानको हिस्सा भने २२.५ प्रतिशत रहेको छ। चीनले यस वर्षको फरवरीमा पहिलोपटक अस्ट्रेलियाको नयाँ सवारीसाधनको सबैभन्दा ठूलो आपूर्तिकर्ताको स्थान हासिल गरेको थियो। त्यसअघि जापानले झण्डै ३० वर्षसम्म हरेक महिना अस्ट्रेलियाको नयाँ सवारीसाधन बजारमा सबैभन्दा ठूलो आपूर्तिकर्ताको स्थान कायम गरेको थियो।

इजरायलको चुनाउअघि सुरक्षा चिन्ताले नेतान्याहुको चुनावी अभियानमा दबाउ

जेरुसेलम, ७ अक्टोबर: इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको चुनावी अभियानमा देशको सुरक्षा मुख्य मुद्दा बनेको छ। ७ अक्टोबर २०२३ को हमास आक्रमण रोक्न असफल भएको आरोप र हालैको अर्को सुरक्षा घटनाले नेतान्याहुको नेतृत्वमाथि प्रश्न उठाएको छ। आम निर्वाचन नजिकिँदै गर्दा नेतान्याहुले हमास र हिजबुल्लाहविरुद्ध इजरायलले हासिल गरेको सैन्य सफलतालाई आफ्नो पक्षमा प्रस्तुत गर्दै आएका छन्। तर आलोचकले ७ अक्टोबरको आक्रमणअघि सम्भावित खतराबारे प्राप्त सूचनालाई सरकारले पर्याप्त गम्भीरताका साथ नलिएको आरोप लगाएका छन्। गत महिना इजरायली र अमेरिकी सञ्चारमाध्यमले संयुक्त अरब इमिरेट्स (यूएई) र इजिप्टले आक्रमण हुनुअघि नै हमासले ठूलो आक्रमणको तयारी गरिरहेकोबारे नेतान्याहुलाई चेतावनी दिएको रिपोर्ट सार्वजनिक गरेका थिए। नेतान्याहुले भने ती दाबी अस्वीकार गरेका छन्। विपक्षी नेताले

घटनाको जिम्मेवारी निर्धारण गर्न सरकारी छानबिन आयोग गठन गर्न माग गरे पनि सरकारले त्यसलाई अस्वीकार गर्दै आएको छ।

स्वतन्त्र सुरक्षा विश्लेषक माइकल होरोविट्जका अनुसार ७ अक्टोबरको सुरक्षा असफलता नै नेतान्याहुको चुनावी अभियानको मुख्य कमजोरी बनेको छ। उनका अनुसार मतदाताको सुरक्षासम्बन्धी विश्वास पुनः हासिल गर्नु नेतान्याहुका लागि ठुलो चुनौती हो। यसैबीच, गत साता इजरायलतर्फ आउँदै गरेको फ्लाइदुबईको उडानमा आक्रमणको प्रयास विफल भएपछि पनि सुरक्षा कमजोरीबारे प्रश्न उठेको छ। घटनापछि नेतान्याहुले बेन गुरियन विमानस्थल पुगेर यात्रुलाई स्वागत गर्नुभएको थियो। तर आलोचकले विमानका सहचालकको पृष्ठभूमिबारे पर्याप्त जाँच भएको थियो कि थिएन भन्ने प्रश्न उठाएका छन्। दबाब बढेपछि नेतान्याहुले इजरायल आउने अन्तरराष्ट्रिय उडानको सुरक्षा समीक्षा गर्न आदेश दिए। जनमत सर्वेक्षणमा नेतान्याहुको समर्थन केही घटेको देखिए पनि उहाँ र विपक्षी नेता गादी आइजेनकोटबिचको प्रतिस्पर्धा अझै कडा रहेको छ। होरोविट्जका अनुसार नेतान्याहुले हमास र हिजबुल्लाहविरुद्धको सैन्य कारबाहीलाई आफ्नो पक्षमा प्रस्तुत गर्दै मतदाताको समर्थन पुनः प्राप्त गर्ने प्रयास गर्न सक्नेछन्।

३१ अक्टोबरमा पाल्जर स्टेडियममा नेपथ्यको लाइभ प्रस्तुति हुने

गान्तोक, ७ अक्टोबर: आगामी ३१ अक्टोबरमा गान्तोकस्थित पाल्जर स्टेडियममा लोकप्रिय नेपाली लोक-रक ब्याण्ड नेपथ्यको विशेष लाइभ प्रस्तुति हुने भएको छ। 'नेपथ्य लाइभ इन सिक्किम-लेट्स गेट लाउड, सेलिब्रेट सिक्किम' नाम दिइएको उक्त कार्यक्रम सिक्किमको कला, सङ्गीत, संस्कृति तथा सम्पदालाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिने बताइएको छ।

मुख्यमन्त्री पीएस गोलेको पहलमा आयोजना हुन लागेको कार्यक्रममा नेपथ्यको प्रत्यक्ष प्रस्तुति मुख्य आकर्षण रहनेछ। पोजिटिभ भाइब्स इन्टरटेन्मेन्ट नेटवर्कको तत्त्वावधानमा हुने कार्यक्रमलाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्ने तयारी भइरहेको आयोजकले जनाएको छ। कार्यक्रमका प्रमुख संरक्षक तथा नामथाङ-रातेपानी क्षेत्रका विधायक सञ्जित खरेलले सङ्गीतप्रेमी तथा आम नागरिकलाई कार्यक्रममा सहभागी भएर सफल बनाउन आह्वान गरेका छन्।

बुधवार आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै विधायक खरेलले यस्ता सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमले राज्यमा पर्यटक तथा आगन्तुकको आवागमन बढ़ाउनुका साथै होटल, यातायात, रेस्टुरेन्ट, सावीर साधनलगायत स्थानीय व्यवसायमा सकारात्मक प्रभाव पार्ने र समग्र आर्थिक गतिविधिलाई समेत चलायमान बनाउने अपेक्षा गरिएको छ। 'सेलिब्रेट सिक्किम' कार्यक्रमको मुख्य उद्देश्य सङ्गीतलाई सिक्किमका विभिन्न समुदाय, संस्कृति र समृद्ध सम्पदासँग जोड्दै राज्यको सांस्कृतिक पहिचानलाई व्यापक रूपमा प्रवर्द्धन गर्नु रहेको प्रमुख संरक्षक खरेलले बताएका छन्। पत्रकार सम्मेलनमा कार्यक्रम प्रमुख विकास कायस्थ र क्षेत्रीय प्रतिनिधि छिरिङ युडेन भोटिया र नीरबहादुर छेत्रीको पनि उपस्थिति रहेको थियो।

नरबहादुर भण्डारी कलेजमा 'साइबर सखी-साइबर सुरक्षित सिक्किम' अभियानको उद्घाटन समारोह आयोजित

गान्तोक, ७ अक्टोबर: राज्यभरि सुरक्षित अनलाइन वातावरण निर्माण गर्ने दिशामा एउटा महत्त्वपूर्ण कदमका रूपमा नरबहादुर भण्डारी सरकारी कलेजले 'साइबर सखी – साइबर सुरक्षित सिक्किम' अभियानको उद्घाटन समारोह आयोजना गरेको छ। यो पहल 'रेस्पोन्सिबल नेटिज्म' (आहान फाउण्डेशन) र यसको कार्यान्वयन साझेदार 'क्याटालिटिक एजुकेशनल फाउण्डेशन' (जसको स्थापना र नेतृत्व कुञ्जाङ छोकी भोटियाले गरेकी हुन्) द्वारा सिक्किम सरकारको विद्यार्थी कल्याण बोर्डको सहयोगमा सञ्चालन गरिएको हो।

यही क्रमलाई निरन्तरता दिँदै आगामी तीन दिनभित्र डाइट कलेज बुर्तुक, सरकारी विधि कलेज बुर्तुक र बुर्तुक सरकारी कलेजमा पनि यस्तै अन्तरक्रियात्मक सत्रहरू सञ्चालन गर्ने योजना रहेको छ। यी प्रयासहरूको उद्देश्य २०० भन्दा बढ़ी 'साइबर सुरक्षा राजदूत' हरूलाई प्रशिक्षित र प्रेरित गर्नु हो, जसले आफ्ना क्याम्पस र समुदायहरूमा डिजिटल सुरक्षासम्बन्धी सचेतना फैलाउन नेतृत्व गर्नेछन्।

कार्यक्रममा सिक्किम सरकारको विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनाम छोपेल मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। यति सान्दर्भिक विषयमा काम गरेकोमा टोलीको प्रशंसा गर्दै उनले आजका युवाहरूका लागि डिजिटल साक्षरता र जिम्मेवार अनलाइन बानी कति महत्त्वपूर्ण छ भन्ने विषयमा जोड़ दिए।

सहभागीहरूलाई स्वागत गर्दै नरबहादुर भण्डारी सरकारी कलेजका प्रधानाध्यापक डा. डी पुरोहितले डिजिटल सुरक्षालाई समर्थन गर्न शैक्षिक संस्थाहरू एकजुट हुनुपर्ने आवश्यकतामा जोड़ दिए। उद्घाटन समारोहमा संस्कृति विभागकी अध्यक्ष भीमकुमारी शर्मा तथा विद्यार्थी कल्याण बोर्डका सदस्य डा. सावित्री मुखिया र नरेश छेत्रीलगायत विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो।

केसीएफ टोलीको नेतृत्वमा सञ्चालित यस अभियानले विद्यार्थीहरूलाई आत्मविश्वास र सावधानीका साथ डिजिटल संसारमा अघि बढ्न व्यावहारिक उपायहरू प्रदान गर्दछ। वक्ताहरूले विद्यार्थीहरूलाई अनलाइनमा सुरक्षित रहनु अब एउटा विकल्प मात्र नभएर आवश्यकता पनि रहेको साथै उनीहरूलाई आफ्ना कलेज, घर र समुदायभित्र साइबर सुरक्षाका अभियन्ताका रूपमा अघि आउन प्रोत्साहित गरे।

चिवाभञ्ज्याङमा उत्तरेका विद्यार्थीको शैक्षिक अध्ययन भ्रमण

गान्तोक, ७ अक्टोबर: उत्तरे उच्चतर माध्यमिक विद्यालयले १२औँ श्रेणीका राजनीतिशास्त्र विषयका विद्यार्थीका लागि भारत-नेपाल सीमास्थित चिवाभञ्ज्याङमा एकदिने पदयात्रासहित शैक्षिक अध्ययन भ्रमण सम्पन्न गरेको छ।

विद्यार्थीलाई कक्षाकोठामा सिकेका विषयवस्तुलाई प्रत्यक्ष अवलोकन र अनुभवमार्फत बुझाउने उद्देश्यले आयोजना गरिएको भ्रमणको नेतृत्व राजनीतिशास्त्र विषयकी स्नातकोत्तर शिक्षिका निम्कित लेप्चाले गरेकी थिइन्।

भ्रमणको क्रममा विद्यार्थीले भारत-नेपाल सम्बन्ध, सीमाको व्यवस्थापन तथा राष्ट्रिय सुरक्षामा सुरक्षाकर्मीको भूमिकाबारे प्रत्यक्ष जानकारी हासिल गरे। चिवाभञ्ज्याङमा तैनाथ सशस्त्र सीमा बलका सुरक्षाकर्मी साथै सिक्किम पुलिससँग विद्यार्थीले अन्तरक्रियासमेत गरेका थिए।

अन्तरक्रियाको क्रममा सुरक्षाकर्मीले खुल्ला तथा मैत्रीपूर्ण सीमाको सुरक्षा व्यवस्थापनका क्रममा आइपर्ने विभिन्न चुनौती सीमाको सुरक्षाको महत्त्व तथा दुई छिमेकी राष्ट्रबीचको मैत्रीपूर्ण सम्बन्ध कायम राख्नुपर्ने आवश्यकताबारे विद्यार्थीलाई जानकारी गराए।

प्रत्यक्ष अवलोकन र सुरक्षाकर्मीसँगको अन्तरक्रियाले विद्यार्थीलाई पाठ्यपुस्तकमा सीमित ज्ञानभन्दा बाहिर गएर व्यवहारिक ज्ञान हासिल गर्ने अवसर प्रदान गरेको विद्यालयले जनाएको छ। विद्यार्थीले समेत भ्रमणलाई स्मरणीय तथा ज्ञानवर्द्धक अनुभवका रूपमा लिएका छन्।

भ्रमण सफल बनाउन सहयोग तथा सहकार्य गर्ने उत्तरे पुलिस, सशस्त्र सीमा बलका सुरक्षाकर्मी, अभिभावक तथा संरक्षकप्रति विद्यालय प्रशासनले आभार व्यक्त गरेको छ।

सड़क दुर्घटनामा पतिको मृत्यु र पत्नी घाइते

सिलगढ़ी, ७ अक्टोबर (हिस): सिलगढ़ी-जलपाइगढ़ी राष्ट्रिय राजमार्गमा राजगञ्जको भुटकिरहाट क्षेत्रमा गए मङ्गलवार राति भएको एक सड़क दुर्घटनामा एकजना बाइक चालकको मृत्यु भयो भने उनकी पत्नी गम्भीर रूपमा घाइते भइन्। मृतकको पहिचान मयानगुरी निवासी विद्युत् रोयको रूपमा भएको छ।

जानकारीअनुसार विद्युत् रोय आफ्नी पत्नीसँग सिलगढ़ीदेखि बाइकमा मयानागुड़ीतर्फ गइरहेका थिए। यसैबीच उनको बाइक एउटा मालवाहक वाहनसित ठोक्कियो। दुर्घटनापछि दुवै सड़कमा लड़े। विद्युत् रायको घटनास्थलमै मृत्यु भयो भने उनकी पत्नी गम्भीर घाइते भइन्। सूचना पाए लगत्तै भोरेर आलो थाना र फुलबाड़ी राजमार्ग ट्राफिक आउटपोस्टको पुलिस घटनास्थलमा पुगे। घाइतेहरूलाई पुलिस अनि स्थानीय मानिसहरूको सहयोगमा उत्तर बङ्गाल मेडिकल कलेज एवं अस्पतालमा पठाइयो। दुर्घटनापछि चालक वाहनसितै भाग्यो। पुलिसले मुद्दा दर्ता गरी दुर्घटनाको जाँच शुरु गरेको छ।

प्रधानमन्त्री मोदीले सार्वजनिक...

विकासप्रति प्रधानमन्त्री मोदीको ध्यान र चासोले यस क्षेत्रको सम्पर्क सञ्जाल, समग्र विकास तथा राष्ट्रिय विकास यात्रासँगको एकीकरणलाई नयाँ गति दिएको बताएका छन्।

सिक्किम र सिक्किमे जनताप्रति प्रधानमन्त्री मोदीबाट निरन्तर प्राप्त सहयोग, मार्गदर्शन, स्नेह तथा आशीर्वादका लागि राज्यका जनता र सरकार गहिरो रूपमा कृतज्ञ रहेको पनि उनले बताएका छन्।

मुख्यमन्त्री गोलेले प्रधानमन्त्री मोदीको निरन्तर सुस्वास्थ्य, शक्ति तथा दीर्घायुको कामना गर्दै राष्ट्रलाई अझ बढ़ी प्रगति, समृद्धि, शान्ति तथा विश्वस्तरीय नेतृत्वतर्फ मार्गदर्शन गरिरहन शुभकामना व्यक्त गरेका छन्।

सोरेङमा डीएलआईएमसीको समीक्षा...

विषयहरूमा छलफल गरियो।

बैठकमा उत्कृष्ट कार्यसम्पादन गर्ने सहकारी संस्थाको पहिचान, म्यानुअल अडिट र प्रणाली अडिट, प्याक्स कम्प्युटरीकरण समाधान किसान क्रेडिट कार्ड (केसीसी) ऋणसम्बन्धी विषयहरूमा पनि छलफल गरियो। बहुउद्देश्यीय प्राथमिक कृषि ऋण सहकारी संस्था (एमपीसीएस) का लागि ई-केवाईसीको विषयमा पनि छलफल भयो। यस क्रममा ई-केवाईसी प्रक्रिया मोबाइल फोनमार्फत पनि गर्न सकिने जानकारी दिइयो, जसले लाभग्राहीहरूका लागि पहुँच र सहजता बढ़ाउनेछ।

तल्लो तहसम्म सहकारी तथा वित्तीय सेवाहरूको प्रभावकारी प्रवाह सुनिश्चित गर्न कार्यान्वयन र अनुगमन संयन्त्रलाई सुदृढ़ बनाउने विषयमा छलफल गर्दै बैठक सम्पन्न भयो।

बैठकमा अतिरिक्त पञ्जीकार (सहकारी विभाग) पीडी भोटिया, सोरेङका महकुमा अधिकारी साकचुम लेप्चासहित अन्यको उपस्थिति रहेको थियो।

भाजपा सिक्किम 'विकसित...

अवसर प्रदान गरेको पार्टीले प्रेस विज्ञप्तिमा जनाएको छ। प्रधानमन्त्रीको सम्बोधनपछि राज्य अध्यक्ष थापाले प्रधानमन्त्री मोदीको राष्ट्रप्रतिको समर्पण र प्रतिबद्धताको प्रशंसा गर्दै कार्यकर्ताहरूलाई विकसित भारत र विकसित सिक्किमको लक्ष्य प्राप्तिका लागि समर्पित भएर काम गर्न आह्वान गरे।

थापाले ७६ वर्षको उमेरमा पनि प्रधानमन्त्री मोदीले देखाइरहेको निरन्तर ऊर्जा र समर्पणबाट कार्यकर्ताहरूले प्रेरणा लिनुपर्ने बताए। उनले प्रधानमन्त्रीको 'हामी यो गरेर देखाउनेछौँ' भन्ने आह्वानलाई आत्मसात् गर्दै आत्मविश्वास र दृढ़ सङ्कल्पका साथ अघि बढ्न कार्यकर्ताहरूलाई आग्रह गरे।

यस अवसरमा राज्य अध्यक्षको नेतृत्वमा भाजपा सिक्किमका कार्यकर्ताहरूले विकसित भारत र विकसित सिक्किमको लक्ष्य साकार पार्न समर्पित भएर योगदान गर्ने सामूहिक शपथ पनि लिए।

कार्यक्रमपछि 'सेवा ज्योति यात्रा' आयोजना गरिएको थियो। राज्य पार्टी कार्यालयबाट शुरु भएको यात्रा सिङ्ताम पुलसम्म पुगेको थियो। यात्रामार्फत प्रधानमन्त्री मोदीको २५ वर्षे सार्वजनिक सेवाको स्मरण गर्दै सेवा र सङ्कल्पको भावना पुनः प्रतिबद्ध गरिएको पार्टीले जनाएको छ।

सुरुङ अनुगमन समितिद्वारा रेशीमा...

मरम्मतसम्भार, पुनर्स्थापना आवश्यकतासहित अन्य सुरक्षासम्बन्धी विषयमा जानकारी लिए। समितिका सदस्यहरूले एनएचपीसी, रङ्गीत चरण IV एचई परियोजनासमक्ष विभिन्न सुझाउ तथा सिफारिशहरू पनि प्रस्तुत गरे। उनीहरूले सुरक्षा व्यवस्था थप सुदृढ़ गर्ने, बाँकी कार्यहरू समयमै सम्पन्न गर्ने तथा सर्वसाधारणको सुविधा सुनिश्चित गर्ने विषयमा विशेष जोड़ दिए।

निरीक्षणका क्रममा रङ्गीत चरण IV एचई परियोजनाका डीजीएम-एचआरटी आरएम साहुले रेशी सड़क सुरुङको वर्तमान अवस्थाबारे विस्तृत पावरपोइन्ट प्रस्तुति दिए। प्रस्तुतिमा रेशीस्थित बाँध क्षेत्र नजिक एसएच-२२/एनएच५१० अन्तर्गत डाभर्सन सड़क सुरुङको अवस्था, पुनर्स्थापना तथा सुधारका लागि आवश्यक उपायसम्बन्धी सिफारिश, प्रमुख निर्माण उपकरणको आवश्यकता तथा उक्त डाभर्सन सड़क सुरुङको मरम्मत र स्तरोन्नतिका लागि अनुमानित आवश्यकताबारे जानकारी दिइएको थियो। प्रस्तुतिले सुरुङ पूर्वाधारको वर्तमान अवस्था, प्रस्तावित सुधारात्मक कार्य तथा आवश्यक प्राविधिक पक्षबारे समितिलाई समग्र जानकारी प्रदान गरेको थियो। संयुक्त स्थलगत निरीक्षणले सम्बन्धित विभाग, प्राविधिक विज्ञ, विपद् व्यवस्थापन निकाय तथा एनएचपीसीका अधिकारीहरूलाई सुरुङसँग सम्बन्धित समस्याहरूको संयुक्त रूपमा मूल्याङ्कन गर्न तथा त्यसको समाधानका लागि समन्वयात्मक उपायबारे छलफल गर्ने अवसर प्रदान गऱ्यो। अधिकारीहरूले सुरुङको दीर्घकालीन सुरक्षा तथा प्रभावकारी सञ्चालन सुनिश्चित गर्न निरन्तर अनुगमन, सुधारात्मक कार्यको समयमै कार्यान्वयन तथा निर्धारित सुरक्षा मापदण्डको कड़ाइका साथ पालना गर्नुपर्नेमा जोड़ दिए।

निरीक्षणमा खानी तथा भूगर्भ विभागका प्रधान निर्देशक पीटी भोटिया, भारतीय भूगर्भ सर्वेक्षणका निर्देशक प्रशान्त टी इलामकरसहित अन्यको उपस्थिति रहेको थियो।

सुरक्षा र तयारीको समीक्षा गर्न सिलगढ़ी पुलिस आयुक्तद्वारा पूजा मण्डल र विसर्जन घाटको निरीक्षण

सिलगढ़ी, ७ अक्टोबर: दुर्गा पूजा २०२६ लाई सुरक्षित, व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यका साथ सिलगढ़ी पुलिस कमिश्नरेटले आफ्नो सक्रियता बढ़ाएको छ। यसै क्रममा सिलगढ़ीका पुलिस आयुक्त सैयद वाकार रजाले उच्चपदस्थ पुलिस अधिकारी तथा सम्बन्धित विभिन्न विभागका प्रतिनिधिहरूसहित क्षेत्रका प्रमुख दुर्गा पूजा मण्डलहरूको स्थलगत निरीक्षण गरेका छन्। निरीक्षण टोलीमा पश्चिम बङ्गाल राज्य विद्युत् वितरण कम्पनी लिमिटेड (डब्ल्यूबीएसईडीसीएल), दमकल विभाग तथा प्रदूषण नियन्त्रण बोर्डका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। अनुगमनका क्रममा पूजा मण्डलहरूमा विद्युत् व्यवस्थापन, अग्नि सुरक्षाका उपाय, पर्यावरणीय मापदण्ड र समग्र सुरक्षा प्रबन्धको सूक्ष्म समीक्षा गरिएको छ।

यसका साथै पूजापछि मूर्ति विसर्जन प्रक्रियालाई सहज, सुरक्षित र व्यवस्थित बनाउन टोलीले लालमोहन मौलिक निरञ्जन घाटको समेत निरीक्षण गरी त्यहाँको वस्तुस्थिति र तयारीको जायजा लिएको छ। सबै श्रद्धालु तथा नगरवासीका लागि सुरक्षित र शान्तिपूर्ण वातावरणमा दुर्गा पूजा सम्पन्न गराउन सिलगढ़ी पुलिस पूर्ण रूपमा प्रतिबद्ध रहेको कुरा पुलिस प्रशासनले जनाएको छ।

फोहोर व्यवस्थापनले गति पाउने १२ वटा नयाँ वाहन सामेल

सिलगढ़ी, ७ अक्टोबर (हिस): शहरमा फोहोर सफाइ र फोहोर परिवहन प्रणालीलाई सुदृढ़ बनाउन सिलगढ़ी नगरनिगमको बेड़ामा १२ वटा नयाँ वाहनलाई सामेल गरिएको छ। बुधवार बाघाजतिन पार्कअघि आयोजित समारोहमा राज्यका पर्यटनमन्त्री शङ्कर घोषले उक्त वाहनहरूको औपचारिक उद्घाटन गरे। नगरनिगमका अधिकारीगण तथा सम्बन्धित विभागका कर्मचारीहरूको उपस्थितिमा आयोजित कार्यक्रमपछि वाहनहरूलाई सफाइ कार्यमा खटाउने प्रक्रिया शुरु गरियो। नग निगमअनुसार नयाँ वाहनहरूमा चारवटा अर्थमुभर र आठवटा डम्पर सामेल छन्, जसको प्रयोग शहरका विभिन्न वार्ड एवं महत्त्वपूर्ण क्षेत्रबाट दैनिक जम्मा हुने फोहोरलाई चाँड़ै उठाएर निर्धारित ठाउँमा पुऱ्याउनको निम्ति गरिनेछ। मन्त्री शङ्कर घोषले भने, ''शहरको स्वच्छता एवं फोहोर व्यवस्थापन प्रणालीलाई अझ प्रभावकारी बनाउन नगरपालिकाको पूर्वाधार ढाँचाको सुदृढ़ीकरण भइरहेको छ। लगभग ४.४२ करोड़ रुपियाँको लागतमा खरिद गरिएका यी १२ वटा वाहन जोड़िनाले नगरनिगमको फोहोर सङ्कलन र यातायात क्षमता बढ्नेछ। नयाँ वाहनहरूको आगमनले फोहोर सङ्कलन र यातायातको कामले गति पाउने अपेक्षा गरिएको छ।''

राष्ट्रपति द्रौपदी मुर्मूले अटल सुरुङको भ्रमण गरिन्

कुल्लू, ७ अक्टोबर (हिस): राष्ट्रपति द्रौपदी मुर्मूले बुधवार हिमाचल प्रदेशको रोहताङ स्थित रणनीतिक दृष्टिले महत्त्वपूर्ण अटल सुरुङको भ्रमण गरिन्। यस क्रममा उनले सुरुङ निर्माणमा सीमा सड़क सङ्गठन (बीआरओ) को योगदानको प्रशंसा गरिन्। राष्ट्रपतिले सीमा सड़क संगठनको समर्पण र कड़ा मेहनतबाट निर्मित अटल सुरुङ विश्वव्यापी मापदण्डमा खरो उत्रने इन्जिनियरिङको उत्कृष्ट उदाहरण भएको बताइन्। उनले यो प्रतिष्ठित पूर्वाधार परियोजना देशका सबैभन्दा चुनौतीपूर्ण भौगोलिक क्षेत्रमा पनि निर्बाध सम्पर्क सुनिश्चित गर्ने भारतको प्राविधिक क्षमता, दृढ़ सङ्कल्प र प्रतिबद्धताको प्रमाण भएको बताइन्। अटल सुरुङ रणनीतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको छ र यसको निर्माणपछि मनाली वर्षभरि लाहौल-स्पीति उपत्यकासँग जोड़िएको छ। ९.०२ किलोमिटर लामो यस सुरुङको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले साल २०२० मा गरेका थिए। राष्ट्रपतिको भ्रमणका क्रममा मनाली विधानसभा क्षेत्रका विधायक भुवनेश्वर गौड र लाहौल-स्पीतिकी विधायक अनुराधा राणा पनि विशेष रूपमा उपस्थित थिए।

सांसद सुब्बाद्वारा रिम्बी पैह्रो...

केन्द्रको निरीक्षण गऱ्यो, जहाँ जिल्ला प्रमुखले अधिकारीहरूलाई उक्त केन्द्रको निर्माण कार्य र त्यहाँ प्रस्तावित सुविधाबारेमा जानकारी गराए।

टोलीले प्रभावित आबादीको स्थायी बसोबासको विषयमा विशेष ध्यानकेन्द्रित गऱ्यो। यस क्रममा प्रभावित जमिनको क्षेत्रफल, पुनर्स्थापना आवश्यक पर्ने परिवारको सङ्ख्या र उपयुक्त जग्गाको पहिचानलगायतका विषयमा छलफल भयो साथै प्रस्तावित क्षेत्रहरूको सुरक्षा र उपयुक्तताको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्ने आवश्यकतामाथि पनि विस्तृत रूपमा छलफल गरियो।

पुनर्स्थापनासम्बन्धी प्रयासहरूलाई अघि बढ़ाउन सम्बन्धित निकायहरूबीच निरन्तर समन्वय र स्थानीय समुदायको सहयोग हुनुपर्ने विषयमा जोड़ दिँदै उक्त भ्रमण सम्पन्न भयो।

गोजमुमोद्वारा भव्य रूपमा स्थापना...

''गोर्खाहरूको मुद्दा अनि आकाङ्क्षाहरूलाई लिएर विगतमा भएका शान्तिपूर्ण आन्दोलनहरूमाथि तत्कालीन विभिन्न सरकारद्वारा गरिएका हिंसा र दमनकारी नीतिहरूको स्मरण गर्दै मैले गोर्खा समाजलाई विभाजित गर्ने अनेकन् प्रयास गरिएको भए तापनि आज हामी अझ एकताबद्ध अनि दृढ़ भएर उभिएका छौँ। हाम्रो एकता नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो। त्यसैले म सम्पूर्ण गोर्खा समुदायलाई आपसी एकताका साथ अघि बढ्न आह्वान गर्दछु।''

उनले प्रधानमन्त्री नरेन्द्र मोदी तथा मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा गोर्खा जनताले न्याय, सम्मान र संविधानसम्मत संरक्षण अवश्य प्राप्त गर्ने विश्वास व्यक्त गरे। उनले दार्जीलिङ पहाड़, तराई र डुवर्सको समग्र विकासका लागि सबै मिलेर अघि बढ्नुपर्ने बताए।

आजको कार्यक्रममा अन्य नेताहरूका साथै भाजपाका प्रतिनिधिहरूका रूपमा दार्जीलिङका सांसद राजु विष्ट र राज्यमन्त्री विशाल लामा पनि उपस्थित रहेका थिए।

१५ अक्टोबरमा दोस्रो राज्यस्तरीय...

सत्रका कार्यविधि, प्रक्रिया र संसदीय बहसबारे गहन रूपमा बुझाउन हेतु विधानसभाका प्रतिनिधिहरूले विधानसभामै ८ देखि १४ अक्टोबरसम्म उनीहरूको निम्ति ग्रुमिङ सत्र आयोजना गर्नेछन्।

बुधवार आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका विधायक तथा विद्यार्थी प्रकोष्ठका उपाध्यक्ष प्रभारी आदित्य गोलेले भने, ''एसकेएम सरकारले विद्यार्थीहरूको उत्थानका लागि विभिन्न कार्यक्रम र योजना ल्याएको छ। दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्रका लागि विभिन्न सरकारी तथा निजी कलेज (डिग्री, चिकित्सा, अभियान्त्रिकी, नर्सिङ र बीएड कलेजहरू समावेश थिए)-बाट विद्यार्थीहरू छनोट गरिएको छ। प्रत्येक कलेजबाट दुईजना गरी २९ जनाभन्दा बढ़ी विद्यार्थी छनोट भएका छन्। सिक्किम विधानसभाले ८ देखि १४ अक्टोबरसम्म छनोट भएका विद्यार्थीहरूका लागि अभिमुखीकरण तथा तयारी सत्र आयोजना गर्नेछ, जसमा उनीहरूलाई कानुनी प्रक्रिया, विधेयक पेश गर्ने विधि र संसदीय बहससम्बन्धी प्रशिक्षण दिइनेछ।'' विधायक गोलेले यस वर्षको विषयवस्तु सिक्किम@२०४७: युवाको आवाज रहेको अवगत गराए। उनले यस सभामा राखिएका विचार तथा सुझाउहरू सरकार, विधानसभा सचिवालय, आईटीएस समितिमा प्रस्तुत गरी दस्तावेजको रूपमा अभिलेखीकरण गरिने पनि बताए। दस्तावेजका रूपमा अभिलेखीकरण तथा मुख्य परिणामहरू पछि आईटीएस समिति, सिक्किम विधानसभा सचिवालय र राज्य सरकारसमक्ष पेश गरिने पनि जनाए।

''१५ अक्टोबरमा यो कार्यक्रम आयोजना गर्नु विशेष महत्त्व पनि छ। त्यस दिन विश्व विद्यार्थी दिवस र डा. एपीजे अब्दुल कलामको जन्मजयन्ती दुवै पर्दछन्''-विधायक गोलेले भने।

विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनाम छोपेल शेर्पाले कार्यक्रमको व्यवस्थापनमाथि विस्तृत विवरण दिए। उनले भने, ''यस सत्रको मनोनयन प्रक्रिया ६ अक्टोबरमा औपचारिक रूपमा सम्पन्न भइसकेको छ र यसमा प्रत्येक सहभागी शिक्षण संस्थाबाट दुई-दुईजना विद्यार्थी प्रतिनिधि छनोट गरिएको छ। हालसम्म विभिन्न जिल्लाबाट कुल २९ जना सहभागीको सहभागिता निश्चित भइसकेको छ। केही कलेजबाट जानकारी आइसकेको छैन।'' उनले मुख्य सभाको बैठक १५ अक्टोबरमा गान्तोकस्थित चिन्तन भवनमा आयोजना हुने जानकारी दिए, जहाँ सहभागीहरूले सभाको विधिवत् प्रक्रिया पालना गर्दै व्यवस्थित विधायी बहसहरूमा भाग लिनेछन्।

नोभेम्बरमा तीनदिने 'पैयुँ टुर २०२६' आयोजना हुने

गान्तोक, ७ अक्टोबर (हिस): पर्यटनमार्फत समुदायलाई जोड्ने उद्देश्यसहित आयोजना हुन लागेको 'पैयुँ टुर २०२६' का लागि 'डिस्कभर तिमी' टोलीले बुधवार तिमी–नाम्फिङ निर्वाचन क्षेत्रका विधायक बेदु सिंह पन्तसँग भेट गरी कार्यक्रमसम्बन्धी जानकारी साझा गर्दै आयोजनाको मिति सार्वजनिक गरेको छ।

भेटको क्रममा टोलीले अरुणाचल प्रदेशको ३९औँ मेबो निर्वाचन क्षेत्र र सिक्किमको तिमी नाम्फिङ निर्वाचन क्षेत्रबीच समुदायमा आधारित पर्यटन, सांस्कृतिक आदान–प्रदान तथा दिगो पर्यटन प्रवर्द्धनका लागि भएको समझदारीपत्रबारे जानकारी दिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

जानकारीअनुसार, पैयुँ टुर २०२६ आगामी २१, २२ र २३ नोभेम्बरमा आयोजना हुनेछ।

कार्यक्रममा अरुणाचल प्रदेश, भूटान, नेपाल तथा भारतका विभिन्न क्षेत्रबाट अतिथि र २० भन्दा बढ़ी स्वयं सहायता समूहका नेतृत्वहरू सहभागी हुनेछन्।

टुरअन्तर्गत परम्परागत पर्यटकीय गन्तव्यसँगै गाउँ, सम्पदा स्थल, कृषि क्षेत्र, सांस्कृतिक स्थान तथा पर्यटनको परम्परागत नक्सामा अझै नसमेटिएका लुकेका गन्तव्यहरूको भ्रमण गराइनेछ। समुदायको सहभागितामा जिम्मेवार र स्थानीय पर्यटन प्रवर्द्धन गर्दै यी गन्तव्यलाई पर्यटनको नक्सामा ल्याउने उद्देश्य रहेको टोलीले जनाएको छ।

विधायक बेदु सिंह पन्तले 'सुनौलो, समर्थ र समृद्ध सिक्किम'–को दृष्टिकोणलाई अघि बढ़ाउँदै निर्वाचन क्षेत्रमा समुदायमा आधारित पर्यटन प्रवर्द्धन गर्न गरेको प्रयासका लागि 'डिस्कभर तिमी' टोलीलाई बधाई तथा शुभकामना दिएका छन्।

सिक्किममा पहिलोपटक जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप आयोजना हुँदै

गान्तोक, ७ अक्टोबर (हिस): ४९औँ योनेक्स–सनराइज जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप २०२६ आगामी १४ देखि २१ नोभेम्बरसम्म गान्तोकस्थित पाल्जर स्टेडियमको इण्डोर हलमा आयोजना हुने भएको छ। सिक्किममा पहिलोपटक आयोजना हुन लागेको यस प्रतियोगितालाई सिक्किम सरकारले राज्यस्तरीय कार्यक्रमका रूपमा घोषणा गरेको छ।

ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमले प्रतियोगितालाई राज्यस्तरीय कार्यक्रमका रूपमा मान्यता दिएकोमा मुख्यमन्त्री पीएस गोले, खेलकुद तथा युवा मामिला विभाग, ब्याडमिन्टन एसोसिएसन अफ् इण्डिया तथा योनेक्स–सनराइज इण्डियाप्रति आभार व्यक्त गरेको छ।

एसोसिएशनले प्रतियोगितालाई व्यापक रूपमा प्रचार–प्रसार सञ्चारमाध्यमलाई आग्रह गरेको छ। सिक्किममा पहिलोपटक जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप आयोजना हुन लागेको र यसलाई राज्यस्तरीय कार्यक्रमका रूपमा मनाइने भएकाले सञ्चारमाध्यमको सक्रिय सहयोगले ब्याडमिन्टनप्रति जनचेतना बढ़ाउन तथा राज्यका युवालाई खेलकुदतर्फ प्रेरित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने एसोसिएसनले जनाएको छ।

प्रतियोगितामार्फत सिक्किमको खेलकुद क्षमता राष्ट्रियस्तरमा प्रस्तुत गर्दै यस ऐतिहासिक आयोजनालाई सफल बनाउन सबै पक्षलाई सहकार्य गर्न अपील गरिएको छ।

सिक्किम सूचना आयोगद्वारा आरटीआई सप्ताह २०२६ पालन

गान्तोक, ७ अक्टोबर (आईपीआर): सिक्किम सूचना आयोगले बुधवार चिन्तन भवनमा 'पारदर्शिता नै जवाफदेहिताको आधार हो' भन्ने नाराका साथ सूचनाको अधिकार अधिनियम (आरटीआई) सप्ताह २०२६ पालन गरेको छ।

सूचनाको अधिकार अधिनियम (आरटीआई), २००५ बारे जनचेतना अभिवृद्धि गर्न तथा सुशासनमा पारदर्शिता, जवाफदेहिता र सुसूचित नागरिक सहभागिताको महत्त्वलाई उजागर गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा कार्मिक विभागकी सचिव नोर्जिङ छिरिङ शेङ्गा विशेष अतिथिका रूपमा उपस्थित रहेकी थिइन्। सिक्किम सूचना आयोगकी सचिव ज्योत्स्ना एम कार्थकले आरटीआई सप्ताहको अवसरमा आयोगद्वारा आयोजित विभिन्न कार्यक्रम तथा जनचेतनामूलक गतिविधिबारे उपस्थितहरूलाई जानकारी गराइन्। उनले आरटीआई ऐनबारे व्यापक चेतना जगाउनुका साथै सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न नागरिक, विशेषगरी विद्यार्थी र युवाहरूलाई उनीहरूको भूमिकाबारे बुझ्न प्रोत्साहित गर्नुको महत्त्वमाथि प्रकाश पारिन्।

कार्यक्रमलाई सम्बोधन गर्दै सिक्किम सूचना आयोगका मुख्य सूचना आयुक्त कुबेर भण्डारीले आरटीआई सप्ताह मनाउनाले सूचनाको अधिकार अधिनियम (आरटीआई), २००५ माथि समीक्षा गर्ने तथा दैनिक प्रशासनमा यसका प्रावधानहरू कति प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन् भनी मूल्याङ्कन गर्ने अवसर प्रदान गरेको बताए।

उनले सूचनाको हक एक प्रक्रियागत कानून मात्र नभएर पारदर्शिता, जवाफदेहिता र सुसूचित नागरिक समाजको प्रवर्द्धनका साथै शासन व्यवस्थामा नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने एक महत्त्वपूर्ण माध्यम भएको बताए।

भण्डारीले तल्लो तहसम्म आरटीआई ऐनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न राज्य सार्वजनिक सूचना अधिकारी (एसपीआईओ) र प्रथम पुनरावेदन अधिकारी (एफएए)–को महत्त्वपूर्ण भूमिका रहेको विषयमा जोड़ दिए।

आरटीआई ऐन, २००५ को दफा ४ को सन्दर्भ उल्लेख गर्दै उनले सार्वजनिक निकायहरूको कार्यप्रणाली र अन्य तोकिएका विवरणहरूसम्बन्धी जानकारी सक्रिय रूपमा सार्वजनिक गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी रहेको बताए।

उनले आरटीआई ऐन अन्तर्गतका पुनरावेदनहरूको उचित जाँचबुझ र सम्बोधन सुनिश्चित गर्न प्रथम पुनरावेदन अधिकारीहरूको महत्त्वपूर्ण जिम्मेवारी रहेको बताए। उनले तोकिएको कार्यविधिभित्र रहेर सुनवाइ प्रक्रिया अघि बढ़ाउन सम्बन्धित निकायहरूलाई आग्रह गरे। उनले प्रभावकारी विभागीय पुनरावेदन संयन्त्रले विभागकै तहमा गुनासा समाधान गर्न र आयोगसमक्ष पर्ने दोस्रो पुनरावेदनको भार कम गर्न मद्दत पुऱ्याउने कुरा औँल्याए।

भण्डारीले सूचनाको हक (आरटीआई) सम्बन्धी संयन्त्रलाई थप पहुँचयोग्य बनाउन प्रविधिले निर्वाह गर्ने भूमिकामाथि पनि प्रकाश पारे। उनले भौतिक उपस्थितिसहित भिडियो कन्फ्रेन्सिङको प्रयोगले पहुँच बढ़ाएको र लामो दूरीको यात्रा गर्नुपर्ने बाध्यतामा रहेका नागरिकहरूले भोग्ने कठिनाइहरू कम गरेको बताए। उनले समावेशी तथा पहुँचयोग्य सुशासन प्रवर्द्धन गर्न प्रविधि एक महत्त्वपूर्ण साधन बन्न सक्ने कुरा राखे।

उनले नागरिकहरूलाई सही र अद्यावधिक जानकारी उपलब्ध गराउन आ–आफ्ना अनलाइन प्लेटफर्म, वेबसाइट र ड्यासबोर्डहरू नियमित रूपमा अद्यावधिक गर्न विभागहरूलाई आग्रह गरे।

आयोगका पहुँच विस्तारसम्बन्धी पहलहरूको चर्चा गर्दै कुबेर भण्डारीले विद्यार्थीहरूमाझ सूचनाको हक ऐनबारे चेतना जगाउन आयोगले विद्यालय र कलेजहरूसम्म पहुँच पुऱ्याइरहेको बताए। उनले चेतना अभिवृद्धिमा शिक्षक र विद्यार्थीहरूको प्रयासको प्रशंसा गरे र यस्ता पहलहरूले युवा पुस्तालाई लोकतन्त्रमा पारदर्शिता, जवाफदेहिता र सुसूचित सहभागिताको महत्त्व बुझ्न सहयोग पुऱ्याउने बताए।

उनले अन्तमा भण्डारीले शिक्षक र विद्यार्थीहरूलाई उनीहरूको प्रयासका लागि बधाई दिए र सुशासनका लागि पारदर्शिता आधारभूत कुरा भएको बताए। उनले सूचनाको हकलाई बोझको रूपमा नभएर जवाफदेहिताको साधनको रूपमा हेर्नुपर्ने कुरामा जोड़ दिँदै सूचनाले नागरिकलाई सशक्त बनाउने र पारदर्शिताले लोकतन्त्रलाई बलियो बनाउने बताए।

यसअघि, सिक्किम सूचना आयोगका अधिकारीहरूले सूचनाको अधिकार अधिनियम २००५ बारे चेतना जगाउन संक्षिप्त प्रस्तुति दिए।

वाकपटुता प्रतियोगितामा मोडर्न उच्चतर माध्यमिक विद्यालयकी ओतीहाङमा सुब्बाले पहिलो स्थान हासिल गरिन्। त्यसैगरी, बुर्तुक माध्यमिक विद्यालयकी श्रिया दास र आरिथाङ माध्यमिक विद्यालयकी नैना राईले तेस्रो स्थान हासिल गरे।

अन्तरविद्यालय नाटक प्रतियोगितामा टाशी नामग्याल उच्चतर माध्यमिक विद्यालयले पहिलो स्थान हासिल गऱ्यो। त्यसैगरी देवराली कन्या उच्चतर माध्यमिक विद्यालय र बोझोघारी उच्चतर माध्यमिक विद्यालयले दोस्रो र तेस्रो स्थान हासिल गरे। रिल्स प्रतियोगितामा देयथाङ माध्यमिक विद्यालयले पहिलो स्थान हासिल गऱ्यो। लोअर स्यारी माध्यमिक विद्यालयले दोस्रो स्थान र नाण्डोक माध्यमिक विद्यालयले तेस्रो स्थान हासिल गरे।

भाजपाले शुरु गऱ्यो सेवा ज्योति यात्रा

सिलगढ़ी, ७ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीको २५ वर्षको जनसेवा एवं देशवासीप्रति उनको योगदानको सन्देश आम जनतासम्म पुऱ्याउने उद्देश्यले सिलगढ़ीमा भाजपाले 'सेवा ज्योति यात्रा' शुरु गरेको छ। बुधवार राज्यका पर्यटनमन्त्री शङ्कर घोषले बाघाजतिन पार्कबाट यात्रालाई झण्डा देखाएर प्रस्थान गराए। यस अवसरमा ठूलो सङ्ख्यामा भाजपाका नेता र कार्यकर्ताहरू उपस्थित थिए। यसअवधि रवीन्द्र मञ्चमा विभिन्न कार्यक्रम पनि आयोजना गरिएको थियो। पर्यटनमन्त्री शङ्कर घोषले भने, ''प्रधानमन्त्री नरेन्द्र मोदीको २५ वर्षको सार्वजनिक सेवा र जनकल्याणमा उनको योगदानको जानकारी अधिकभन्दा अधिक मानिसहरूसम्म पुऱ्याउनु नै यस भ्रमणको मुख्य उद्देश्य हो। सेवा ज्योति यात्रा सिलगढ़ी शहरका विभिन्न सड़क एवं प्रमुख स्थलहरू भएर गुज्रियो।

पाकिममा रिनाक विधानसभा क्षेत्रका लागि १६८ वटा पुनरावेदनमाथि सुनवाइ

पाकिम, ७ अक्टोबर (आईपीआर): पाकिम जिल्लाकी चुनाउ अधिकारी तथा जिल्लापाल परी बिश्नोईले बुधवार पाकिम जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा रिनाक विधानसभा क्षेत्रसँग सम्बन्धित १६८ वटा पुनरावेदनमाथि सुनवाइ गरेकी छन्।

निर्वाचक नामावली २०२६ को विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत जिल्ला चुनाउ अधिकारी (डीआओ)–को तहमा पर्ने पुनरावेदनका श्रेणीहरूमा मतदाताहरूसँग सम्बन्धित यी सुनवाइ सञ्चालन गरिएका हुन्।

सुनवाइको क्रममा रिनाक विधानसभा क्षेत्रका निर्वाचन पञ्जीकरण अधिकारी (ईआरओ) तथा अतिरिक्त जिल्लापाल (मुख्यालय) सवीन्द्र राई र जिल्ला चुनाउ कार्यालयका अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

लिङ्मोको एचडब्ल्यूसीमा स्तनपान कक्षको उद्घाटन

नाम्ची, ७ अक्टोबर: नाम्ची जिल्लाको लिङ्मोस्थित स्वास्थ्य तथा कल्याण केन्द्र (एचडब्ल्यूसी)–मा मङ्गलवार विधानसभा उपाध्यक्ष तथा क्षेत्र विधायक राजकुमारी थापाले स्तनपान कक्षको उद्घाटन गरेकी छन्।

स्वास्थ्य केन्द्रमा आउने आमाहरूलाई आफ्ना शिशुहरूलाई स्तनपान गराउन सुरक्षित, एकान्त र आरामदायी स्थान उपलब्ध गराउने उद्देश्यले उपाध्यक्ष थापाको पहलमा यो स्तनपान कक्ष स्थापना गरिएको हो। यस पहलको लक्ष्य स्तनपानलाई प्रवर्द्धन गर्नुका साथै तल्लो तहमा आमा र शिशुमैत्री वातावरण सिर्जना गर्नु हो।

उद्घाटन कार्यक्रममा जिल्ला पञ्चायत सदस्य केडी काफ्ले, पञ्चायत अध्यक्ष विष्णु निरौला, नाम्ची जिल्ला नारी शाखाकी उपसंयोजक प्रमिला तामाङ, डा. क्रिस्टिना लेप्चा, सीएलसीका महासचिव गोपाल तिम्सिनासहित अन्यको उपस्थिति रहेको थियो।

स्तनपान कक्षको स्थापनामा समुदायका विभिन्न वर्गका मानिसहरूबाट सहयोग र समर्थन प्राप्त भयो। निर्वाचित प्रतिनिधि, पञ्चायत सदस्य, पार्टीका पदाधिकारी तथा कार्यकर्ता, नारी र युवा शाखाका सदस्य, स्वास्थ्यकर्मी तथा स्थानीय बासिन्दाहरूले यस पहलमा सहयोग पुऱ्याए।

यस सुविधाले आमाहरूलाई स्वास्थ्य सेवा लिने क्रममा आफ्ना शिशुहरूलाई बढ़ी गोपनीयता र आरामका साथ स्तनपान गराउन सक्ने विशेष स्थान प्रदान गर्दछ। यसले स्थानीय स्तरमा आमा र बालकबालिकाका आवश्यकता पूरा गर्ने आधारभूत सुविधाहरू उपलब्ध गराउनुको महत्त्वलाई पनि झल्काउँछ।

कार्यक्रममा स्तनपान गराउने आमाहरूलाई सहयोग गर्ने र स्वास्थ्य केन्द्रहरूमा आमा तथा शिशुमैत्री सुविधाहरूलाई सुदृढ़ बनाउने महत्त्वमाथि प्रकाश पारियो साथै आमा र शिशु दुवैको स्वास्थ्य तथा कल्याणका लागि स्तनपानको महत्त्वबारे व्यापक जनचेतना जगाउने उद्देश्य पनि यस कार्यक्रमले राखेको थियो।

उपाध्यक्ष तथा क्षेत्र विधायक थापाले ब्रेस्ट फिडिङ कर्नर (स्तनपान कक्ष) स्थापना गर्न सहयोग, सहकार्य र सामूहिक प्रयास गर्ने एचडब्ल्यूसीका कर्मचारी तथा स्थानीय बासिन्दाहरूप्रति कृतज्ञता व्यक्त गरे। उनले यस पहललाई सफल बनाउन आफ्नो समय, स्रोत र सहयोग प्रदान गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरे। एचडब्ल्यूसी लिङ्मोमा ब्रेस्टफिडिङ कर्नरको उद्घाटन स्तनपान गराउने आमाहरूको सहजता र मर्यादामा सुधार ल्याउने तथा स्वास्थ्य सेवाहरूलाई उनीहरूको आवश्यकताप्रति अझ बढ़ी उत्तरदायी बनाउने दिशामा चालिएको समुदाय–समर्थित कदम हो।

सोनादा डिग्री कलेजकी नवनियुक्त सभापति डा. उर्वशी प्रधानलाई जनाइयो स्वागत

सोनादा, ७ अक्टोबर (हिस): सोनादा डिग्री कलेजको सञ्चालन समितिकी नवनियुक्त सभापति डा. उर्वशी प्रधानलाई कलेजको प्रेक्षागृहमा मङ्गलवार ६ अक्टोबरको दिन आयोजित कार्यक्रममा स्वागत गरियो। प्राचार्य डा. योगेश खाती, शिक्षण तथा अशिक्षण कर्मचारी र विद्यार्थीहरूले उनलाई पुष्पगुच्छ र माल्यार्पण गरी स्वागत जनाए।

कार्यक्रममा डा. प्रधानको परिचय प्रस्तुत गर्दै प्राचार्य डा. खातीले उनको शैक्षिक, अनुसन्धान र सामाजिक विकासका क्षेत्रमा रहेको योगदानबारे जानकारी दिए। डा. प्रधानले अशोका ट्रस्ट फर रिसर्च इन इकोलोजी एन्ड द इन्भाइरोन्मेन्ट (एट्री) बाट विज्ञानमा विद्यावारिधि र पारिस्थितिकी तथा पर्यावरण जीवविज्ञानमा विशेषज्ञतासहित प्राणीशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेकी छन्। उनले नेशनल सेन्टर फर बायोलोजिकल साइन्सेस, टाटा इन्स्टिट्युट अफ् फण्डामेन्टल रिसर्चमा विद्यावारिधिपछिको अनुसन्धानसमेत गरेकी छन्।

डा. खातीले दार्जीलिङ र सिक्किममा वन, स्थानीय सामाजिक, प्राकृतिक स्रोत व्यवस्थापन तथा ग्रामीण जीविकोपार्जनका क्षेत्रमा डा. प्रधानको लामो अनुभव रहेको बताए। एट्री, डब्ल्यूडब्ल्यूएफ–इण्डिया, नाबार्डलगायत विभिन्न संस्थासँग आबद्ध भएर काम गरेकी डा. प्रधानले अमेरिकाको कोलोराडो स्टेट युनिभर्सिटीमा अतिथि अनुसन्धानकर्ताका रूपमा पनि काम गरेकी छन्। उनको अनुभव र नेतृत्वबाट कलेजको शैक्षिक विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास प्राचार्य खातीले व्यक्त गरे।

आफ्नो सम्बोधनमा नवनियुक्त सभापति डा. उर्वशी प्रधानले सोनादा डिग्री कलेजको सभापतिको जिम्मेवारी पाएकोमा खुशी व्यक्त गरिन्। कलेजको गौरव र गरिमा अझ बढ़ाउन सबैले समर्पित भएर काम गर्नुपर्ने बताउँदै उनले एकार्काको साथ र सहयोगबाट मात्र संस्थाको उत्तरोत्तर प्रगति सम्भव हुने धारणा राखिन्।

यस अवसरमा डा. प्रधानका बाहुलीबाट बितेका केही दिनदेखि निरन्तर रूपमा सम्पन्न भइरहेको सेवा सङ्कल्प कार्यक्रममा सहभागी हुने कलेजका विद्यार्थीहरूलाई पुरस्कार र प्रमाण–पत्रहरू पनि प्रदान गरिएको कलेजका उप–प्राध्यापक मेघनाथ छेत्रीले जानकारी गराएका छन्।

हिमाली किताब उत्सवमा लेखक-पाठकहरूको महाकुम्भ हुँदै

सिलगढ़ी, ७ अक्टोबर: के खोजिरहेका छन् त आजका पाठकले? लेखकहरूको प्रमुख चुनौति के हो त? नेपाली पुस्तक प्रकाशन गर्ने प्रकाशकहरूको समस्या के हो त? यी तमाम प्रश्नहरूको जवाफ खोज्न शुरु भएको हिमाली किताब उत्सवको माध्यमबाट शुक्रवारदेखि सिलगढ़ीमा लेखक र पाठकहरूको महाकुम्भ आरम्भ हुने भएको छ। हिमाली पब्लिसर्स एण्ड बुकसेलर्स गिल्डको ब्यानरमा हाम्रो किताब घर र सेलेमेण्डर इम्प्रिण्टको विशेष पहलमा शुरु हुने उक्त उत्सवमा सिक्किम, दार्जीलिङ, कालेबुङ, असम र नेपालका लेखक–कविहरूको पनि भेट हुने भएको छ।

शुक्रवार र शनिवार दुई दिनव्यापी रूपमा हुने उक्त उत्सवको अन्तिम तयारीमा जुटिरहेका आयोजकले जनाएअनुसार उत्सवबीच बहस, कविता वाचन, गजल गायनदेखि लिएर नाटक प्रदर्शनी पनि हुने भएको छ। उत्सवको आकर्षणको रूपमा नेपाली किताबहरूको प्रदर्शन मुख्य रूपले राखिने भएको छ। कथालय, एकता बुक्स हाउस, द बुक्स, चरित्र प्रकाशन, लालिमा परिवार, बुक–आण्ट, हाम्रो किताब घर, मध्यमार्ग, ज्ञानकला, लालीगुराँसलगायतले उत्सवबीच किताब प्रदर्शनसँगै बिक्री वितरण गर्नेछन्।

''साहित्यसँग लगाव राख्नेहरूको निम्ति यो दशौँअघिको अर्को दशौँ हो। यसचोटिको दशौँ हामी किताबसँग शुरु गर्न चाहन्छौँ, पढ्ने माहोल फस्टाइरहेको बेला लेखक, पाठक र प्रकाशकबीचको दूरी घटाउनु नै विशेष रूपमा उत्सवको आयोजना गरिएको हो''–आयोजक पक्षबाट संयोजक छेवाङ योञ्जनले भने, ''हामी प्रकाशक–लेखकहरूले आ–आफ्नो ठाउँबाट काम गरिरहेका हुन्छन्। अनलाइनको माध्यमबाट पनि हामी देशभरिका पाठकहरूसँग जोड़िरहेका हुन्छौँ। तर, वर्षमा एकचोटि उत्सवको आयोजना हुनसके पाठकहरूसँग साक्षात् भेट गर्ने अवसर पनि हामीले पाउने रहेछौँ। यसबाहेक पाठकहरूले लेखकहरूसँग साक्षात्कार गर्ने अवसर पनि जुरोस् भन्ने हाम्रो उद्देश्य हो। आम पाठकलाई सहज रूपमा किताब उपलब्ध गराउने, केही छुटसहित किताब उपलब्ध गराउने पनि हाम्रो कोशिश हो यो। प्रकाशकहरूलाई पनि सामूहिक रूपमा अघि आउनको निम्ति यो उत्सवले सहयोग गर्ने कुरामा हामी विश्वस्त छौँ। उत्सवलाई हामी वार्षिक उत्सवको रूपमा अघि लैजान चाहन्छौँ।''

राष्ट्रिय स्तरका कर्पोरेट प्रकाशन गृहहरूको दबदबाबीच क्षेत्रीय प्रकाशन गृहहरूले सामूहिक रूपमा साझा काम गर्न नसके चुनौती अझ बढ्ने भएकोले नै उत्सवमार्फत् सबैलाई जोड्न चाहेको भन्दै संयोजक राजा पुनियानीले भने, ''हामीले किताब प्रकाशन गर्दै पठन संस्कृतिको पनि विकास गर्दै लैजानु पर्ने अवस्था छ। यसैले क्षेत्रीय प्रकाशन गृहहरूले आपसी सुझबुझ राख्दै सामूहिक रूपमा काम गर्नै पर्छ। उत्सवले समाजकै विचारलाई बलियो बनाएर लैजाँदै नयाँ पाठकहरूलाई पनि जोड्ने कुरामा हामी ढुक्क छौँ।''

उत्सवको आकर्षणको रूपमा 'किताब र समय'–माथि मेघनाथ दाहाल, इरफान ए आजम, डा. वासुदेव पुलामी र प्रवीण खालिङले बहस गर्नेछन्। 'प्रकाशनको घामछाँया'–माथि छितेन ओङ्दी पान्लुक, राजा पुनियानी, सन्दीप सी जैनसँग छेवाङ योञ्जनले बहस गर्नेछन्। यसबाहेक 'अनुभवमा अनुवाद'–माथि डा. सत्यदीप एस छेत्री, छुदेन काविमो, विश्व योञ्जनसँग विनोद प्रधानले बहस गर्नेछन् भने 'पठन र समाज'–बारे सुभद्रा बम्जन, अर्का दत्ता गुप्ता अजित वियोगीसँग मनिषा भण्डारीले बहस गर्नेछिन्। नेपालका सर्जकहरूलाई लिएर 'मेचिवारि मेची पारि'–माथि प्रकाश थाम्सुहाङ, चन्द्र गुरुङ र पर्वत पोर्तेलसँग प्रवेश हाङ्खिमले बहस गर्नेछन्। उत्सवबीच नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं निबन्धकार दीपक सापकोटा, कवि ज्ञानेन्द्र खतिवड़ा, अधिवक्ता–चिन्तक अत्री शर्मा, सम्पादक शिबु छेत्री, कवि डाक्टर खिलानाथ शर्मा र पत्रकार राहुल सम्भवी सिन्हाले आफ्नो समकालीन उपयोगी विषयहरूमाथि विचार राख्नेछन्। उत्सवबीच कविता वाचन र गजल वाचन विशेष आकर्षणको केन्द्र रहनेछ।

सिलगढ़ीको गुरुङ बस्तीस्थित भानुभक्त समितिको भवनमा आयोजित हुने भएको हिमाली किताब उत्सवमा सहभागी हुन आयोजक हिमाली पब्लिसर्स एण्ड बुकसेलर्स गिल्डले यस प्रेस विज्ञप्तिमार्फत् सबै किताबप्रेमी एवं साहित्यप्रेमीहरूलाई हार्दिक आमन्त्रण जनाएको छ।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँडागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386